गल्याङ नगर कार्यपालिकाको कार्यालय

# गल्याङ नगरपालिका

गल्याङ, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

# आवधिक विकास योजना

(आ.व.०७७/७८- ८०/८१)










**पेश गर्ने :**

**स्ट्रेन्थ ईन्जिनियरिङ्ग कम्पनी प्रा.लि.**

पुरानो बानेश्वर, काठमाण्डौ

०१४४८८७६१, ९८५११२२९३१

strength_engineering@yahoo.com

**असार, २०७८**

## आभार

गल्याङ नगरपालिकाको आवधिक विकास योजना तर्जुमा गर्ने गहन जिम्मेवारी पूर्ण कार्य प्रदान गर्नु भएकोमा गल्याङ नगरपालिका कार्यलय, गल्याङ, स्याङ्जालाई आवधिक योजना कार्यदल हार्दिक आभार प्रकट गर्दछ ।

यस आवधिक विकास योजना तर्जुमाको सिलसिलामा आफ्ना अमुल्य समय दिई सम्पूर्ण भेलाहरुमा, वडा नगर भेलाहरुमा उपस्थित भई दिनु हुने सम्पूर्ण स्थानियवासीहरु प्रति यस आवधिक योजना कार्यदल सम्पूर्ण गुनासो, राय, सुझाव तथा प्रतिकृयाहरुको हार्दिकता साथ स्वागत गर्दछौ ।

अन्त्यमा यस आवधिक योजना तर्जुमाको सिलसिलामा आवश्यक तथ्याङ्क प्रदान गरी सहयोग गरिदिनु हुने सम्पूर्ण कार्यालय, कर्मचारी लगायतका सम्पूर्ण महानुभावप्रति हार्दिक आभार प्रकट गर्दछौ ।

गल्याङ नगरपालिका
आवधिक योजना तर्जुमा कार्यदल
स्ट्रेन्थ ईन्जिनियरिङ्ग कम्पनी प्रा.लि.
पुरानो बानेश्वर, काठमाण्डौ, नेपाल

## विषयसूची

आभार........................................................................................................ii
परिच्छेद १ : आवधिक विकास योजनाको परिचय........................................................... १
१.१ पृष्ठभुमि............................................................................................. १
१.२ आवधिक योजनाको परिचय .......................................................................... १
१.३ आवधिक नगर विकास योजना तर्जुमाको उद्देश्य .................................................. २
१.४ अध्ययन सीमा.......................................................................................... ३
१.५ कार्य परिधि............................................................................................ ३
१.६ योजना तर्जुमा अपनाइएका विधि ..................................................................... ४
१.७ सूचना संकलन तथा विश्लेषण ........................................................................ ५
१.८ प्रतिवेदनको प्रस्तुतीकरण.............................................................................. ६
१.९ अपेक्षित उपलब्धिहरू ................................................................................. ६
परिच्छेद २ : नगरपालिकाको विद्यमान वस्तुस्थिती ......................................................... ८
२.१ ऐतिहासिक पृष्ठभुमी, भौगोलिक स्थिति, सिमाना तथा राजनैतिक विभाजन................................ ८
२.१.१ प्रमुख नदी तथा वन जंगल ........................................................................ ९
२.१.२ जलवायू........................................................................................ १२
२.१.३. महत्वपूर्ण धार्मिक, सांस्कृतिक, सामाजिक तथा अन्य स्थलहरू.................................. १२
२.२ भू तथा भू-उपयोगको स्थिति....................................................................... १४
२.२.१ भू-उपयोग..................................................................................... १४
२.२.२ भू-बनौट ....................................................................................... १५
२.३ नगरको आर्थिक सामाजिक स्थिति ................................................................ १५
२.३.१ जनसंख्या विवरण ............................................................................. १५
२.३.३ घरधुरीको आकार र वडागत जनसंख्या.......................................................... १६
२.३.४ उमेर समुह अनुसार जनसंख्या ................................................................. १६
२.३.५ अपाङ्गता अनुसार जनसंख्या.................................................................... १७
२.३.६ घरपरिवारको स्वामित्व ......................................................................... १८
२.३.७ जात तथा वर्गको आधारमा जनसंख्याको वर्गीकरण ............................................. १९
२.३.८ मातृभाषा अनुसार जनसंख्याको वर्गीकरण....................................................... २०
२.३.९ शिक्षा र साक्षरताको स्थिति .................................................................... २१
२.३.१० शैक्षिक संस्थाको विवरण...................................................................... २१

२.३.१० तहगत शैक्षिक स्थिति ........ २२
२.३.११ भवनहरूको बनावट ........ २२
२.३.१२ टेलिफोन, बिजुली र अन्य सुविधा ........ २३
२.३.१३ नगरपालिका क्षेत्र भित्र गरीबीको तथा सुकुम्बासी समस्या र स्थिति ........ २५
२.३.१४ खानेपानी तथा सरसफाईको स्थिति ........ २६
२.४ नगरपालिकाको भौतिक संरचना तथा सेवाको स्थिति........ २७
२.४.१ कृषिको स्थिति........ २७
२.४.२ शैक्षिक स्थिति........ २८
२.४.३ स्वास्थ्य सेवाको अवस्था ........ ३१
२.४.४ यातायातको अवस्था ........ ३२
२.५ विकास विन्दु, कक्ष रअक्ष ........ ३७
२.६ कृषि क्षेत्रको विकास सँग जोडिएको नगर समृद्धि ........ ३८
परिच्छेद ३ : दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति........ ३९
३.१ पृष्ठभूमि........ ३९
३.२ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ ३९
३.२.५ परिमाणात्मक लक्ष्य........ ४१
३.२.६ राजश्व प्रक्षेपण ........ ४३
परिच्छेद ४ : आर्थिक विकास........ ४४
४.१ कृषि तथा पशुपालन........ ४४
४.२ उद्योग तथा वाणिज्य ........ ५१
१.१ आयात प्रतिस्थापनमा प्राथमिक्ताका साथ कार्य गर्ने ।........ ५२
४.३ पर्यटन ........ ५६
४४ सहकारी वित्तीय क्षेत्र........ ६०
परिच्छेद ५ : सामाजिक विकास ........ ६५
५.१ शिक्षा ........ ६५
५.२ स्वास्थ्य ........ ७१
५.३ खानेपानी तथा सरसफाई ........ ७६
५.४ लैङ्गिक समानता र सामाजिक समावेसिता........ ८१
५.५ युवा, खेलकुद तथा मनोरञ्जन ........ ८६
परिच्छेद ६ : भौतिक पूर्वाधार विकास........ ९०

६.१ यातायात, सडक, पुल ........................................................................................९०
६.२ सिचाई ........................................................................................................ ९४
६.३ भवन तथा सहरी विकास.................................................................................... ९८
६.४ विद्युत तथा उर्जा........................................................................................... १०२
६.५ सुचना तथा संचार प्रविधि पूर्वाधार ........................................................................ १०७
परिच्छेद ७ : वातावरण तथा विपद व्यवस्थापन विकास................................................................११२
७.१ वन, भू-संरक्षण र जैविक विविधता ............................................................................११२
७.२ जलाधार संरक्षण..........................................................................................................११७
७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन......................................................................१२१
७.४ विपद व्यवस्थापन ....................................................................................................... १२५
परिच्छेद ८ : शुसासन तथा संस्थागत विकास........................................................................... १२९
८.१ मानव संसाधन विकास ................................................................................................ १२९
८.२ संस्थागत क्षमता विकास र सेवा प्रवाह.......................................................................१३५
८.३ लेखा परिक्षण तथा वित्तीय अनुशासन .........................................................................१३९
८.४ राजश्व परिचालन......................................................................................................... १४६
परिच्छेद ९ : वहुक्षेत्रगत लगानी योजना..................................................................................१५१
परिच्छेद १० : आवधिक योजनाको वार्षिक कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन व्यवस्था ..........................१६७
१०.१ योजनाको कार्यान्वयन ..................................................................................................१६७
१०.२ अनुगमन तथा मूल्याङ्कन..............................................................................................१६७
१०.३ मध्यावधि मूल्याङ्कन ................................................................................................. १६८
१०.४ अनुगमन मुल्याङ्कन खाका ......................................................................................... १६८
अनुसूचीहरु ............................................................................................................ १७०
१ : विविध ............................................................................................................... १७०
२ : स्थलगत फोटोहरु..................................................................................................... १७२
३ : नक्सा.................................................................................................................. १७९
४: विस्तृत कार्यक्रमहरु ..................................................................................................१८८

# परिच्छेद १ : आवधिक विकास योजनाको परिचय

## १.१ पृष्ठभुमि

नेपालका धेरै जसो स्थानीय सरकारहरु सहरी सेवा सुविधा, सडक सञ्जाल, सुरक्षित खानेपानी, सरसफाइ, फोहोर-मैलाको उचित प्रबन्ध, सामाजिक पूर्वाधार तथा मनोरञ्जनात्मक सुविधा जस्ता पूर्वाधारबाट वञ्चित छन् । सहरीकरणका विविध बहिर्भावहरूबाट प्रभावित यस्ता नगरपालिकाहरू विविध वातावरणीय चुनौतीहरूसँग पनि जुझिरहेका छन् । धेरैजसो खोला-नालाहरू, समथल भूमि, ताल एवम् पोखरी जस्ता जलाशयहरू अनियन्त्रित विकासका कारण एकातिर तीव्र अतिक्रमित हुँदै गइरहेका छन् भने अर्कोतिर यस्ता क्षेत्रहरूमा ढल, नाला एवम् फोहोर-मैलाको अव्यवस्थित मिल्काइले प्रदूषित समेत बन्दै गइरहेका छन् ।

कतिपय स्थानीय तहहरूले धेरै अगाडिदेखि नै अव्यवस्थित यातायात, वायुको ह्रासोन्मुख गुणस्तर जस्ता कारणहरूले वातावरणीय ह्रासताको नतिजा भोगि सकेका छन् । आवासको लागि जंगल क्षेत्र, खोलाको बगर, सार्वजनिक जग्गा लगायत ऐतिहासिक भवन जस्ता सार्वजनिक धरोहर माथिको गैर-कानुनी अतिक्रमणले प्राकृतिक तथा मानव निर्मित वातावरणलाई प्रत्यक्ष रूपले नकारात्मक असर पुऱ्याइरहेको छ । आन्तरिक द्वन्द्वको परिणाम स्वरूप विस्थापित व्यक्तिहरूको सहर मुखी आगमनले समेत यस्ता गैर-कानुनी आवासको समस्या अझ भयावह रूपले थपिएको छ । एकातिर अव्यवस्थित सहरीकरणले खेती योग्य जमिनको ह्रास बढ्दो छ भने कतिपय सहरी क्षेत्रहरू स्व-रोजगारका अवसरहरू तथा खाद्य पर-निर्भरता निम्त्याउने कारक तत्वको रूपमा स्थापित हुँदै गइरहेका छन् । जनसङ्ख्या वृद्धिको उर्धगति र आशातीत आर्थिक विकासका प्रतिफल बीच तालमेल नहुनुको परिणाम स्वरूप धेरै नगरपालिको लागि सहरी गरिबी प्रमुख चुनौतीका रूपमा स्थापित हुँदै गइरहेको छ । यसले नगरपालिकाहरूका विकास प्रयास वृहत्तर रूपमा कमजोर सावित भएका छन् ।

नगरपालिका विकास प्रयासहरू योजनाबद्ध तथा समन्वयात्मक भन्दा पनि क्षणिक समस्या निराकरण गर्ने दिशातिर अघि बढेका देखिन्छन् । विशेषत : मानव-संशाधन प्रतिको कमजोर संस्थागत क्षमता, न्यून प्राविधिक तथा आर्थिक स्रोतहरू नै कमजोर प्रस्तुतीकरणको प्रमुख कारक तत्वको रूपमा रहेको पाइन्छ । समग्रमा, व्यवस्थित योजनाहरूको अभावले नगरपालिको कार्य असंयोजित क्रियाकलाप जस्तो हुन गएको देखिन्छ, जसले नगरपालिको विकास प्रयासहरू न्यून उपलब्धि मूलक र सीमित अवसर युक्त सावित भएका छन् । नगरपालिका विगतको "एकीकृत कार्य योजना" (IAP:Integrated Action Planning) मूलतः भौतिक पक्षसँग मात्र लक्षित रहेको देखिन्छ । IAP ले केही नगरपालिकाहरूको भौतिक पक्षहरू सुधारोन्मुख गराएता पनि शिक्षा, स्वास्थ्य जस्ता कतिपय समाजिक समस्याहरूमा भने यो न्यून उपलब्धि मूलक रह्यो । भौतिक र सामाजिक विकास बीचको गहिरो खाडल पुर्न असफल देखियो । विगतका प्रयासहरू सामाजिक समावेशिता, सहरी गरिबी न्यूनीकरण, वातावरणीय संरक्षण, आर्थिक विकास तथा परिचालन, नगरपालिको क्षमता अभिवृद्धि गर्ने जस्ता मूल मुद्दाबाट अलग रहेको पाइन्छ । परिमाणतः धेरै नगरपालिकाहरू समग्र विकासको अवधारणाका साथसाथै राष्ट्रिय विकासको मूल प्रवाहमा अहम् योगदान गर्नबाट चुक्न गएको देखिन्छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले नगरपालिकाको योजनामा पुनः विचार गरी सिमितताबाट छुटकारा प्राप्त गरिनु पर्ने कुरामा जोड दिएको छ । ऐनले स्पष्ट रूपमा सहभागितात्मक विकासको आवश्यकता र नगरपालिको भौतिक विकासमा दीर्घकालीन सोचसँग सामञ्जस्यता राखी नगरपालिको आवधिक योजनामा विषयगत उद्देश्यहरू तथा कार्यक्रमहरूलाई समावेश गरिनु पर्ने कुरामा जोड दिएको छ । यस बाहेक आवधिक योजनाले वडास्तर भेलाबाट प्राप्त तत्काल सम्बोधन गरिनु पर्ने क्षेत्रका समस्यालाई निराकरण गर्ने र अल्पकालीन कार्य योजनासँग पनि सामञ्जस्यता कायम गर्नु पर्ने व्यवस्था छ ।

त्यसै गरी स्थानीय स्थानीय सरकार संचालन ऐन २०७४ ले पनि ५ वर्षको कार्यतालिका समाविष्ट रहेको आवधिक योजना तथा योजना निर्माण र स्वीकृतिको प्रक्रिया समेतको आवश्यकता प्रति निर्दिष्ट गरेको छ ।

## १.२ आवधिक योजनाको परिचय

### १.२.१ परिभाषा

नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न ५ वर्ष अवधिका लागि तयार गरिएको दस्तावेज नगरपालिकाको आवधिक योजना हो । यो दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरू हासिल गर्न, सिद्धान्त, रणनीति र कार्य नीति तथा प्रमुख क्रियाकलापहरू समेत पहिचान गरी उल्लेख गरिएको छ ।

### १.२.२ नीतिगत र कानुनी व्यवस्था

स्थानीय तहहरूको जिम्मेवारी पुरा गर्न क्षमता अभिवृद्धिमा जोड दिने र ती तहहरूलाई स्थानीय विकासको प्रमुख इकाईको रूपमा विकास गरी जन-उत्तरदायी बनाउने नीति पन्धौं योजनाको रहेको छ । उक्त नीति हासिल गर्ने प्रयोजनका लागि आवधिक योजनाले ठोस सहयोग पुऱ्याउने देखिन्छ । यस सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ ले प्रत्येक नगरपालिकाले आवधिक योजना बनाउनु पर्ने अनिवार्य व्यवस्था गरी आवधिक योजनामा समेट्नु पर्ने देहाय बमोजिमका विषयहरू उल्लेख गरेको छ :

(क) नगरपालिकाको भौगोलिक, आर्थिक एवम् प्राकृतिक सम्पदाहरूको वर्तमान उपयोग ।

(ख) विभिन्न क्षेत्रमा तुलनात्मक लागत एवम् लाभको हिसाबले उत्पादन गर्न सकिने सम्भावनाहरू ।

(ग) पिछडिएका जन-जातिहरू एवम् गरिबी भएको क्षेत्र तथा त्यस क्षेत्रमा गरिएका वा गरिनु पर्ने विभिन्न विकास कार्यहरू।

(घ) महिला र बालबालिकाको लागि आय मूल कर सीप मूलक कार्यहरू ।

(ङ) सम्पन्न भएका विभिन्न विषय क्षेत्र अर्न्तगतका आयोजनाहरूको विवरण र तिनीहरूको सञ्चालन
तथा सम्भार सम्बन्धी व्यवस्था ।

(च) विकासका सम्भावनाका आधारमा विभिन्न विषय क्षेत्रगत अल्पकालीन एवम् दीर्घकालीन विकास कार्यहरू ।

(छ) स्थानीय बासिन्दाबाटै तयार गरिनु पर्ने विभिन्न विषय क्षेत्रका जनशक्ति विकास सम्बन्धी योजना ।

त्यसैगरी, स्थानीय सरकार संचालन ऐन २०७४ ले आवधिक योजना बनाउने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था उल्लेख गरेको छ :

(१) प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रको विकासका लागि कम्तीमा पाँच वर्षको आवधिक योजना तर्जुमा गर्नपर्ने छ ।

(२) तर्जुमा गरिने आवधिक योजनामा योजनाको दीर्घकालीन लक्ष्य, उद्देश्य र कार्यनीति उल्लेख गरी नगर क्षेत्रको भौतिक पूर्वाधार तथा सेवा सुविधा, स्रोत परिचालन तथा आयआर्जनका सम्भावना, सरकारी एवम् निजी क्षेत्रको लागत सहभागिता लगायत नगरपालिकाले गर्ने काम समावेश भएको हुनुपर्ने छ ।

(३) आवधिक योजना तर्जुमा गर्दा विषयगत समिति सँग परार्मश गरी विषयगत क्षेत्रका कार्यक्रमलाई समावेश गरी अन्तिम रूप दिनुपर्ने छ ।

माथिको व्यवस्थाका अतिरिक्त स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार नगरपालिकाले आफ्नो वार्षिक योजना तर्जुमा गर्दा आवधिक योजनाले परिलक्षित गरेका समष्टिगत आवश्यकताहरूलाई आधार लिनुपर्ने व्यवस्था गरेको छ । त्यसै गरी प्रत्येक नगर क्षेत्रको विकासको निमित्त नगरस्तरीय वस्तुगत तथ्याङ्क सङ्कलन गरी वस्तुस्थिति देखिनेस्रोत, नक्सा तयार गर्नुपर्ने व्यवस्था उल्लेख गरीएको छ ।

### १.२.३ राष्ट्रिय तथा जिल्ला आवधिक योजनासँगको सम्बन्ध

नगर र नगरपालिकाको योजनाबद्ध विकासबाट नै राष्ट्रिय विकास सम्भव हुन्छ । विकासका निम्ति स्थानीय बासिन्दाहरू नै योजनाकार र कार्यान्वयन कर्ता हुन् । राष्ट्रिय योजना आयोगबाट तर्जुमा भएको निर्देशिकाको आधारमा जिल्लाको समग्र विकासका लागि अधिकांश जिल्लाहरूले आवधिक योजना तर्जुमा गरिसकेका छन् । राष्ट्रिय योजनाले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न नगरपालिकाहरूको आवधिक योजनाले महत्वपूर्ण टेवा पुऱ्याउँछ । राष्ट्रिय, जिल्लार स्थानिय स्तरका योजनाहरूको बीच आवश्यक समन्वय र अर्न्तरसम्बन्ध हुनु जरुरी छ । त्यस्तो सम्बन्धले एक अर्का बीच तालमेल भई प्रभावकारिता कायम हुने र दोहोरोपन (Duplication) समेत हटाउन सहयोग गर्छ । नगरपालिकाको आवधिक योजना बनाउँदा नगरपालिकासँग जोडिएका अन्य स्थानिय तह सम्मको वार्षिक तथा आवधिक योजना तर्जुमा भएको भए त्यस्ता योजनाहरूलाई समेत हेर्नु पर्दछ ।

## १.३ आवधिक नगर विकास योजना तर्जुमाको उद्देश्य

स्थानीय विकास मन्त्रालयको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ मा आवधिक योजनालाई निम्न अनुसार परिभाषित गरिएको छ ।

"नगरपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न कम्तिमा ५ देखि ७ वर्ष अवधिका लागि तयार गरिएको दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरु हासिल गर्न सिद्धान्त, रणनीति र कार्य नीति तथा प्रमुख कृयाकलापहरु समेत पहिचान गरी उल्लेख गरिएको हुन्छ ।"

यस आवधिक नगर विकास योजना तर्जमा गर्नुको निम्न उद्देश्यहरु छन्:

क) स्थानीय सरकार संचालन ऐन २०७४ द्वारा निर्दिष्ट प्रावधान अन्तर्गत शहरी विकास तथा भवन निर्माण विभागका आवधिक योजना तर्जुमा निर्देशिकाद्वारा निर्देशित निसी खोला नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने ।
ख) ग्ल्याङ नगरपालिकाको दीर्घकालीन सोच अनुरुप विकास लक्ष्य प्राप्त गर्न दीर्घकालीन सोच तय गरी सर्वाङ्गीण विकासको उद्देश्य लिएको आवधिक विकास योजना अर्न्तगत भौतिक, सामाजिक, वातावरण व्यवस्थापन, आर्थिक, वित्तीय, संस्थागत विकास जस्ता विषयगत क्षेत्रहरु र तदनुरुप लक्ष्य, उद्देश्य, नतिजा, रणनीति, कार्यक्रमहरु, बजेट निर्धारण तथा सरोकार वालाहरुको पहिचानलाई समेत समेटी अल्पकालीन एवं सहभागिता मुलक योजना तथा लगानी कार्यक्रम तर्जुमा गर्ने ।

## १.४ अध्ययन सीमा

आवधिक योजनामा समावेश हुने कतिपय विषयहरू कानुनी रूपमा नगरपालिकाको कार्य क्षेत्रमा पर्ने हुनाले नगरपालिकाको पूर्ण नियन्त्रण र निर्देशनमा सञ्चालन हुन सक्छन् भने कतिपय विषयहरूमा नगरपालिकाले पथ प्रर्दशन मात्र गर्न सक्छ । त्यसैले नगरपालिकाको पूर्ण नियन्त्रणमा रहने क्षेत्रहरूको सन्दर्भमा आवधिक योजना विस्तृत रूपमा तयार गर्न सकिन्छ । त्यस अनुरूप वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नु पर्छ, तर नगरपालिकाको विकास कार्यक्रममा संलग्न गैरसरकारी संस्था, सामुदायिक सङ्घसंस्था र निजी क्षेत्रका कार्यक्रमका साथै केन्द्र, जिल्लास्तर तथा वैदेशिक स्रोत बाट सञ्चालन हुने कार्यक्रमहरूलाई नगरपालिकाको आवधिक योजनाले नीतिगत आधार र प्राथमिकता तोकी निर्देशित मात्र गर्न सक्दछ । नगरपालिकाको आवधिक योजना तर्जुमा गर्दा राष्ट्रिय योजना तथा प्रदेश सरकारबाट तयार गरिएका दीर्घकालीन योजना तथा राष्ट्रिय नीतिहरूसँग मेल कायम गर्नुपर्ने हुन्छ ।
स्थानीय सरकार संचालन ऐन २०७४ निम्नानुसारका क्षेत्रका कामहरू नगरपालिकाहरूले अनिवार्य रूपमा गर्नु पर्ने गरी आवधिक योजनाको क्षेत्रलाई परिभाषित गरेको पाइन्छ :
(क) आर्थिक विकास
(ख) सामाजिक विकास
(ग) पूर्वाधार विकास
(घ) वातावरण तथा विपद जोखिम नियन्त्रण
(ङ) संस्थागत विकास तथा सुशासन
नगरपालिकाले गर्ने उपर्युक्त कार्यहरूलाई जोड्ने आवधिक योजनामा यी सबै पक्षहरू समावेश हुनु पर्छ । नगरपालिकाको आवधिक योजना नगरपालिका क्षेत्रको विकासको समग्र पक्षहरूलाई समेटेको हुनु पर्दछ । त्यसैले स्थानिय (Spatial) योजनाको विशेषताहरूलाई समेटी तयार गरिएको बहुक्षेत्रगत आवधिक योजनाको एकिकृत स्वरूपका सम्बन्धमा स्पष्ट धारणा बनाएर मात्र योजना तर्जुमा गर्ने तर्फ अग्रसर रहनु पर्दछ ।
यस अध्ययन कार्यले प्रस्तुत गरेका दस्तावेजहरू निम्नानुसार छन् :

- नगरपालिकाको बस्तु स्थिति बिवरण
- सवल/दुर्बल तथा चुनौती/अवसरको पहिचान एवम् विश्लेषण
- नगरपालिकाको दीर्घकालीन सोच अनुरूप भौतिक विकास गरुयोजना तर्जुमा
- भौतिक विकास तथा पूर्वाधार, वातावरण, सामाजिक, आर्थिक, वित्तीय, संस्थागत विकास तथा जोखिम व्यवस्थापन जस्ता क्षेत्रहरूसँग सम्बद्ध विषयगत दीर्घकालीन सोच अनुरूप तर्कबद्ध प्रणालीमा आधारित लक्ष्य, उद्देश्य, नतिजा तथा कार्यक्रमहरूको पहिचान
- बहुक्षेत्रगत लगानी योजना
- कार्यान्वयन रणनीति सुझाव तथा अनुगमन

## १.५ कार्य परिधि

माथि उल्लेखित उद्देश्यहरुले प्रमुख पक्षहरुलाई स्पष्ट गरी निम्न कार्य परिधि स्पष्ट पारेको छ ।
क) नगरपालिकाको वस्तु स्थिति विवरण ।
ख) दीर्घकालीन सोचको साथै स्रोत सम्भावना र विकासलाई निर्देशित गर्न सक्ने अग्रणी क्षेत्रको पहिचान, र अर्न्तनिहित अवसर, समस्या तथा चुनौतिको पहिचान तथा विश्लेषण ।

ग) दीर्घकालीन भौतिक विकास योजना तर्जुमा गर्दा नगरपालिकाको भविष्यको भौतिक स्वरुप, भू-उपयोग, सहरी विस्तार क्षेत्रहरु र वातावरणीय संवेदनशील क्षेत्रहरु, भौतिक पूर्वाधारहरु समावेश ।

घ) 'तर्कबद्ध प्रणाली' (Logical Framework Approach) अपनाई विषयगत लक्ष्य, उद्देश्य (भौतिक विकास पूर्वाधार, वातावरणीय व्यवस्थापन, सामाजिक विकास, आर्थिक विकास, वित्तीय व्यवस्थापन तथा संस्थागत विकास आदि), नतिजा, सूचकहरु, पुस्ट्याईंका आधारहरु, जोखिम पक्षहरु, कार्यक्रमको पहिचान ।

ङ) बहु-क्षेत्रगत लगानी योजना अन्तर्गत आयोजना र कार्यक्रमहरु, लगत अनुमान, र बित्तिय श्रोतहरु तथा उत्तरदायी संस्थाहरु आदि समावेस ।

च) योजना कार्यान्वयन, अनुगमन मूल्यांकण पक्षहरुको उल्लेख ।

## १.६ योजना तर्जुमा अपनाइएका विधि

ग्ल्याङ नगरपालिकाको आवधिक योजना तर्जुमा प्रकृयामा उल्लेखित सिद्धान्तहरुको परिधिमा रहनुको साथै स्थानिय तहको योजना तर्जुमा दिग्दर्शन - २०७५ लाई आधार मानी सोमा उल्लेखित प्रावधानहरुलाई मनन गरी योजना तयार गरिएको छ । सीमित साधान स्रोतलाई मध्यनजर गरी योजना तर्जुमा प्रकृयालाई सरलीकृत गरी योजना तर्जुमा गरिएको हो ।

योजना तर्जुमा कार्यलाई दिशा निर्देश गर्न सबै सरोकार वालाहरुको प्रतिनिधित्व भएको एउटा निर्देशक समिति र विभिन्न विषयगत उप समितिहरुको गठनमा जोड दिइएको छ । यसरी योजनाहरु सबै सरोकार वालाहरुको सहभागितामा बनाइएकोले बढी प्रभावकारी हुनको साथै योजनाहरुको विश्वसनीयता र वैधानिकतामा वृद्धि भएको महशुस गरिएको छ ।

योजना तयार गर्ने दौरानमा वडा भेला, लगायत वडा कार्यालय, सरकारी निकायहरु, राजनैतिक पार्टीहरु, गैरसरकारी संस्थाहरु (NGOs), सामुदायिक संस्थाहरु (CBOs), टोल विकास संस्थाहरु (TDO), वृद्धिजिवीहरु, समाजका प्रतिष्ठित व्यक्तित्वहरु, व्यवसायिक संस्थाहरु, संचार कर्मीहरु तथा योजना तर्जुमा टोली (Planning Team) आदिलाई समोवस गरी बढी भन्दा बढी छलफल गराई योजना तयार गरिएको छ ।

यस योजनामा निर्देशक समितिले नगरपालिकाको दीर्घकालिन सोच तयार गर्नुको साथै योजना तर्जुमा टोलीलाई आवश्यक निर्देशन एवं सरोकारवालाहरु बीच आवश्यक, समन्वय गरी योजना तर्जमा गर्न सहयोग पुर्याएको थियो । साथै नगरपालिकाको विकासमा सिद्धान्तहरु समेत तयार गरी योजना निर्माण गरिएको थियो । साथै, योजना स्वीकृती प्रकृया तथा कार्यान्वयनमा पनि संस्थागत समन्वय र लगानीलाई अभिवृद्धि गर्न निर्देशक समितिको भूमिकालाई महत्वपूर्ण हुने अपेक्षा गरिएको छ ।

निर्देशक समिति र विभिन्न विषयगत उपसमितिहरु गठन गरी सरोकारवाला तथा विज्ञहरुको संलग्नतामा विषयगत योजना तथा कार्यक्रमहरु तर्जुमा गरिएको छ । योजना तर्जुमाको हरेक चरण र प्रकृयामा योजना तर्जुमा टोलीबाट विश्लेषण एवं विशेषज्ञको राय प्रदान गरिएको छ । वडाबासी, वडा कार्यालय, वुद्धिजिवी एवं वडामा कार्यरत संघ संस्थाहरुको सहभागितामा वडा भेलाहरु गराई वडाको समस्या र प्राथमिकीकरण गर्दै तद अनुरुप वडाको खाँचो र कार्यक्रमहरु तर्जुमा गरिएको छ ।

आवधिक योजना तयार गर्दा अपनाइने विस्तृत प्रक्रियाको चित्राङ्कन तल चित्र नं १.१ मा प्रस्तुत गरिएको छ ।




चित्र नं. १.१ आवधिक योजना तर्जुमा प्रक्रिया

## १.७ सूचना संकलन तथा विश्लेषण

योजना तर्जुमा गर्ने कार्य प्राथमिक तथा द्वितीय सूचना संकलन गरी गरिएको छ । भू-उपयोग, खुलेका सडकहरु र सो को गुणस्तर तथा वातावरणीय समस्याहरु जस्ता प्राथमिक तथ्यांकहरु, डिजिटल तथ्यांक (Digital Data), स्थल स्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ । वडा तहका समस्याहरु र खाँचोहरु वडा बासीहरुबीच सहभागिता मूलक छिटो मूल्यांकन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ । यसका साथै नगरपालिका स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरुका पदाधिकारीहरु, वृद्धिजिवीहरु उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरुसंग छलफल एवं अर्न्तवार्ता गरी नगरका प्रमुख समस्या एवं विकासका

सम्भावनाहरु माथि जानकारी लिईएको छ । नगरका समग्र तथ्यांकहरु जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्यांकहरु नगरपालिका कार्यालय लगायत नगरपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरुको रेकर्डबाट र केही तथ्यांकहरु विभाग तथा अन्य निकायहरुबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरु अध्ययन गरी संकलन गरिएको छ । विश्लेषणको हकमा मूख्य रुपमा विकासको SWOT (Strength, Weakness, Opportunities and Threats) विश्लेषण, समस्याहरुको विश्लेषणहरु रहेको छ र यस प्रयोजनका लागि कम्प्यूटरमा आधारित GIS पद्दतिहरु प्रयोग गरिएको छ ।

## १.८ प्रतिवेदनको प्रस्तुतीकरण

यस प्रतिवेदनलाई जम्मा २ वटा खण्ड र अनुसूचीहरुमा प्रस्तुत गरिएको छ ।

**खण्ड १ : मुख्य प्रतिवेदन**

यस मुख्य प्रतिवेदनमा निम्न परिच्छेदहरुको विस्तृत विवरणहरु उल्लेख गरिएको छः

१ : आवधिक विकास योजनाको परिचय
२ : नगरपालिकाको विद्यमान वस्तुस्थिती
३ : दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति
४ : आर्थिक विकास
५ : सामाजिक विकास
६ : पूर्वाधार विकास
७ : वातावरण तथा विपद जोखिम नियन्त्रण
८ : संस्थागत विकास तथा सुशासन
९ : वहुक्षेत्रगत लगानी योजना
१० : आवधिक योजनाको वार्षिक कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन व्यवस्था

**खण्ड २ : अनुसूचीहरु**

यस खण्ड २ मा निम्न परिच्छेदहरुको विस्तृत विवरणहरु लेखिएको छः

१ : विविध
२ : फोटोहरु
३ : नक्सा (Maps)

## १.९ अपेक्षित उपलब्धिहरू

प्रस्तुत योजनामा स्थानियतहको योजना तर्जुमा दिग्दर्शन - २०७५ अनुसारका उपलब्धिहरू रहेका छन् । तर सारांशमा प्रस्तुत योजना तर्जुमाले निम्न उपलब्धिको अपेक्षा राखेको छः

क) नगरविकासको लागि ग्ल्याङ नगरपालिको दूरदृष्टि (vision) स्पष्ट किटान गर्ने :
यसको साथसाथै प्रस्तुत योजनामा नगरपालिकाको विकास (vision) लाई मूर्त रुप दिन चाहिने कार्यगत नीतिहरूको स्पष्ट किटान तथा क्षेत्रगत पूर्वाधार विकासको पहिचान तथा विश्लेषण गरिएको छ । यो किटान एवं विश्लेषण नगर स्तरमा खडा गरिने बृहत सहभागिता मूलक समन्वय समितिसंग (Steering Committee) को छलफलबाट गरिएको छ ।

ख) क्षेत्रगत विकासको लक्ष्य, उद्देश्य, नतिजा तथा कार्यक्रमको विश्लेषण :
भौतिक, वातावरणीय व्यवस्थापन, सामाजिक-आर्थिक संस्थागत तथा वित्त क्षेत्रहरूको विकासका लागि क्षेत्रगत कार्य सूचकको आधारमा विश्लेषण गरिएको छ । यी क्षेत्रगत योजना तथा कार्यक्रम बृहद समन्वय समिति अन्तर्गत बन्ने विषयगत समितिहरूको छलफलबाट बनाईएको छ ।

ग) दीर्घकालीन भौतिक विकास योजना :
दीर्घकालीन विकास दृष्टिकोण तथा क्षेत्रगत विकासको सम्भावना चुनौती र समस्या सम्बन्धी छलफल तथा विश्लेषणको आधारमा दीर्घकालीन भौतिक विकास योजनाको तर्जुमा गरिएको छ । योजनामा नगरपालिकाको इच्छाइएको बस्तीको स्वरुप, सहरी विस्तारका लागि उपयुक्त क्षेत्रहरू तथा प्राकृतिक श्रोतहरूको स्पष्ट चित्रण भएको छ । यसका साथसाथै

नगर क्षेत्रको भौतिक, सामाजिक तथा आर्थिक, पूर्वाधार क्षेत्रहरूसंग सम्बन्धीत विद्यमान स्थिति तथा यसको लागि दीर्घकालीन योजनाको स्पष्ट चित्रण गरिएको छ ।

घ) बहुक्षेत्रगत लगानी योजना (Multi Sectoral Investement Plan)

आवधिक योजनाको अझै महत्वपूर्ण विषय बहु क्षेत्रगत लगानी योजना हो । जसमा दीर्घकालीन तथा अल्पकालीन आयोजनाहरूको पहिचान, श्रोतको व्यवस्था तथा वार्षिक लगानी योजनाको स्पष्ट खाका कोरिएको छ ।

# परिच्छेद २ : नगरपालिकाको विद्यमान वस्तुस्थिती

## २.१ ऐतिहासिक पृष्ठभुमी, भौगोलिक स्थिति, सिमाना तथा राजनैतिक विभाजन

नेपालको गण्डकी प्रदेश अन्तर्गत स्याङ्गजा जिल्लामा रहेको ११ वटा स्थानीय तह मध्य गल्याङ नगरपालिका एक हो । यस नगरपालिका स्याङ्गजा जिल्लाको दक्षिण-पश्चिम क्षेत्रमा फैलिएको छ । सन् बि.स. २०७३ सालमा नेपालको नयाँ प्रादेशिक संरचना कायम गर्दा गल्याङ नगरपालिकाको स्थापना गरिएको हो ।

गल्याङ नगरपालिका भौगोलिक हिसाबलहेर्दा ८३° ३५’२” देखि ८३°४६’४६” पूर्व देशान्तरसम्म र २७° ५३’५५” देखि २८°१’६” उत्तरी अक्षांश सम्म फैलिएको पाइन्छ । यस नगरपालिका समुद्री सतहबाट ३३५ देखि १८०४ मिटर उचाईमा रहेको छ । गल्याङ नगरपालिकामा ११ वडाहरू रहेका छन।१२२.७१ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस गल्याङ नगरपालिकाको पुर्वमा चापाकोट नगरपालिका र वालिङ नगरपालिका,पश्चिममा गुल्मि जिल्ला, उत्तरतर्फ पर्वत जिल्ला र दक्षिणतर्फ पाल्पा जिल्ला पर्दछन् ।स्याङ्जा जिल्लाको साविक गा.वि.स.हरु मालुङ्गा, पक्वादि, तुलसिभञ्ज्याङ, निवुवाखर्क, तीनदोवाटे, पिडिखोला र पेलाकोट गाविसलाई समायोजन गरी यस नगरपालिकाको घोषणा गरिएको छ ।

**जम्मा जनसंख्या :** ३७,८०९ **क्षेत्रफल :** १२२.७१ वर्ग कि.मी.

**केन्द्र :** गल्याङ बजार वडा नं ३ **वडा संख्या :** ११

**पूर्व :** चापाकोट न.पा. र वालिङ न.पा.

**पश्चिम :** गुल्मि जिल्ला

**उत्तर :** पर्वत जिल्ला

**दक्षिण :** पाल्पा जिल्ला

तालिका न.१ ग्ल्याङ नगरपालिकाको वडा विभाजन

| वडा नं. | हालको वडाको नाम | समावेश भएका साविक गाविस र नगरपालिका | साविकको वडा नं. |
|---|---|---|---|
| १ | मालुङ्गा | मालुङ्गा | १-९ |
| २ | गुठि | जगत्रदेवी | १-७ |
| ३ | गल्याङ | जगत्रदेवी | ८, ९ |
| ४ | निवुवाखर्क | निवुवाखर्क | ४-९ |
| ५ | जोगिमारा | निवुवाखर्क, पिडिखोला | १-३, ७-९ |
| ६ | पिडिखोला | पिडिखोला | १-६ |
| ७ | मनहरीखर्क | पेलाकोट | १-४, ७-९ |
| ८ | करादी | तीनदोवाटे | १,६-९ |

| वडा नं. | हालको वडाको नाम | समावेश भएका साविक गाविस र नगरपालिका | साविकको वडा नं. |
|---|---|---|---|
| ९ | टेक्रे | पक्वादि | १-४,९ |
| १० | लिपडाँडा | पक्वादि | ५-७ |
| ११ | तुलसिभञ्ज्याङ | तुलसिभञ्ज्याङ | १-९ |

*स्रोत : गल्याङ नगर कार्यपालिकाको कार्यालय, २०७७*

साविकको मालुङ्गा गाविसलाई हालको १ नं. देखि ९ नं. वडामा, साविकको जगत्रदेवी गाविसलाई १ नं. देखि ९ नं. वडामा, साविकको पक्वादि गाविसलाई हालको १ नं. देखि ७ नं. र ९ नं. वडामा, साविकको तुलसिभञ्ज्याङ गाविसलाई हालको १ नं. देखि ९ नं. वडामा, साविकको निवुवाखर्क गाविसलाई हालको १ नं. देखि ९ नं. वडामा, साविकको तीनदोवाटे गाविसलाई हालको १ नं. र ६ नं. देखि ९ नं. वडामा, साविकको पिडिखोला गाविसलाई हालको १ नं. देखि ६ नं. वडामा, साविकको पेलाकोट गाविसलाई हालको १ नं. देखि ४ नं. र ७ नं. देखि ९ नं. वडामा समायोजन गरी यस नगरपालिकाको निर्माण गरिएको छ । नगरपालिकाको जम्मा क्षेत्रफल १२२.७१ वर्ग किलोमिटर रहेको छ भने यसको सिमानामा पूर्वमा चापाकोट नगरपालिका र वालिङ नगरपालिका, पश्चिममा गुल्मि जिल्ला, उत्तरमा पर्वत जिल्ला र दक्षिणमा पाल्पा जिल्लारहेको छ ।

### २.१.१ प्रमुख नदी तथा वन जंगल

भौगोलिक रुपले हेर्दा यस नगरपालिकामा रहेका सबै जसो वडाहरुमा साना-ठुला गरी प्रशस्त नदीनाला तथा खोलाहरुले ओखतिएको देख्न पाइन्छ ।कुल क्षेत्रको सबै भन्दा धेरै बन-जंगलले (कुल ३७.८५%) समेटिएको तथासफा र स्वच्क्ष हावापानी भएको हुनाले विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बास स्थानको रुपमा आश्रय दिइरहेको छायस्ता नदी तथा खोलाहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेला बखत आंशिकरुपमा सिंचाईको लागिपानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास र बसाई सराईको चापका साथै अनुत्पादक पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी/खोला मा भूक्षय भई पुरिने क्रम छ ।

तालिका न. २ प्रमुख नदि तथा खोलाहरु

| क्र.सं. | नदी नालाको नाम | वडा नं. | समेट्ने वडाहरू |
|---|---|---|---|
| १ | विर्दोखोला | १ | मालुङ्गा |
| २ | परेवा खोला | १ | मालुङ्गा |
| ३ | आँधीखोला | २, ३, ४ | गुठि, गल्याङ, निवुवाखर्क |
| ४ | कालिगण्डकी नदी | १, २, ९, ११ | मालुङ्गा, गुठि, टेक्रे, तुलसिभञ्ज्याङ |
| ५ | बाादरेखोला | ३ | गल्याङ |
| ६ | पिदिखोला | ६ | पिदिखोला |
| ७ | ढाडखोला | ७ | मनहरीखर्क |

| | | | |
|---|---|---|---|
| ८ | आर्य खोला | ७ | मनहरीखर्क |
| ९ | करादी खोला | ८ | करादी |
| १० | चिउरी मुहान | ८ | करादी |

*स्रोत : गल्याङ नगर कार्यपालिकाको कार्यालय, २०७७*

नेपालमा मुख्यतया स्वामित्व र व्यवस्थापनका आधारमा वन क्षेत्रलाई विभिन्न वर्गमा विभाजन गरिएको छ । वन ऐन २०४९ र त्यसमा भएका पछिल्ला संशोधन अनुसार वनका प्रकारहरूलाई निम्नानुसार परिभाषित गरिएको छ ।

### राष्ट्रिय वन

राष्ट्रिय वन भन्नाले वातावरण सन्तुलन कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र विक्रि वितरण गर्न तयार गरिएको वन सम्बन्धी कार्य योजना भन्ने बुझिन्छ । राष्ट्रिय वन भन्नाले निजी वन बाहेक नेपाल भित्रको वन सिमाना लगाईएको वा नलगाईएको सबै वन सम्झनु पर्छ र सो शब्दले वनले घेरिएको वा वन काखे छेउ छाउमा रहेको पर्ती वा ऐलानी जग्गा तथा वन भित्र रहेको बाटो, पोखरी, ताल वा खोला नाला र बगर समेत जनाउँछ ।

### चकला वन

चकला वन भन्नाले कम्तिमा पाँच सय हेक्टर क्षेत्रफल भएको सरकारद्वारा व्यवस्थित वनको कुनै भाग भन्ने बुझिन्छ ।

### साझेदारी वन

साझेदारी वन भन्नाले डिभिजन वन कार्यालय, स्थानीय तह र उपभोक्ताको साझेदारीमा व्यवस्थापन गरिने राष्ट्रिय वनको कुनै भाग बुझिन्छ ।

### धार्मिक वन

धार्मिक वन भन्नाले वनको विकास, संरक्षण र उपयोग गर्न कुनै धार्मिक निकाय, समुहवा समुदायलाई सुम्पिएको राष्ट्रिय वनलाई सम्झनु पर्छ ।

### निजी वन

निजी वन भन्नाले प्रचलित कानून बमोजीम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गा लगाई हुर्काइएको वा संरक्षण गरिएको वनलाई जनाउँछ ।

### सामुदायिक वन

सामुदायिक वन भन्नाले सामुहिक हितको लागि वनको विकास, संरक्षण र उपयोग गर्न उपभोक्ता समूहलाई सुम्पिएको राष्ट्रिय वनलाई जनाउँछ । स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार यस नगरपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन २०४९ तथा वन नयिमावलीले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफ देही सम्बन्धित वन उपभोक्ता समूहहरू नै हुन्छन् ।

नगरपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वन भित्र गैर काष्ठ वन पैदावारको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वन क्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई नगरपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

वन विकास गुरु योजना २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो नगरपालिकाले अग्रणी भूमिका खेलेको छ। नगरपालिकामा वनहरूको संख्या धेरै भए पनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरि सकिएको छैन ।

नगरपालिकाबाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस नगरपालिकाको आपूर्तिलाई पुऱ्याई जिल्ला भित्रकै अन्य नगरपालिका तथा ग्रामिण क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ ।

यस नगरपालिकामा काठ/दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरूमा हुने गर्दछ । यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाई सराई तथा शहरीकरणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ । वन जंगलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन्, भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेको पाईन्छ ।

मालुङ्गा सामुदायिक वन, लसे सामुदायिक वन, हुक डाडा -सामुदायिक वन, बरान डाडा-सामुदायिक वन, बालबुक सामुदायिक वन, कुरुङ्चे सामुदायिक वन, निबुवा सामुदायिक वन, जोगिमारा सामुदायिक वन, मोहनडाँडा सामुदायिक वन, गुफा सामुदायिक वन, सौर्यरानी सामुदायिक वन, उर्लेनी सामुदायिक वन, कुविण्डे सामुदायिक वन, भालुखर्क सामुदायिक वन, चण्डीस्थान सामुदायिक वन, धुसेनि सामुदायिक वन, पड्काङ सामुदायिक वन, राम्चे सामुदायिक वन, भलपानि सामुदायिक वन, मोहरीया सामुदायिक वन, अंखरे डाडा सामुदायिक वन, रुमाङदी सामुदायिक वन, कालिगण्डकी सामुदायिक वन, भयरथान सामुदायिक वन, अत्मरा सामुदायिक वन, खोलाथुङ्गा सामुदायिक वन, पकवादि सामुदायिक वन आदि यस नगरपालिकाका मुख्य सामुदायिक वनहरु हुन् । यस नगरपालिकामा काठ/दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरूमा हुने गर्दछ । यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाई सराई तथा शहरीकरणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ । वन जंगलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन्, भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेको पाईन्छ ।

तालिका न. ३ सामुदायिक वनको नाम

| **सामुदायिक वनको नाम** | **वडा नं.** | **सदस्य उपभोक्ता घरधुरी** |
|---|---|---|
| मालुङ्गा सामुदायिक वन | १ | |
| लसे सामुदायिक वन | १ | |
| हुक डाडा -सामुदायिक वन | २ | |
| बरान डाडा-सामुदायिक वन | २ | |
| बरान डाडा सामुदायिक वन | ३ | |
| बालबुक सामुदायिक वन | ३ | |
| कुरुङ्चे सामुदायिक बन | ४ | |
| निबुवा सामुदायिक वन | ४ | |
| जोगिमारा सामुदायिक वन | ५ | |
| मोहनडाँडा सामुदायिक वन | ५ | |
| गुफा सामुदायिक वन | ६ | |
| सौर्यरानी सामुदायिक वन | ६ | |
| उर्लेनी सामुदायिक वन | ६ | |

| | | |
|---|---|---|
| कुविण्डे सामुदायिक वन | ६ | |
| भालुखर्क सामुदायिक वन | ६ | |
| चण्डीस्थान सामुदायिक वन | ६ | |
| धुसेनि सामुदाहिक वन | ७ | |
| पड्काङ सामुदाहिक वन | ७ | |
| राम्चे सामुदाहिक वन | ७ | |
| भलपानि सामुदाहिक वन | ७ | |
| मोहरीया सामुदाहिक वन | ८ | |
| अंखरे डाडा सामुदाहिक वन | ८ | |
| रुमाङदी सामुदाहिक वन | ८ | |
| कालिगण्डकी सामुदाहिक वन | ९ | |
| भयरथान सामुदाहिक वन | १० | |
| अत्मरा सामुदाहिक वन | १० | |
| खोलाथुङ्गा सामुदाहिक वन | १० | |
| पकवादि सामुदाहिक वन | १० | |

*स्रोत : गल्याङ नगर कार्यपालिकाको कार्यालय, २०७७*

### २.१.२ जलवायू

कुनैपनि स्थानको समग्र विकासमा जलवायूको अवस्थाले व्यापक असर पार्दछ । अर्को तर्फ नेपालमा विषम भौगोलिक अवस्था भएकाले भौगिलक अवस्था अनुरुपको हावा पानी हुने हुनाले मनिसको समग्र जीवनशैली, चालचलन, उत्पादन प्रणाली लगायत समग्र मानव जनजीवनका आयामहरूसँग जलवायूका पक्षहरू अन्तर सम्बन्धित हुन्छन् । उदाहरणका लागि उच्च हिमाली भेगमा भौगोलिक हिसाबले जटिल भू-धरातल हुन्छ भने हावा पानी पनि शीत प्रधान हुन्छ । हिउँद याममा हिमपात हुने र खेति पाती निकै नगण्य मात्रामा हुने गर्दछ । यसर्थ हावापानी बारैका जानकारी हुनु अत्यन्त आवश्यक रहेको छ ।

यो नगरपालिका ८३° ३५’२” देखि ८३°४६’४६” पूर्व देशान्तरसम्म र २७° ५३’५५” देखि २८°१’६” उत्तरी अक्षांश सम्म फैलिएको छ । यो नगरपालिका समुद्री सतहबाट ३३५ देखि १८०४ मिटर उचाईमा रहेको नगरपालिको क्षेत्रफल १२२.७१ वर्ग.कि.मी. क्षेत्रफल रहेको छ । अर्धोष्ण, समसितोष्ण, सितोष्ण हावापानी भएको यस ठाउँमा वार्षिक औषत २५२६ मि.मि. वर्षा हुने गरेको तथ्याङ्क छ । अधिकतम तापक्रमः-सेन्टिग्रेड ३५-३७ डिग्री देखि न्यूनतम तापक्रम ३ डिग्री सेन्टिग्रेड भन्दा कमसम्म हुन्छ ।

### २.१.३. महत्वपूर्ण धार्मिक, सांस्कृतिक, सामाजिक तथा अन्य स्थलहरू

यस नगरपालिका भित्र श्रीराम गुफा, रामनन्दी धाम-राधाकृष्ण मन्दिर, शिव मन्दिर लगायत विभिन्न मठ मन्दिरहरू तथा गुफाहरू रहेका छन् । यस नगरपालिका भित्र विभिन्न जातजातिहरूको बसोबास रहेको छ । विभिन्न जातजातिहरूको बसोबास भएपनि एक समानको सौहद्रापूर्ण बसोवास रहेको पाईन्छ । यहाँ बसोवास गर्ने प्रमुख जातजातिहरूमा मगर, ब्राम्हण, क्षेत्री, दमाई, कामी, सार्की, नेवार, गिरी, दराई, वोटे/माझी, कुमाल आदिको रहेका छन । कुनै पनि व्यक्तिले

आफ्नो जन्मपछि परिवारमा सबैभन्दा पहिले बोल्न सिकेको भाषालाई मातृभाषा भनिन्छ । यहाँ विभिन्न जातजातिहरूको आफ्नै किसिमको भाषा वोलीचालीमा वोल्ने गर्दछन । यहाँ बोलिने प्रमुख भाषाहरूमा नेपाली, नेवार, मगर, गुरूङ्ग, राई, दराई, वोटे, कुमाल लगायत, अन्य भाषा रहेका छन । यस नगरपालिका भित्र विभिन्न जातजातिहरूको एक समानको सौहद्रापूर्ण बसोवास रहेता पनि यिनीहरूको आ-आफ्नै किसिमको धर्म तथा संस्कृति मान्दछन । यहाँ धेरैजसो हिन्दु धर्मावलम्वीहरू रहेका छन भने बौद्ध, किरात, इस्लाम, इसाई तथा अन्य मिश्रित रहेका भेटिन्छन । जातिगत र साँस्कृतिक विविधता रहेको यस नगरपालिकाका वासिन्दाहरूको आ-आफ्नै किसमको सामाजिक संस्कार रहेको छ । यस नगरपालिकामा धेरै हिन्दु धर्म मान्नेको वाहुलियता बढि भएकोले यिनीहरूले गर्ने प्रमुख संस्कार कुल पुजा, गोठ पुजा, वर्तमान, विवहा, काजकृया, वार्षिक काम, न्वारन, तिथी श्राद्ध, सोह्रस्राद्ध औशि, पूर्णीमा, सक्रान्ती, मसान्ता, सत्यनाराण्यणको पुजा, एकाह, सप्ताह, रूद्रीपाठ, मलमास, सूर्य ग्रहण, चन्द्रग्रहण, आदि रहेका छन ।

प्रमुख चाडपर्व तथा मेलाहरूमा विजयादशमी, दिपावली, नौरथा, घटस्थापना, सोह्र स्राद्ध, रामनवमी, माघेसक्रान्ती, साउनेसक्रान्ती, तीज, जनैपूर्णीमा, कृष्ण जन्माष्टमी, हरिबोधनी एकादशी, बुद्धपूर्णिमा, ल्होछार, तमु ल्होछार आदि यहाँका प्रमुख चाडपर्वहरू हुन् । महा लिंगेश्वर (वसिनडाँडा), सिद्धि विनायक (गणेश मन्दिर, सिद्धि विनायक चोक), पशुपतिनाथ शिव मन्दिर (नमुना टोल), नवदुर्गा मन्दिर, शिव मन्दिर, नवदुर्गा (चौरा) मन्दिर, महा लिंगेश्वर (वसिनडाँडा), चण्डी देवी मन्दिर, पशुपतिनाथ शिव मन्दिर, चण्डी देवी मन्दिर, राधाकृष्ण मन्दिर, शिवलय मन्दिर,रानीबार, गजत्रा देवी मन्दिर, नवदुर्गा मन्दिर छेतुगा, शिव मन्दिर गल्याङ बजार, शिवालय मन्दिर/डिहीडाँडा, कालीका मन्दिर ,चिलाउने थुम्का, राधाकृष्ण मन्दिर, गल्याङ, दुर्गा कालीका मन्दिरं, दुर्गा मन्दिर, तल्लो गल्याङ, शिव मन्दिर (निवुवा ), शिव मन्दिर ( अधिकारी डाँडा), कालिका मन्दिर (पङ्क्याङ) (निवुवा) र कुरुङ्चे, हथितथान मन्दिर, भलथुङ्ग कालिका मन्दिर, सत्यशिला मन्दिर, सिस्नेरी, शिव पार्वती मन्दिर (वेतेनी), कालिका मन्दिर पेलाकोट, दौरालि चण्डीनाथ मन्दिर, वंराती कालिका मन्दिर (वङराती, तार्से सिद्ध मन्दिर पर्यटन स्थल (चिध्यार), सिद्ध मन्दिर (सिमलसरा), कालिका मन्दिर खसकुना, तारादेवी मन्दिर, आदि यस नगरपालिकाका मुख्य धार्मिक स्थलहरु हुन जस्को आफ्नै धार्मिक पहिचान र महत्व रहेको छ ।

गल्याङ नगरपालिकामा विभिन्न किसिमका जात, जाति, भाषा र धर्म भएको मानिसको वसोवास रहेतापनि जातिय विभिन्नता, भाषागत विभिन्नता तथा धार्मिक भिन्नता रहेता पनि सामाजिक स्थिरता तथा शान्तिपूर्ण वातावरणमा कुनै प्रकारको नकारात्मक विभिन्नता देखिएको छैन । विभिन्न चाडपर्वमा एक अर्काको (विपरीत धर्मावलमवी) वीच लवाई खुवाईको परम्पराको सोहाद्रताको प्रमाण रहेको कुरा स्थानीयवासिन्दाहरूको भनाई रहेको छ । यद्यपी न्यून मात्रामा भएपनि दलित जातका मानिसलाई माथिल्लो जातको मानिसहरूले केही विभेद गरिरहेको पाईएको छ । जस्तैः-दलितको हातवाट पानी नखाने दलित वर्गका मानिसहरूलाई ब्राम्हण जातिहरूले घरमा पस्न नदिने एक अर्काको काममा चासो नदिने ईत्यादि भिन्नता भएको पाईन्छ । तर पहिलेको तुलनामा यी विभेदहरू केहि मात्रामा न्यून हुँदै गइरहेको कुराको समूदायसँग गरिएको छलफलवाट पुष्टी हुन्छ ।

तालिका नं.४ : पर्यटकीय स्थलहरूको विवरण

| क.सं | वडा नं. | पर्यटकिय स्थलहरू |
|---|---|---|
| १ | १ | उत्तर बाहिनी खाँडा |
| २ | | श्रीराम गुफा |
| ३ | २ | हलाक डाडा (गराङ्री) |
| ४ | | भवनी कालिका कोटघर |
| ५ | ३ | आँधीखोला, ड्याम, तल्लो गल्याङ्ग |
| ६ | | आँधीखोला उच्च ड्याम |
| ७ | ४ | गुवादी सामुदायिक होमस्टे (गुवादी) |

| | | |
|---|---|---|
| ८ | | गुवादी भ्यू टावर |
| ९ | ५ | शिला सालिग्राम पर्यटन क्षेत्र, सेतीवेनी |
| १० | | सिद्धेश्वर गुफा ढुम्री...... |
| ११ | | तामेकोट, रानीताल |
| १२ | ६ | भलथुम सामुदायक होम स्टे, भलथुम |
| १३ | | मिर्मि ग्रेटवाल (देविस्थान-चन्द्रकोट) |
| १४ | ७ | भाङबारी टोर्के पर्यटकीय स्थल |
| १५ | | राम्चि पर्यटक होम स्टे |
| १६ | | सिद्धगुफा पर्यटकीय स्थल |
| १७ | | सुनपोखरी हरीयाली पर्यटकीय स्थल |
| १८ | ८ | तार्से सिद्ध मन्दिर पर्यटन स्थल (चिध्यार) |
| १९ | | वंराती कालिका मन्दिर (बङराती) |
| २० | ९ | गिजा कालिका भगवति मन्दिर |
| २१ | | मितडाडा (भ्यू तावर, प्यारागल्याडिङ) |
| २२ | | गिजा म्युजिकल होमस्टे |
| २३ | | गिजा सामुदाहिक होमस्टे |
| २४ | १० | लाखुडाडा हिमचुर्का पर्यटन स्थल |
| २५ | | लिउडाडा होमस्टे |
| २७ | | पकवादि होमस्टे |
| २८ | | देदिभञ्ज्याङ होमस्टे |
| २९ | ११ | आलम देवी धार्मिक पर्यटन स्थल |
| ३० | | निम्वार्क सघं आश्रम |

*स्रोत : ग्ल्याङ नगर कार्यपालिकाको कार्यालय, २०७७*

## २.२ भू तथा भू-उपयोगको स्थिति

### २.२.१ भू-उपयोग

मानव जातिको सृष्टि र जन जीवन भू-धरातलमा उपलब्ध प्राकृतिक श्रोतहरूको उपयोगका आधारमा अडेको छ । मानवीय अस्तित्व भित्रका समग्र मानवीय गतिविधिहरू उसले गर्ने जमिन तथा जमिनमा उपलब्ध श्रोतहरूमा पूर्णत निर्भर गर्दछ । तसर्थ भू-आवरण अन्तर्गत मानिसले उपयोगमा ल्याउने वन क्षेत्रको तथ्याङ्क, खेति योग्य जमिन, जल, बालुवा, हिमाल, पहाड, आदिको तथ्याङ्कलाई भू-उपयोग अन्तर्गत उल्लेख गरिएको छ ।

यस नगरपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा ३७.८९ प्रतिशत अर्थात सबैभन्दा धेरै वन क्षेत्रले ओगटेको छ भने दोस्रोमा ३६.४७ प्रतिशत खेती योग्य जमिन रहेको छ । वनको पूर्णत सदुपयोग र वैज्ञानिक व्यवस्थापन खेती योग्य जमिनमा वैज्ञानिक कृषि प्रणाली अबलम्बन गर्न सके उत्पादनको समेत राम्रो सम्भावना देखिन्छ। अर्को तर्फ पछिल्लो यस नगरपालिकामा आवस क्षेत्रले ओगटेको भू-भाग ११.०५ प्रतिशत रहेको छ । यस नगरपालिकाको भू-उपयोग यहाँको वनस्पतिले ओगटेको भू-भाग १२.१३ प्रतिशत ओगटेको छ । जलक्षेत्रले ओगटेको भू-भाग १.७५ प्रतिशत साथै बालुवा र बगर क्षेत्र भने ०.८२ प्रतिशत मात्र देखिन्छ।

### २.२.२ भू-बनौट

ग्ल्याङ नगरपालिकाको भौगर्भिक संरचना महालङ्गुर हिमश्रृङ्खला (क्रिष्ट लाइन) निर्माण हुँदाको बखत भएको हो । यद्यपि धरातलीय (Profile) हेर्दा माटो र चट्टानहरुमा विविधता रहेको पाइन्छ। यसको कारण भू- धरातलमा निरन्तर भईरहने प्राकृतिक प्रक्रियाहरु (Natural Phenomena) जस्तै मौसम तथा ऋतु परिवर्तन, भू-क्ष्य, वायु मण्डलीय चापको प्रभाव, वर्षा, शीत, हिमपान, भुकम्प, जलवायु परिवर्तन, सामान्य हावाहुरी, पहिरो आदि हुन् । यसर्थ नगरपालिकाको उत्तरी खण्डको माटो र चट्टान सामान्यत नेपालको मध्य पहाडी श्रृङ्खला अन्तर्गत पाइने आग्नेय चट्टान (Igneous Rock) तथा पत्रे चट्टानको मिश्रण र तिनीहरुमा भौतिक र रसायनिक परिवर्तन हुँदै जाँदा बन्ने परिवर्तित चट्टान (Metamorphic Rock) को समिश्रणको रुपमा रहेको छ । नगरपालिकाको दक्षिणतर्फ भने युगौंदेखि हिमालय पर्वतमा उत्पत्ति भई खोलाहरुलाई समेटेर निर्माण भएको काली गण्डकी नदीको निरन्तर वहावको परिमाण स्वरुप बनेको यो नगरपालिकाको दक्षिणी भू-भाग रहेको छ। यसरी काली नदिको फाँटको रुपमा रहेको यहाँको माटो मुख्यतया पाँगो मिश्रित मलिलो रहेको छ । खोलानालाको प्रत्यक्ष प्रभाव क्षेत्रमा रहेको माटोमा बालुवाको मात्रा बढी छ भने केही भित्री भागमा चिम्टाइलो र दोमट माटोमा प्राङ्गारिक पदार्थको मात्रा पाइन्छ। यसरी प्राङ्गरिक पदार्थको मात्रा भने निरन्तर खेती भैरहेको क्षेत्रमा केही बढी छ भने बाँझो क्षेत्रमा क्रमशः घटिरहेको पाइन्छ। समथर भागमा रहेको यो नगरपालिकाको माटो उर्वर र खेती योग्य माटोमा पर्दछ ।

## २.३ नगरको आर्थिक सामाजिक स्थिति

### २.३.१ जनसंख्या विवरण

कुनै पनि स्थानको जनसंख्या, विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालनमा नवश्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण हुनु आवश्यक हुन्छ । नेपालमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै नगरपालिका स्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ।

तालिका न. ५ जनसंख्या विवरण

| **विवरण** | **राष्ट्रिय जनगणना २०६८** |
|---|---|
| जम्मा जनसंख्या | ३७,८०९ |
| पुरुष | १६,४७५ (४३.५७ %) |
| महिला | २१,३३४ (५६.४३ %) |
| तेस्रो लिङ्गी | - |
| लैंगिक अनुपात | ०.७७ |
| जम्मा घरधुरी | ८२,७५ |
| परिवारको औषत आकार | ४.५७ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ३०० |

*स्रोत :* राष्ट्रिय जनगणना २०६८

माथिको तालिकामा गल्याङ नगरपालिकाको जनसंख्याको विवरण प्रस्तुत गरिएको छ । घरधुरी सर्वेक्षण, २०६८ अनुसार गल्याङ नगरपालिकाको जनसंख्या ३७८०९ रहेको छ जस मध्ये पुरुष ४३.५७ प्रतिशत (१६४७५ जना) र महिला ५६.४३ प्रतिशत (२१३३४ जना) रहेका छन् । सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ७७ रहेको छ। जनघनत्व (प्रतिवर्ग किलोमिटरमा रहेको जनसंख्या) ३०० जना प्रतिवर्ग किलोमिटर रहेको छ । कुल ८२७५ घरपरिवार रहेको यस नगरपालिकामा प्रति परिवार औषत ४.५७ जना सदस्य रहेको देखिन्छ।

### २.३.३ घरधुरीको आकार र वडागत जनसंख्या

घर र परिवारहरू जनसांख्यिकीमा विश्लेषणको आधारभूत इकाई हुन् । ती उस्तै चीज होइनन् । एउटा घर एक वा धेरै व्यक्तिहरू मिलेर बनेको हुन्छ, जो एकै निवासमा बस्ने र भोजन साझेदारी गर्ने गर्छन् ।

तालिका न.६ : वडागत जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | लिङ्ग | | | | परिवार संख्या | औषत परिवार आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेस्रो लिङ्गी | जम्मा | | | |
| १ | १४३५ | १७९५ | ० | ३२३० | ६७८ | ९.५१ | ४.७६ |
| २ | १५७७ | २०५५ | ० | ३६३२ | ७९६ | ११.५१ | ४.५६ |
| ३ | २४३० | २६३८ | ० | ५०६८ | १२५४ | ३.४८ | ४.०४ |
| ४ | १२२१ | १६३५ | ० | २८५६ | ५७९ | १२.४५ | ४.९३ |
| ५ | ११२४ | १४४६ | ० | २५७२ | ५४० | १६.६८ | ४.७६ |
| ६ | १४८७ | १९१६ | ० | ३४०३ | ७९० | १३.२६ | ४.३१ |
| ७ | १९२८ | २५९१ | ० | ४५१९ | ९५६ | १४.७९ | ४.७३ |
| ८ | १०५१ | १५११ | ० | २५६२ | ५४० | १७.८४ | ४.७४ |
| ९ | १५७९ | २१५९ | ० | ३७३८ | ७९२ | १७.८४ | ४.७२ |
| १० | ७११ | १०७९ | ० | १७९० | ३८९ | ६.४१ | ४.६० |
| ११ | १९३२ | २५०७ | ० | ४४३९ | ९६१ | ११.९५ | ४.६२ |

*स्रोत* : राष्ट्रिय जनगणना २०६८

माथिको तालिकामा गल्याङ नगरपालिकाको वडागत जनसंख्याको विवरण प्रस्तुत गरिएको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार गल्याङ नगरपालिकाको वडा ३ मा धेरै जनसंख्या ५०६८ रहेको छ जस मध्ये पुरुष २४३० जना र महिला २६३८ जना रहेका छन् भने तेस्रो लिङ्गी ० जना रहेका छन् । त्यसैगरी वडा १० मा सबभन्दा थोरै जनसंख्या १७९० रहेको छ जस मध्ये पुरुष ७११ जना र महिला १०७९ जना रहेका छन् भने तेस्रो लिङ्गी ० जना रहेका छन् । नगरपालिकाको कुल घरधुरी ८२७५ छ जसको औसत प्रति परिवार ४.५७ व्यक्ति रहेको छ । वडा नं. ४ मा ४.९३ व्यक्ति रहेको सवैभन्दा ठूलो आकारको घरधुरी रहेको पाइयो जबकि वडा नं. ३ मा ४.०४ व्यक्ति रहेको सवैभन्दा सानो आकारको घरधुरी रहेको पाइयो । वडा नं. ३ मा सबभन्दा बढी १२५४ घरधुरी छ भने वडा नं. १० मा सबैभन्दा कम ३८९ घरधुरी रहेको तथ्यांक पाइयो ।

### २.३.४ उमेर समुह अनुसार जनसंख्या

कुनै पनि स्थानको जनसंख्या एकै उमेरको हुँदैन । एकै उमेरको जनसंख्या भएको स्थानको विकास असामान्य हुन्छ । विभिन्न उमेरको जनसंख्या हुनाले सोही अनुरुपको विकास आवश्यक हुनु आवश्यक हुन्छ । कुनै पनि स्थानमा उमेर समुह २०-५९ को जनसंख्या कम भएमा काम गर्ने सक्ने दक्ष जनशक्तिको अभाव रहेको भनी बुझिन्छ । तलको तालिकामा उमेर समुह अनुसार जनसंख्या विवरण प्रस्तुत गरिएको छ ।

तालिका नं ७ : उमेर समुह अनुसार जनसंख्या

| उमेर समुह | जम्मा | पुरुष | महिला | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| **जम्मा** | ३७,८०९ | १६,४७५ | २१,३३४ | १०० |
| ००-०४ | ३,२०२ | १,६८० | १,५२२ | ८.४७ |
| ०५-०९ | ४,४९० | २,३०३ | २,१८७ | ११.८८ |
| १०-१४ | ५,४६१ | २,६९८ | २,७६३ | १४.४४ |
| १५-१९ | ४,८३२ | २,१८६ | २,६४६ | १२.७८ |
| २०-२४ | ३,०८६ | १,०४६ | २,०४० | ८.१६ |
| २५-२९ | २,४१७ | ७७२ | १,६४५ | ६.३९ |
| ३०-३४ | २,१०० | ७०६ | १,३९४ | ५.५५ |
| ३५-३९ | १,९५३ | ६८० | १,२७३ | ५.१७ |
| ४०-४४ | १,६८३ | ६०८ | १,०७५ | ४.४५ |
| ४५-४९ | १,५९५ | ५९६ | ९९९ | ४.२२ |
| ५०-५४ | १,५५५ | ६६५ | ८९० | ४.११ |
| ५५-५९ | १,३३२ | ५९२ | ७४० | ३.५२ |
| ६०-६४ | १,३१८ | ५९९ | ७१९ | ३.४९ |
| ६५-६९ | १,०२३ | ४८४ | ५३९ | २.७१ |
| ७०-७४ | ७६७ | ३८३ | ३८४ | २.०३ |
| ७५+ | ९९५ | ४७७ | ५१८ | २.६३ |

जनसङ्ख्याको उमेरगत संरचनालाई ५ वर्षको उमेर समूहमा विभाजन गरी अध्ययन गर्दा १० देखि १४ वर्ष उमेर समूहमा कुल जनसङ्ख्याको सर्वाधिक अंश रहेको देखिन्छ । यो उमेर समूहमा कुल जनसङ्ख्याको १४.४४ प्रतिशत हिस्सा रहेको देखिन्छ । यसलाई १२.७८ प्रतिशत जनसङ्ख्या सहित १५ देखि १९ वर्ष उमेर समूहले पछ्याएको छ । पुरूषको हकमा कुल पुरूष जनसङ्ख्याको सबैभन्दा धेरै १० देखि १४ वर्ष उमेर समूहमा र महिलातर्फ पनि कुल महिलाको सबैभन्दा धेरै सोही १० देखि १४ वर्ष उमेर समूहका व्यक्तिहरूमा रहेको देखिन्छ । ० देखि ४ वर्षका वालवालिकाहरूको जनसंख्या ८.४७ प्रतिशत रहेको छ ।

### २.३.५ अपाङ्गता अनुसार जनसंख्या

अशक्तता मानव हुनुको अंश हो । प्रायः सबैजनाले अस्थायी वा स्थायी रूपमा आफ्नो जीवनको कुनै न कुनै समयमा अशक्तताको अनुभव गर्नेछन एक अरव भन्दा बढी मानिसहरू ( विश्वव्यापी जनसंख्याको १५ प्रतिशत (केही अशक्तताको साथ बाँचिरहेका छन र यो संख्या बढ्दो छ ।

अशक्तता भनेको मानिसमा सामाजिक अवरोध हो जसका कमजोरीहरू हुन्छन्, मानिसहरूलाई केही गतिविधिहरू गर्न वा वरपरको संसारसँग अन्तर्क्रिया गर्न यसलाई अझ गाह्रो बनाउँदछ। संज्ञानात्मक, विकास, बौद्धिक, मानसिक, शारीरिक, र वा संवेदी मतभेदहरूको कारण, अशक्त व्यक्तिहरू अनावश्यक रूपमा पृथक र समाजमा पूर्ण सहभागिताबाट वञ्चित छन् ।

तालिका नं.८. जनसंख्याको अपाङ्गता सम्बन्धी विवरण

| जनसंख्याको अवस्था | जम्मा | प्रतिशत |
|---|---|---|
| अपाङ्गता नभएका (Population without disability) | ३७,५५३ | ९९.३२ |
| शारीरिक अपाङ्गता (Physical Disable) | २५६ | ०.६८ |
| दृष्टी बिहीन (Blindness / Low Vision) | ११७ | ०.३१ |
| श्रवण शक्ति कमजोर भएका (Deaf / Hard to Hearing) | ९१ | ०.२४ |
| आँखा नदेख्ने (Deaf-Blind) | ८ | ०.०२ |
| बोल्न नसक्ने (Speech Problem) | ९४ | ०.२५ |
| मानसिक अपाङ्गता (Mental Disable) | ६३ | ०.१७ |
| बौद्धिक क्षमता कमजोर भएका (Intellectual Disable) | ३५ | ०.०९ |
| बहु अपाङ्गता (Multiple Disable) | ५३ | ०.१४ |

*स्रोत* : राष्ट्रिय जनगणना २०६८

माथिको तालिकामा ग्ल्याङ नगरपालिकाको जनसंख्याको अपाङ्गता सम्बन्धी विवरण प्रस्तुत गरिएको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार ग्ल्याङ नगरपालिकामा अपाङ्गता नभएका जम्मा जनसंख्या ३७,५५३ अर्थात् ९९.३२ प्रतिशत रहेको छ, जस मध्ये पुरुष १६,५५१ जना र महिला २०,९९२ जना रहेका छन्। अपाङ्गताका विभिन्न किसिम मध्ये शारीरिक अपाङ्गता, दृष्टी बिहीन, श्रवण शक्ति कमजोर भएका, आँखा नदेख्ने, बोल्न नसक्ने, मानसिक अपाङ्गता, बौद्धिक क्षमता कमजोर भएका साथै बहु अपाङ्गता भएका जनसंख्या संसारको हरेक ठाउँमा हुन्छन् । त्यस्तै ग्ल्याङ नगरपालिकामा शारीरिक अपाङ्गता भएका जम्मा जनसंख्या २५६ अर्थात् ०.६८ प्रतिशत रहेको छ, दृष्टी बिहीन भएका जम्मा जनसंख्या ११७ अर्थात् ०.३१ प्रतिशत रहेको छ । त्यस्तैगरी बहु अपाङ्गता भएका जम्मा जनसंख्या ५३ अर्थात् ०.१४ प्रतिशत रहेको छ । जस्तो अपाङ्गताका बावजुत पनि यी जनसंख्या कुनै पनि कारणले पछि छैनन् भन्ने विश्वास दिलाउनुपर्छ।

## २.३.६ घरपरिवारको स्वामित्व

नगरपालिकाको कुल घरधुरी ८२७५ छ जस मध्ये घरको स्वामित्व आफ्नो भएको घरपरिवारको संख्या ७३५८ अर्थात् ८८.९२ प्रतिशत रहेको छ। साथै भाडामा बस्ने घरपरिवारको संख्या ८०७ अर्थात् ९.७४ प्रतिशत रहेको छ। त्यसैगरी २४ घरपरिवार संस्थागत भवनमा आश्रित छ।

तालिका नं.९. घरपरिवारको स्वामित्व अनुसार विवरण

| विवरण | जम्मा | आफ्नो | भाडा | संस्थागत | अन्य |
|---|---|---|---|---|---|
| घरपरिवार | ८२७५ | ७३५८ | ८०७ | २४ | ८६ |
| प्रतिशत | १०० | ८८.९२ | ९.७४ | ०.२९ | १.०४ |

*स्रोत* : राष्ट्रिय जनगणना २०६८

### २.३.७ जात तथा वर्गको आधारमा जनसंख्याको वर्गीकरण

यस नगरपालिकामा विभिन्न किसिमका जात, जाति, भाषा र धर्म भएको मानिसको वसोवास रहे तापनि जातिय विभिन्नता, भाषागत विभिन्नता तथा धार्मिक भिन्नता रहेता पनि सामाजिक स्थिरता तथा शान्तिपूर्ण वातावरणमा कुनै प्रकारको नकारात्मक विभिन्नता देखिएको छैन । विभिन्न चाडपर्वमा एक अर्काको (विपरीत धर्मावलमवी) वीच लवाई खुवाईको परम्पराको सोहाद्रताको प्रमाण रहेको कुरा स्थानीय वासिन्दाहरूको भनाई रहेको छ । यद्यपी न्यून मात्रामा भएपनि दलित जातका मानिसलाई माथिल्लो जातको मानिसहरूले केही विभेद गरिरहेको पाईएको छ । जस्तैः-दलितको हातवाट पानी नखाने दलित वर्गका मानिसहरूलाई ब्राम्हण जातिहरूले घरमा पस्न नदिने एक अर्काको काममा चासो नदिने ईत्यादि भिन्नता भएको पाईन्छ । तर पहिलेको तुलनामा यी विभेदहरू केहि मात्रामा न्यून हुँदै गइरहेको कुराको समूदायसँग गरिएको छलफलवाट पुष्टी हुन्छ ।

नगरपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धैरै १६,६२८ अर्थात ४३.९८ प्रतिशत ब्राम्हण पहाड, दोस्रोमा १३,१३८ अर्थात ३४.७५ प्रतिशत मगर, तेस्रोमा कामी २,७७२ अर्थात ७.७३ प्रतिशत, चौथोमा १,१६३ नेवार ३.०८ प्रतिशत रहेका छन् । त्यसैगरी ब्राम्हण -पहाड, नेवार, मुसलमान, गुरुङ्ग, दमाई/ढोली र अन्य जातजातिहरूको पनि बसोबास रहेको छ । यसरी जातिय हिसाबले विविधता युक्त समाजमा स्थानीयहरू सामाजिक सहिष्णुताका साथ वसेको पाइन्छ । सन्यासी /दशनामी, घर्ती/भुजेल, कुमाल जस्ता जाती र जनजातिहरूको थातथलोको रुपमा समेत रहेको यो नगरपालिकामा माझी, दराई, बोटे जस्ता जनजातिहरूको लगायत अन्य जातजातिको मौलिक संस्कृति, परम्परा, भाषा र रहन सहनलाई संरक्षण गरी उनीहरूको पहिचान कायम राख्ने कार्यक्रमहरूको निर्माण गर्न आवश्यक छ । विस्तृत विवरण जातजातिअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं १० : जातजाति अनुसार जनसंख्या विवरण

| जातजाति | जम्मा | पुरुष | महिला | जम्माको प्रतिशत |
|---|---|---|---|---|
| क्षेत्री | १,१३६ | ५०३ | ६३३ | ३.०१ |
| ब्राम्हण पहाड | १६,६२८ | ७,१८४ | ९,४४४ | ४३.९८ |
| मगर | १३,१३८ | ५,७०८ | ७,४३० | ३४.७५ |
| थारु | ५५ | ३७ | १८ | ०.१५ |
| तामाङ | ३२ | २० | १२ | ०.०८५ |
| नेवार | १,१६३ | ५२१ | ६४२ | ३.०८ |
| मुसलमान | १२९ | ७६ | ५३ | ०.३४ |
| कामी | २,७७२ | १,२११ | १,५६१ | ७.७३ |
| गुरुङ | ५४६ | २६४ | २८२ | १.४४ |
| दमाई | ८८२ | ३८३ | ४९९ | २.३३ |
| ठकुरी | ३८ | १७ | २१ | ०.१ |
| सार्की | ४७७ | १९७ | २८० | ०.०१ |
| सन्यासी | १८ | ११ | ७ | ०.०४ |
| ब्राम्हण तराई | १३२ | ५२ | ८० | ०.३४ |

| | | | | |
|---|---|---|---|---|
| घती | ४८५ | २०७ | २७८ | १.२८ |
| कमाल | १३ | ७ | ६ | ०.०३ |
| ठाकुर | ११ | ८ | ३ | ०.०२ |
| माझी | ४० | २० | २० | ०.११ |
| अन्य | १२ | ६ | ६ | ०.०३ |
| तराई अन्य | ८८ | ३५ | ५३ | ०.२३ |
| **जम्मा** | ३७,८०९ | १६,४७५ | २१,३३४ | १०० |

*स्रोत :* राष्ट्रिय जनगणना २०६८

### २.३.८ मातृभाषा अनुसार जनसंख्याको वर्गीकरण

भाषा संचारको एक माध्यम हो, जसले व्यक्तिहरूका बिच विचारहरूको आदान-प्रदान गराउछ र समूह, समूदाय तथा समाजका सबै तहका व्यक्तिहरूका व्यवहारलाई परिचित गराउछ । त्यस्तै मानवीय इच्छा, आकांक्षा तथा आवश्यकताहरू मुखरत गर्ने, पूरा गर्न आवाज बुलन्द गराउने माध्यम नै भाषा हो । हाम्रो देश विविध जनजाति भएको देश हुनाले विभिन्न मातृभाषाहरू स्थानीय भाषाको रूपमा प्रयोग गरिएकाछन् । यस्तै विभिन्न जनजातिका आ-आफ्नै भाषा रहेको हुदा भाषामा विविधता रहेको पाइन्छ । नेपालको राष्ट्रभाषा नेपाली हो, जहाँ दुई तिहाइ भन्दा वढी मानिसहरू नेपाली भाषा नै प्रयोग गरेका छन् । राष्ट्रभाषा नेपालीको अतिरिक्त राष्ट्रिय भाषाहरू रहेका छन् । यहाँका धेरैजसो भाषाहरू जातिगत भाषाका रूपमा विकसित भएको पाइन्छ ।

तालिका नं ११: मातृभाषा अनुसार जनसंख्या विवरण

| मातृभाषा | जम्मा | पुरुष | महिला | जम्माको प्रतिशत |
|---|---|---|---|---|
| नेपाली | २५,६०० | ११,१३२ | १४,४६८ | ६७.७१ |
| मैथिली | २३ | १२ | ११ | ०.०६ |
| भोजपुरी | ५७ | ३० | २७ | ०.१५ |
| नेवार | ९२० | ४०५ | ५१५ | २.४३ |
| मगर | १०,६०७ | ४,५८८ | ६,०१९ | २८.०५ |
| गुरुङ्ग | ४३८ | २०९ | २२९ | १.१६ |
| उर्दु | ४० | २२ | १८ | ०.११ |
| अवधी | १४ | ९ | ५ | ०.०४ |
| थारु | ३६ | २५ | ११ | ०.१० |
| अन्य | ३७ | १९ | १८ | ०.१० |
| थाहा नभएको | १५ | ३ | १२ | ०.०४ |
| **जम्मा** | ३७,८०९ | १६,४७५ | २१,३३४ | १०० |

*स्रोत :* राष्ट्रिय जनगणना २०६८

२०६८ सालको जनगणनाको नतिजाले यस नगरपालिकामा मगर भाषा नेपाली हुने व्यक्तिहरूको सर्वोच्च हिस्सा रहेको देखाएको छ । यसअनुसार मगर भाषा हुनेहरू संख्या १०,६०७ अर्थात् २८.०५ प्रतिशत देखिन्छ । मगर पछि नेवार मातृभाषा हुनेहरू २.४३ प्रतिशत हिस्सासहित दोस्रो बाहुल्यतामा छन् । यसैगरी तेश्रो स्थानमा देखिएको भाषा गुरुङ्ग हो जसको प्रतिशत १.१६ प्रतिशत पुगेको छ ।

### २.३.९ शिक्षा र साक्षरताको स्थिति

साक्षरताले पढ्न र लेख्न सक्ने सिपभन्दा माथि समग्र मानव विकास सूचकलाई इंगित गर्दछ। तथ्यहरूका अनुसार महिला साक्षरताले समग्र बहुआयामिक गरिबी सूचकमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । नगरपालिकामा ५ वर्ष वा सो भन्दामाथि उमेर समूहका कूल ३४,६०७ जनसंख्या रहेका छन् । नगरपालिकामा ५ वर्ष वा सो भन्दा माथि उमेर समूहका कूल जनसंख्या मध्ये ६६.४१ प्रतिशत साक्षर रहेका छन् । नगरपालिकामा पढ्न र लेख्न सक्ने साक्षर जनसंख्या २७,२१५ रहेका छन् भने पढ्न मात्र सक्ने ५४१ जना रहेका छन् । पढ्ने र लेख्ने दुवै सिप नभएका अर्थात निरक्षर जनसंख्या ७८.६७ प्रतिशत रहेको छ । पुरुष र महिला तुलना गर्दा सबैभन्दा बढी साक्षरता प्रतिशत पुरुषको ८३.१ रहेको छ भने महिलाको ७३.०९ प्रतिशत रहेको छ ।

तालिका नं १२ : ५ वर्ष वा सो भन्दा माथि उमेर समूहका जनसंख्याको साक्षरताको स्थिति

| विवरण | | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| ५ वर्ष वा सो भन्दा बढी उमेरको जनसंख्या | | ३४,६०७ | १४७९५ | १९८१२ |
| जनसंख्याको अवस्था | पढ्न लेख्न सक्ने | २७,२१५ | १२,७३५ | १४,४८० |
| | पढ्न मात्र सक्ने | ५४१ | २४१ | ३०० |
| | पढ्न लेख्न नसक्ने | ६८३९ | १८१७ | ५०२२ |
| साक्षरता दर | | ७८.६७ | ८६.१ | ७३.०९ |

*स्रोत* : राष्ट्रिय जनगणना २०६८

### २.३.१० शैक्षिक संस्थाको विवरण

नगरपालिकामा हाल ६४ सामुदयिक तथा ६ निजी सहित ७० वटा विद्यालय सञ्चालनमा रहेका छन । ४६ वटा आधारभुत तह, ८ वटा माद्यमिक विद्यालय, २ वटा  क्याम्पस रहेका छन् । कतिपय सामुदायिक विद्यालयहरू समुदायमा हस्तान्तरण गरिसकिएको छ भने ग्रामीण भेगका केही क्षेत्रहरूमा समुदायको पहलमा विद्यालय स्थापना गरी सम्पुर्ण खर्च स्थानीयवासीहरूले नै जुटाई विद्यालय सञ्चालन गरेको अवस्था छ ।

यस नगरपालिकामा सामुदायिक र संस्थागत विद्यालय अन्तर्गत आधारभूत विद्यालय कक्षा १-५ सम्मका २५ वटा सामुदायिक र ३ वटा संस्थागत गरी जम्मा २८ वटा विद्यालयहरु छन् । त्यस्तै आधारभूत विद्यालय कक्षा ६-८ सम्मका १२ वटा सामुदायिक र १ वटा संस्थागत गरी जम्मा १३ वटा विद्यालयहरु छन् । त्यस्तै माध्यमिक तह कक्षा १-१० सम्मका ६ वटा सामुदायिक र ० वटा संस्थागत गरी जम्मा ६ वटा विद्यालयहरु छन् ।

तालिका न.१३ :  शैक्षिक संस्थाको विवरण

| शैक्षिक संस्थाको संख्या | | | | | |
|---|---|---|---|---|---|
| बाल विकास केन्द | आधारभूत विद्यालय | मा.वि. | उच्च मा.वि. | क्याम्पस | प्राविधिक शिक्षालय |
| ० | ४६ | ८ | १४ | २ | ० |
| सामुदायिक र संस्थागत विद्यालयको संख्या | | | | | |

| आधारभूत विद्यालय कक्षा १-५ | | | आधारभूत विद्यालय कक्षा ६-८ | | | माध्यमिक तह कक्षा १-१० | | |
|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | संस्थागत | जम्मा | सामुदायिक | संस्थागत | जम्मा | सामुदायिक | संस्थागत | जम्मा |
| | | | | | | | | |
| अन्य शैक्षिक संस्थाहरु | | | | | | | | |
| माध्यमिक तह कक्षा १-१२ | | | सामुदायिक सिकाई केन्द | | | श्रोत केन्द | | |
| सामुदायिक | संस्थागत | जम्मा | | | | | | |
| | | | | | | | | |

*स्रोत : राष्ट्रिय जनगणना २०६८*

## २.३.१० तहगत शैक्षिक स्थिति

तहगत रुपमा शैक्षिक स्तरको अध्ययन गर्दा एस.एल.सी. तहसम्म २०,३९६ जनसंख्या रहेको छ। त्यसैगरी कक्षा १२ वा सो सरह सम्म १४३३ जनसंख्या रहेको छ। स्नातक वा सो सरह सम्म ४३४ जनसंख्या रहेको छ र स्नात्कोत्तर वा सो भन्दा माथी १४५ जनसंख्या रहेको छ। अनौपचारिक शिक्षा पाउने को संख्या १७३२ रहेको छ।

तालिका नं १४ : ५ देखि १० कक्षासम्मको विद्यार्थी विवरण

| शैक्षिक तह | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११, १२ | स्नातक | स्नात्कोत्तर वा सो भन्दा माथी |
|---|---|---|---|---|---|---|
| जम्मा | ९,६३० | ६,५४४ | ४,२२२ | १,४३३ | ४३४ | १४५ |
| पुरुष | ४,७१६ | २,७२९ | १,८५० | ६९० | २७२ | ११९ |
| महिला | ४,९१४ | ३,८१५ | २,३७२ | ७४३ | १६२ | २६ |

*स्रोत : राष्ट्रिय जनगणना २०६८*

तालिका नं १५ : साक्षरता दर

| लिङ | ५ वर्षभन्दा माथिको जनसंख्या | साक्षर जनसंख्या | साक्षरता दर |
|---|---|---|---|
| जम्मा | ३४,६०७ | २७,२१५ | ७८.६७ |
| परुष | १४,७९५ | १२,७३५ | ८६.१ |
| महिला | १९,८१२ | १४,४८० | ७३.०९ |

*स्रोत : राष्ट्रिय जनगणना २०६८*

## २.३.११ भवनहरूको बनावट

भूकम्पीय दृष्टिकोणले संवेदनशील रहेको नेपालमा घरहरू निर्माण गर्दा भूकम्प प्रतिरोधी बनाउनु आवश्यक छ। यसको अलावा घरहरू जाडो, गर्मी, तुषारो र हिमपातबाट जनतालाई जोगाउने किसिमका हुनुपर्दछ। अति विपन्न परिवारका लागि एकीकृत बस्ती निर्माण गरी सरकारले उनीहरूको आवास सुरक्षाको अधिकार सुनिश्चित गरेको खण्डमा राज्यको लोक कल्याणकारी भूमिका पुष्टि हुन्छ।

परिवार बसोबास गरिरहेको घर वा आवासीय इकाइको बनौटलाई सो घर/आवासीय इकाइको भौतिक संरचनाका मुख्य अङ्गहरू जग, बाहिरी गारो र छानाको बनावटको आधारमा विश्लेषण गरिएको छ। नतिजा अनुसार परिवारहरूले प्रयोग गरिरहेको घरहरूमध्ये ७.५ प्रतिशतको सिमेन्ट जडित इटा/ढुङ्गाबाट बनेका, ५.८२ प्रतिशतको ढलान पिलरसहितको, २.३

प्रतिशतको काठको खम्बा गाडिएको, ८३.४२ प्रतिशतको जग माटो जडित इटा/ढुङ्गाबाट बनेको र बाँकी अन्य बनौटको जग रहेको देखिएको छ ।

बजार क्षेत्रमा ढलान पिलरसहितको जग रहेका घर/आवासीय इकाइहरूको धेरै देखिन्छन् साथै घरहरूको जग सिमेन्ट जडित इटा/ढुङ्गा बनेका पनि देखिन्छन् र ग्रामीण क्षेत्रमा भने घरहरूको जग माटो जडित इटा/ढुङ्गा तथा काठको खम्बाबाट बनेको देखिन्छ । यस नगरका सबैभन्दा बढी परिवारहरू ८०.९ प्रतिशत बाहिरी गाह्रो माटोको जोडाई ढुंगा वा ईट्टा भएको घरमा बसेको पाइन्छ । बाहिरी गाह्रो सिमेन्टको जोडाई ढुंगा वा ईट्टा भएको घरमा १६.४१ प्रतिशत परिवारहरू तथा बाहिरी गाह्रो काठ वा फलेक भएको घरमा ०.२६ प्रतिशत परिवारहरू बसोबास गर्दछन् ।

आवासीय घरको छानाको बनौट हेर्दा कुल परिवारले बसोबासका लागि प्रयोग गरिरहेका घरहरू मध्ये ०.१०८ प्रतिशतको टायल/स्लेटबाट, ६२.८३ प्रतिशतको जस्ता/टिनबाट, ११.९८ प्रतिशतको सिमेन्ट/ढलानबाट, २३.९६ प्रतिशतको खर/परालबाट छाना बनेको देखिएको छ । त्यसैगरी बाँकी छाना अन्य सामग्रीको प्रयोगबाट बनेको देखिन्छ । बजार क्षेत्रका प्राय धेरैजसो घरहरूको सिमेन्ट/ढलानबाट बनेको देखिन्छ भने अन्य क्षेत्रमा जस्ताबाट छाना निर्मित घरहरूको बाहुल्यता रहेको देखिन्छ ।

तालिका न.१६ : घरको किसिमको आधारमा घरपरिवार विवरण

| | जगको प्रकार अनुसार घरको विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| विवरण | माटो इट्टा/ढुङ्गा | सिमेन्ट इट्टा/ढुङ्गा | आर सिसी पिलर | काठको पिलर | अन्य | थाहा नभएको |
| घरपरिवार | ६९०३ | ६२१ | ४८२ | २१२ | २२ | ३५ |
| प्रतिशत | ८३.४२ | ७.५ | ५.८२ | २.३ | ०.२६ | ०.४४ |
| | बाहिरी गारोको प्रकार अनुसार घरको विवरण | | | | | |
| विवरण | माटो इट्टा/ढुङ्गा | सिमेन्ट इट्टा/ढुङ्गा | काठ/फ्लाक | बाँसको | काचो इट्टा | थाहा नभएको |
| घरपरिवार | ६६८१ | १३५८ | २२ | १५४ | २८ | ११ |
| प्रतिशत | ८०.९ | १६.४१ | ०.२६ | १.९ | ०.४३ | ०.१४ |

| | छानाको प्रकार अनुसार घरको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विवरण | खर/छ्वाली | जस्तापाता | टायल/स्लेट | आरसिसी | काठ/फ्लाक | अन्य | थाहा नभएको |
| घरपरिवार | १९८ | ५१९९ | ९ | ९९१ | २६ | २ | ० |
| प्रतिशत | २३.९६ | ६२.८३ | ०.१०८ | ११.९८ | ०.३१४ | ०.०२ | ० |

*स्रोत* : राष्ट्रिय जनगणना २०६८

### २.३.१२ टेलिफोन, बिजुली र अन्य सुविधा

नेपालमा निजी, सरकारी तथा अन्तराष्ट्रिय लगानीमा विद्युतीकरणका प्रयासहरू भईरहेका भए पनि कतिपय नीतिगत अस्पष्टता, प्राविधिक कठिनाई, राजनैतिक अस्थिरता र कडा अनुगमन प्रणालीको अभाव जस्ता कारणले तीव्र गतिमा विद्युतिकरण हुन सकिरहेको छैन । ग्रामीण विद्युतीकरण, लघु जलविद्युत आयोजना तथा बृहत जलविद्युत परियोजना सञ्चालन गरेर देशमा निर्वाहमुखी मात्र होइन कि निर्यात मुखी उत्पादन गरी उर्जा संकट समाधान गर्नुको साथै विदेशी मुद्रा आर्जन गर्न सकिने प्रचुर संभावना नेपालसँग छ । यसका लागि लगानी मैत्री वातावरणको आवश्यकता छ ।

यस नगरपालिकाका सबै वडाहरूमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। घरधुरी सर्वेक्षण, २०६८ को नजिता अनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ।

नगरालिकामा घरपरिवारहरूले दैनिक बत्ती बाल्न प्रयोग गर्ने इन्धनको स्रोत विश्लेषण गर्दा नगरपालिकाका कूल घरपरिवारहरू मध्ये ७९९७ अर्थात ९६.६४ प्रतिशतले विजुली (विद्युत), ४ अर्थात ०.०५ प्रतिशतले सोलार, २२१ अर्थात २.६७ प्रतिशतले मट्टितेल, गोबरग्याँस र अन्य इन्धनको स्रोत प्रयोग गर्ने न्युन पाइयो। यस तथ्याङ्कलाई हेर्दा ग्रामीण विद्युतिकरणमा व्यापक विकास नभई विद्युत सेवाको पहुँच नपुगेको परिवारहरू धेरै रहेको देखिन्छ भने सेवा नपुगेका क्षेत्रहरूमा त्यसको विस्तार हुनु जरूरी छ। विद्युतको लागि साधन प्रयोग अनुसार विवरण तालिकामा प्रस्तुत गरिएको छ।

तालिका न. १७ : विद्युतको लागि साधन प्रयोग गर्ने साधन

| विवरण | विद्युत | मट्टीतेल | गोबर ग्यास | सोलार | अन्य | थाहा नभएको |
|---|---|---|---|---|---|---|
| घरपरिवार | ७,९९७ | २२१ | ३० | ४ | १० | १३ |
| प्रतिशत | ९६.६४ | २.६७ | ०.३६ | ०.०५ | ०.१२ | ०.१६ |

*स्रोत* : राष्ट्रिय जनगणना २०६८

राष्ट्रिय जनगणना २०६८ को नतिजाले यस नगरपालिकाका कुल परिवार मध्ये अधिकांश परिवारले खाना पकाउन अक्सर काठ तथा दाउरा प्रयोग गर्ने गरेको देखाएको छ। कुल परिवारको ८५.४४ प्रतिशतले खाना पकाउन अक्सर काठ तथा दाउरा प्रयोग गर्ने गरेको देखिन्छ। कुल परिवारको १२.२८ प्रतिशतले खाना पकाउन एल पी ग्यास प्रयोग गर्ने गरेको देखिन्छ। त्यस्तै खाना पकाउन अक्सर गोबर ग्याँस प्रयोग गर्नेको हिस्सा ०.०५ प्रतिशत रहेको छ। खाना पकाउन मट्टीतेल प्रयोग गर्ने परिवारको प्रतिशत ०.२४ रहेको छ। खाना पकाउन विद्युत प्रयोग गर्ने परिवारको संख्या अगन्य देखिन्छ।

तालिका न. १८ : खाना पकाउनको लागि प्रयोग गर्ने इन्धन

| विवरण | काठ/दाउर | मट्टीतेल | एल पी ग्यास | गोबर ग्यास | बायो ग्यास | विद्युत | अन्य | थाहा नभएका |
|---|---|---|---|---|---|---|---|---|
| घरपरिवार | ७,०७० | २० | १,०१६ | ४ | १३२ | १९ | १ | १३ |
| प्रतिशत | ८५.४४ | ०.२४ | १२.२८ | ०.०५ | १.६० | ०.२३ | ०.०१ | ०.१६ |

*स्रोत* : राष्ट्रिय जनगणना २०६८

तालिका न.१९ : घरपरिवारमा भएका सुविधा सम्बन्धी विवरण

| विवरण | | संख्या | प्रतिशत |
|---|---|---|---|
| जम्मा | | ८,२७५ | १०० |
| कुनै सुविधा नभएका | | ५७६ | ६.९६ |
| कम्तीमा एउटा सुविधा भएका | | ७,५५० | ९३.०४ |
| | रेडियो | ४६०० | ५५.५९ |
| | टेलिभिजन | १६९३ | २०.४६ |
| | केबल टेलिभिजन | २७६४ | ३३.४६ |
| | कम्प्युटर | ३५३ | ४.२७ |

| | | | |
|---|---|---|---|
| घरपरिवारमा भएका सुविधा | इन्टरनेट | १३५ | १.६३ |
| | टेलिफोन | ३३१ | ४ |
| | मोबाइल फोन | ६९३० | ८३.७५ |
| | मोटर | ७९ | ०.९५ |
| | मोटरसाइकल | ४०३ | ४.८७ |
| | साइकल | ७९ | ०.९५ |
| | अन्य सवारी साधन | ९ | ०.११ |
| | फ्रिज | ५७६ | ६.९६ |
| सुविधा थाहा नभएका | | १४९ | १.८० |

*स्रोत* : राष्ट्रिय जनगणना २०६८

एक्काईसौं शताब्दीको भूमण्डलीकृत समाज सूचना र सञ्चारको युगमा छ । सूचना र सञ्चारको क्षेत्रमा आएको क्रान्तिलाई नेपालको शहरी क्षेत्रले लगभग आत्मसाथ गरिसकेको भएपनि ग्रामीण क्षेत्रमा टेलिभिजन, पत्रपत्रिका, ईन्टरनेट, टेलिफोन, मोबाइल र कुरियर सेवा विस्तार हुन बाँकी छ। सञ्चार र प्रविधिका यी माध्यमहरूको पूर्णरुपले विकास गरी ग्रामीण जनतालाई सूचना र सञ्चारको दुनियाँमा प्रवेश गराउनु चुनौतिपूर्ण रहेको छ। नेपालको संविधानले जनताको सूचनाको हकलाई मौलिक हकको रुपमा परिभाषित गरेको छ।

नगरपालिकामा साधन तथा सुविधाको उपलब्धताको तथ्याङ्क हेर्दा नगरपालिकामा रहेका कूल घरपरिवारहरू मध्ये सबैभन्दा बढी उच्च मोबाइल फोन प्रयोगकर्ताको संख्या ६९३० रहेको छ। दोस्रोमा रेडियो सुविधा भएको परिवार संख्या ४६००, टेलिभिजन हुने परिवार संख्या १६९३ रहेको देखिन्छ भने इन्टरनेट १३५ घरपरिवारमा रहेको देखिन्छ। तथ्याङ्कलाई हेर्दा संचार क्षेत्रको मोबाइल फोन प्रयोगकर्ताहरू धेरै भएको अवस्था छ। मोबाइल प्रयोगकर्ताले सबैखाले संचारका सुविधा जस्तै श्रव्य, दृष्य, सूचना, गीत, खबर आदान प्रदान लगायतका धेरै काम गर्न सहज हुने भएकोले टेलिभिजन, रेडियो प्रयोगकर्ताको संख्या पछिल्लो समयमा इन्टरनेट तथा मोबाइल फोनको प्रयोग बढ्दै जाँदा न्यून हुँदै जाने देखिन्छ। अर्को तर्फ कार/जीप, एर कन्डिसनर, हिटर वाग्याँस गिजर जस्ता उच्च सुविधाका सामाग्रीहरूको संख्या झन् कम देखिन्छ। यद्यपि ग्रामीण इलाकाहरूमा समेत क्रमशः आधुनिक सुख सुविधाका सामग्रीहरूका प्रयोगकर्ताहरू बढ्नाले उपभोक्तावादी संस्कृतिको विकास भइरहेको देखिन्छ। वडागत रुपमा विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

### २.३.१३ नगरपालिका क्षेत्र भित्र गरीबीको तथा सुकुम्बासी समस्या र स्थिति

विश्व बैङ्कको सहयोगमा केन्द्रिय तथ्याङ्क विभागले तयार पारेको 'नेपालमा गरिबी : नेपाल जीवनस्तर सर्वेक्षण तेस्रो २०६६/६७' नाम दिएर प्रकाशन गरिएको प्रतिवेदनमा नेपालमा सालाखाला गरिबीको रेखामुनि रहेको जनसंख्या २५ प्रतिशत रहेको उल्लेख छ। त्यस पश्चात थप प्रतिवेदन तयार भएको छैन भने हाल त्यो प्रतिशत घटेको अनुमान लगाउन सकिन्छ। उक्त प्रतिवेदनमा औषतमा प्रति व्यक्ति प्रति वर्ष रु. १९,२६१।- रुपैयालाई गरिबीको रेखा मानिएको छ भने त्यो शहरी क्षेत्रमा बढी अर्थात् ४०,९३३ र ग्रामीण क्षेत्रमा १५,९९८ रहेको उल्लेख छ।

नेपालमा परिवारको जमिन माथिको स्वामित्वको विषयलाई आर्थिक हैसियतसँग गाँसेर हेरिन्छ। नेपालको अर्थतन्त्र कृषिमा आधारित हुँदा जमिन माथिको स्वामित्वलाई आर्थिक हैसियतसँग गाँसेर हेर्नु स्वाभाविक भएता पनि पछिल्लो समयमा वैदेशिक रोजगार लगायत अन्य सेवा क्षेत्रमा मानिसहरूको पहुँच वृद्धि हुँदा गैह्र कृषि क्षेत्रबाट आफ्नो आर्थिक हैसियत निर्माण गर्ने परिपाटी सुरु भएको पाईन्छ। अर्कोतर्फ जमिन माथिको स्वामित्वलाई आफ्नो थातथलो वा आवासको स्थलका रुपमा समेत हेरिन्छ। यसर्थ हरेक नागरिकको जमिन माथिको स्वामित्वलाई सदियौंदेखि एक प्रमुख आर्थिक सामाजिक तथा राजनैतिक मुद्दाको रुपमा हेरिँदै आएको छ। त्यस्तै नेपालमा जमिनको वितरण अवैज्ञानिक रहेको। भूमिहीनहरू किसान छन् भने भूमिमा प्रशस्त स्वामित्व भएकाहरूले सामान्यतया खेति पानी गर्दैनन् वा केहीले मात्र गर्दछन्।

सामुदायिक आत्मनिर्भर केन्द्र (CSRC) को वेबसाइटमा उल्लेख भए अनुसार नेपालमा २६.१ प्रतिशत कृषक परिवारहरूको आफ्नो स्वामित्व रहेको जमिन छैन । जम्मा १९.७१ प्रतिशत महिलाहरूको जमिनमा स्वामित्व रहेको छ र करिब ४४ प्रतिशत तराई दलितहरू सुकुम्बासी अवस्था रहेका छन् ।

### २.३.१४ खानेपानी तथा सरसफाईको स्थिति

नेपालजस्तो फ्रेसवाटरको पर्याप्तता भएको देशमा स्वच्छ पिउने पानीको अभावमा जनताहरूले दुःख पाउनु विडम्बनाको कुरा हो । शुद्ध पिउने पानी भएन भने यसले जन स्वास्थ्यमा प्रतिकुल असर पार्दछ । प्रदुषित पानीबाट विभिन्न किसिमका रोगहरूको संक्रमण हुन्छ । नेपालमा दुर्गम पहाडी ईलाकाहरूमा वर्षेनी प्रदुषित पानीका कारण थुप्रै नागरिकहरूले अनाहकमा झाडापखाला जस्तो सामान्य रोगबाट ज्यान गुमाउनु परिरहेको अवस्था छ । यसका अतिरिक्त शहरी क्षेत्रमा पनि पहिलो कुरो त खानेपानीको आपुर्ति आवश्यकताभन्दा अन्यन्तै न्यून छ । दोस्रो कुरा त सुरक्षित ढल निकासको अभावमा पानीको प्रदुषणले बेलाबेलामा महामारी फैलने गरेको पाईन्छ । तसर्थ शुद्ध खानेपानीप्राप्त गर्नु जनतको नैसर्गिक अधिकार हो भने सुरक्षित खानेपानी उपलब्ध गराउनु सरकारको प्रारम्भिक दाहित्व हो ।

यस नगरपालिकामा रहेका ८२७५ घरपरिवारहरू मध्ये धारा/पाइप मार्फत आपूर्ति गरिएको पानी पिउनेको संख्या ६७६१ अर्थात ८१.६० प्रतिशत भएकाले सामान्यतया आधा घरपरिवारले धारा/पाइपको पानी पिउने गर्दछन् भन्न सकिन्छ । यद्यपि दोस्रोमा खुला ईनार/कुवाको पानी पिउने परिवारको संख्या ७३१ अर्थात ८.८३ प्रतिशत रहेका छन् । तेस्रोमा ढाकेको कुवा/इनारको पानी पिउने परिवारको संख्या २३६ अर्थात २.८५ प्रतिशत रहेका छन् । अन्य श्रोत प्रयोग गर्नेको संख्या नगन्य रहेको छ । श्रोतगत रुपमा विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका न.२० : खानेपानीको मुख्य श्रोतको आधारमा घरपरिवारको विवरण

| विवरण | धारा/पाइप | ट्युवेल | ढाकेको कुवा/इनार | खुला कुवा/इनार | ढुङ्गे धारा | नदी/खोला | अन्य |
|---|---|---|---|---|---|---|---|
| घरपरिवार | ६७६१ | ५ | २३६ | ७३१ | ३३१ | ५४ | २८ |
| प्रतिशत | ८१.६० | ०.०६ | २.८५ | ८.८३ | ४ | ०.६५ | ०.३३ |

*स्रोत* : राष्ट्रिय जनगणना २०६८

कतिपय दुर्गम नगरवस्तीमा अहिले पनि मानिसहरू पानीका श्रोत तथा खुला ठाउँमा दिशा पिसाब गर्ने गर्दछन् । सभ्य समाजको निम्ति यो अभ्यास असभ्यताको प्रतीक हो । खुला क्षेत्रमा गरिने मलमुत्र विर्सजनले मानिसको शरीरमा खाना, पानी र श्वास प्रश्वास मार्फत किटाणुको प्रवेश हुन्छ । त्यसकारण प्रत्येक घरमा शौचालय निर्माण अनिवार्य आवश्यकता हो । सरकार तथा विभिन्न गैरसरकारी संस्थाहरूले हाल आएर शौचालय निर्माणलाई प्राथमिकता दिएको पाईन्छ । निजी घर तथा सार्वजनिक स्थलहरूमा हातधुने पानी सहित शौचालय हुनु पर्दछ । विपन्न समुदायका परिवारहरूले आफै शौचालय निर्माण गर्न नसकेको अवस्थामा सरकार विशेष गरी स्थानीय सरकारले शौचालय निर्माणमा अनुदान दिनुपर्ने हुन्छ ।

तालिका नं २१: परिवारले प्रयोग गर्ने चर्पीको प्रकारका आधारमा परिवारको विवरण

| विवरण | फ्लस भएको | साधारण | सौचालय नभएको | सुविधा थाहा नभएको |
|---|---|---|---|---|
| घरपरिवार | १,७६६ | २,४४१ | ९८९ | १९ |
| प्रतिशत | ३३.९ | ४६.८ | १९.० | ०.४ |

*स्रोत* : राष्ट्रिय जनगणना २०६८

नगरपालिकामा रहेका कूल घरपरिवारहरू मध्ये ३९२० अर्थात ४६.३७ प्रतिशतले फ्लस भएको (सेप्टीट्याङ्क) चर्पी, ३४५९ अर्थात ४१.८०१ प्रतिशतले साधारण चर्पीको प्रयोग गरेको पाइयो । १०.६९ प्रतिशत घरपरिवारहरूले चर्पीको प्रयोग नै नगर्नुले व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यमा जोखिम बढी रहेको देखाउँछ । सानो संख्याले मात्र खुल्ला स्थानमा

दिसापिसाब गर्दा समेत समुदायको ठूलो हिस्साको जनस्वास्थ्य प्राणघातक संक्रामक रोगहरूको जोखिममा पर्ने हुँदा चर्पी प्रयोगलाई अनिवार्य गर्ने र चर्पीको गुणस्तर सुधारमा ध्यान दिनु पर्ने देखिन्छ ।

## २.४ नगरपालिकाको भौतिक संरचना तथा सेवाको स्थिति

### २.४.१ कृषिको स्थिति

आज उच्चतम विकास हासिल गरेका औद्योगिक राष्ट्रहरूको विकासको मेरुदण्ड कृषि नै रहेको इतिहासले देखाउँछ । यूरोप, अमेरिका तथा एसियाली महाशक्ति राष्ट्रहरूको सम्पन्नताको आधार शीला समेत कृषि क्रान्तिमा आधारित भएको पाईन्छ । तसर्थ कृषि बाहेकका अन्य विकल्पहरू न्यून रहेको र कृषिमा पर्याप्त संभावना रहेको हाम्रो देशमा विकासका अन्य महत्वाकांक्षी योजना कार्यान्वयन गर्नु पूर्व खाद्यान्न, फलफूल तरकारीका साथै समग्र कृषि उपजहरूमा आत्मनिर्भर बनी निर्यात समेत वृद्धि गर्न कृषि क्षेत्रमा क्रान्ति नै गर्नुपर्ने पहिलो अनिवार्य आवश्यकता रहेको छ । उच्च प्रविधिहरू विकास भैसकेको आजको यूगमा समेत हाम्रो निर्वाहमूखी परम्परागत खेति प्रणाली सीमित रहि रहनु एक प्रकारको विडम्बना नै छ । तसर्थ स्थानीय सरकारले संभाव्यता हेरि व्यवसायिक र वैज्ञानिक कृषिका लागि आवश्यक सम्पुर्ण कृषि पूर्वाधारहरूको विकास मार्फत कृषि उत्पादन र विकासमा क्रान्ति गर्नुपर्ने आवश्यकता रहेको छ ।

#### खाद्यान्न बाली

नगरपालिकाको ठूलो क्षेत्रफल पहाडी भूभागले भरिएको हुँदा कृषिका लागि उपयोगी क्षेत्र कम रहेको छ । सामान्यतः कृषि प्रणालीमा मुख्य अन्नबालीहरू मकै, धान, कोदो, गहुँ आदि हुन् । यस नगरपालिकामा नेपालमै प्रसिद्ध जेठोबुढो धान पनि केहि मात्रामा रोपिन्छ । यस्तै दलहन बालीमा बोडी, मास, मसुरो, पिँडालु, भट्टमास, आदी उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, तिल उत्पादन गरिन्छ भने तरकारी खेतीमा मूला, काऊली, साग, आलु, फर्सी, लौका, सिमी, स्कुस, घिँरौला, बन्दा, नगदे बालीमा अधुवा, बेसार, सुन्तला, अमिलो लगायत हुन । फलफुलमा एभोगार्डो, सुन्तला, केरा, ड्रागन फ्रुट्स, कागती, कीवी आदीको उत्पादन हुन्छ र यिनको उत्पादकत्व पनि बढी छ । नगरपालिकामा सबैभन्दा ठूलो क्षेत्रमा खाद्यान्न, दलहन र फलफुल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले सानो क्षेत्रमा तरकारी बाली लगाइने गरेको छ ।

#### हिउँदे बाली

नगरपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरूमा कोदो, गहुँ, मसुरो, मास, भटमास, तोरी, तिल, केरा, सुन्तला जात, आलु, आदि छन् ।

#### वर्षे बाली

नगरपालिकामा प्रमुख वर्षे बालीहरूमा धान, मकै, केरा आदि छन् ।

#### २.४.१.१ खेती जन्य जमिनको विवरणर सिँचाईको सुविधा

नेपाल भू-उपयोग र भुमि सुधार कार्यक्रमहरू निष्प्रभावी रहेका छन् । वैज्ञानिक र व्यवसायिक ढङ्गले भू-उपयोग नहुँदा कृषि क्षेत्रमा ठुलो घाटा व्यहोर्नु परेको अवस्था छ । हरेक स्थानीय तहमा उपलब्ध सम्पर्ण खेति योग्य जमिनको वैज्ञानिक र व्यवसायिक ढङ्गले सदुपयोग हुन सकेको पाइँदैन । खेति योग्य जमिनको उपलब्धता भए पनि पूर्ण सदुपयोग नहुँदा एकातर्फ जमिन बाँझो हुँदै जाने त अर्को तर्फ कृषि उत्पादनमा कमी भई आयात गर्नुपर्ने अवस्था श्रृजना भैरहेको छ ।

जमिन खेति योग्य भएर मात्र हुँदैन त्यसमा सिँचाईको सुविधा अनिवार्य पुगेको हुन पर्दछ । खेति योग्य जमिनमा खेति पाती गरी पूर्ण सदुपयोग गर्न त्यसमा सिँचाईको सुविधा पुऱ्याउनु अनिवार्य हुन्छ । तसर्थ स्थानीय तहहरूले आफ्नो क्षेत्रमा रहेको खेति योग्य जमिनको यथार्थ विवरण तयार पारी त्यस मध्ये सिँचाई पुगेको र नपुगेको जमिनको समेत सही तथ्याङ्क हुन पर्दछ । यस पश्चात सिँचाई नपुगेको जमिनमा एक वा अर्को प्रकारले सिँचाई पुऱ्याउन प्राथमिकता केन्द्रित गर्नु आवश्यक हुन्छ ।

असिंचित जमिनको क्षेत्र फल ज्यादै बढी हुनु र सिंचित जमिनको सही र पूर्ण सदुपयोग नहुँदा खाद्यान्न, तरकारी र अन्य कृषि जन्य उपजहरू आयात गर्नुपर्ने हुन्छ । यसले परनिर्भरता बढाउँछ । तसर्थ नगरपालिकालाई कृषि र खाद्यान्न उत्पादनमा सबल बनाउन सके आर्थिक क्षेत्रमा उल्लेख्य सुधार भई निर्यात प्रर्वद्धन गर्न सकिन्छ । अर्को तर्फ सिँचाइ सुविधा नपुगेको कृषि योग्य जमिनमा सुविधा पुऱ्याउन पहल गर्नु पर्ने देखिन्छ । सिँचाइ सुविधा पुग्न नसक्ने स्थानहरूमा

डालेघाँस, फलफुल खेति वा कृषिका कम सिँचाइ वा सिँचाइ आवस्यक नपर्ने वैकल्पिक उत्पादन हुने विधिहरू अपनाई जमिनको सदुपयोग गर्न सकिन्छ ।

### २.४.१.२ बाँझो जमिनको विवरण

गाउँघरमा कतिपय क्षेत्रहरू प्रयोगहीन अवस्थामा बाँझो रहेका हुन्छन् । सबै प्रकारका जमिनहरूको एक वा अर्को प्रकारले सदुयोग गर्न सकिन्छ । जमिन आफैमा एक अमूल्य प्राकृतिक सम्पदा हो । खेति नहुने क्षेत्रमा डाले घाँस वा जडिबुटी लगाउन सकिन्छ भने उपयुक्त स्थानहरू भए खुल्ला क्षेत्र, मनोरञ्जन स्थल, पार्क वा बगैंचाको रुपमा समेत विकास गर्न सकिन्छ । खेति नहुने अवस्थामा आवास विकासका लागि समेत यस्तो जमिनको सदुपयोग गर्न सकिन्छ ।

### २.४.१.२ कृषि पकेट क्षेत्रको विवरण

नेपालमा भौगोलिक विविधिताका कारणले जलवायूमा ठुलो विविधता रहेको छ । माटो बनावट समेत स्थान पिच्छे फरक-फरक रहेको छ । तसर्थ एक प्रकारको जलवायू र माटोमा हुने विरुवा अर्को प्रकारको जलवायू र माटोमा हुँदैन र अर्को भिन्न प्रकारको विरुवा हुने गर्दछ । यसैका कारण स्थान विशेष कृषि उपज पकेट क्षेत्र निर्धारण गरी त्यस्ता स्थानहरूका सघन रुपमा जलवायू उपयुक्त बाली नालीहरू लगाउने नीति नेपाल सरकारले लिएको छ । यस्ता पकेट क्षेत्रहरूले कुनै पनि स्थानको उपज विशेष पहिचान स्थापित गर्न समेत ठुलो सहयोग पुग्दछ । पकेट क्षेत्र भन्नाले राष्ट्रिय आवश्यकता र स्थानीय संभाव्यताका आधारमा तोकिएको बाली/वस्तुमा न्युनतम १० हेक्टर जमिनमा जिल्ला स्तरमा सञ्चालन गरेको साना व्यवसायिक उत्पादन केन्द्रलाई बुझिन्छ । यसको प्रमुख उद्देश्य पकेटमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुको साथै पकेट क्षेत्रमा मौसमी रोजगारी सिर्जना गर्नु हो । कृषि मन्त्रालयले स्थानीय संभाव्यताको आधारमा सडकको पहुँच, सिँचाईको उपलब्धता, विद्युतको उपलब्धता, तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको एउटै कोरिडोरमा रहेको कृषिबाली/व्यवसायिक उत्पादन क्षेत्रलाई कृषि पकेट क्षेत्र भनिन्छ । कृषि, भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालयले परिवर्तित नेपालको संरचना अनुसार ७ प्रदेशमा संभावित व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट क्षेत्र) निर्धारण गरेको छ । हिमाल, पहाड, तराई र हिमाली जिल्लाहरूमा बालीको प्रकृति अनुसार सार्वजनिक/निजी साझेदारीमा पकेट क्षेत्र घोषणा भई रहेको छ । राष्ट्रिय स्तरमा कृषि क्षेत्रको विकास गर्न पकेट क्षेत्र अवधारणा अनुसार कृषि उत्पादन बढाउने लक्ष्य राखिएको छ । गल्याङ नगरपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ । कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस नगरपालिकामा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रूपमा विकास गरी नगदे, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, चिया, सुन्तला, उखु जस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त संम्भावना देखिन्छ। यस नगरपालिकामा रहेका पकेट क्षेत्रको विवरण निम्न अनुसार रहेको छ ।

तालिका नं २२: नगरपालिकामा रहेको कृषि पकेट क्षेत्रको विवरण

| क्र.सं. | कृषि पकेट क्षेत्र | ठेगाना |
|---|---|---|
| १ | बखा पकेट क्षेत्र | वडा नं.६, ७ |
| २ | अधुवा पकेट क्षेत्र | वडा नं.८,९ |
| ३ | टिमुर पकेट क्षेत्र | वडा नं. १० |
| ४ | तोरी पकेट क्षेत्र | वडा नं.११ |

*स्रोत: गल्याङ नगरपालिका, २०७७*

### २.४.२ शैक्षिक स्थिति

यस अघिको चौधौं योजनाको ५ वटा रणनीतिक स्तम्भहरू मध्ये शैक्षिक पूर्वाधारको विकास र गुणस्तर वृद्धि पनि एक थियो । कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । यसै सिलसिलामा यहाँ ग्ल्याङ नगरपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ । विकासको प्रमुख आधार शिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहि आएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी

निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रुपमा नीतिगत रुपमा अबलम्बन गरिएको छ। राज्यको निति समेत शिक्षालाई विकासको प्रमुख पूर्वाधारको रुपमा विकसित, सर्वसुलभ र प्रभावकारी बनाउँदै लैजाने रहेको छ ।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस नगरपालिकामा आ.व. २०७४/७५ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण हेर्दा पठन पाठनका लागि नगरपालिकामा हाल ६४ सामुदयिक तथा ६ निजी सहित ७० वटा विद्यालय सञ्चालनमा रहेका छन । वर्तमान समयमा निजी क्षेत्रको संलग्नता बढ्दै गईरहेको अवस्थामा ग्रामीण क्षेत्रमा भने निजी क्षेत्रको न्युन संलग्नता देखिन्छ यद्यपि समुदायिक र संस्थागत निजी क्षेत्रले शिक्षाको क्षेत्रमा विभिन्न समस्याको बावजुत उल्लेख्य योगदान पुऱ्याउँदै आएको देखिन्छ ।

तालिका नं २३: नगरपालिकामा रहेका शैक्षिक संस्थाहरूको नामावली

| क.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री शार्वजनिक मालुङ्गा बहुमुखी क्याम्पस | वडा नं. १ |
| २ | श्री शार्वजनिक मा.वि.(मलुङ्गा) | वडा नं. १ |
| ३ | प्रतिभा प्र.वि. (मलुङ्गा) | वडा नं.,१ |
| ४ | महेन्द्र प्रा.वि. (भेजाडी) | वडा नं. १ |
| ५ | रामनन्दीधाम संस्कृत गुरुकुल | वडा नं. १ |
| ६ | विश्वदेव इङ्लिस बोर्डिङ्ग स्कुल | वडा नं. १ |
| ७ | राधाकृष्ण आधारभुत विद्यालय | वडा नं. १ |
| ८ | जगत्री देवी आधारभुत विद्यालय | वडा नं. २ |
| ९ | शिवालय माध्यामिक विद्यालय | वडा नं. २ |
| १० | बाल सिद्ध आधारभुत विद्यालय | वडा नं. २ |
| ११ | लखन थापा आधारभुत विद्यालय | वडा नं. २ |
| १२ | बोम भञ्ज्याङ्ग आधारभुत विद्यालय | वडा नं. २ |
| १३ | हिमाञ्चल आधारभुत विद्यालय | वडा नं. २ |
| १४ | श्री भानुभक्त विद्यालय (१-१२) | वडा नं. ३ |
| १५ | गल्याङ्ग बहुमुखी क्याम्पस (स्नातक, स्नातकोत्तर) | वडा नं. ३ |
| १६ | आदर्श आवासिय मा.वि. (१-१२) | वडा नं. ३ |
| १७ | विहान ज्योती आधारभुत (१-५) | वडा नं. ३ |
| १८ | चिराग मा.वि. (१-१२) | वडा नं. ३ |
| १९ | भुपु उच्च मा.वि. (१-१०) | वडा नं. ३ |
| २० | शिशु कल्याण उ.मा.वि. (गुवादी) (१-१२) | वडा नं. ४ |
| २१ | कालिका उ.मा.वि.(कुरुङचे) (१-१२) | वडा नं. ४ |
| २२ | चन्द्रज्योति नि.मा.वि. (१-८) | वडा नं. ४ |
| २३ | कोपिला आधारभुत विद्यालय (१-५) | वडा नं. ४ |

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| २४ | दुर्गादेवी आधारभुत विद्यालय (१-३) | वडा नं. ४ |
| २५ | जनहित आधारभुत विद्यालय (१-५) | वडा नं. ४ |
| २६ | विद्याज्योती आधारभुत विद्यालय (१-३) | वडा नं. ४ |
| २७ | सत्यसील मा.वि. सलबार (१-१०) | वडा नं. ५ |
| २८ | सत्यवती नि.मा.वि मोहनडाडा(१-८) | वडा नं. ५ |
| २९ | कालिका आधारभुत विद्यालय सुपखेल (१-५) | वडा नं. ५ |
| ३० | जनप्रिय आधारभुत विद्यालय जलेक (१-५) | वडा नं. ५ |
| ३१ | बालकल्याण आधारभुत विद्यालय खोलाखर्क (१-५) | वडा नं. ५ |
| ३२ | चण्डी आधारभुत विधालय सल्यान (१-३) | वडा नं. ५ |
| ३३ | बालकल्याण आधारभुत विधालय (१-५) | वडा नं. ५ |
| ३४ | श्री नरोद्धय मा.वि. छविसे-डुडे(+२) | वडा नं. ६ |
| ३५ | सरस्वती आधारभुत विद्यालय(दरुवा) | वडा नं. ६ |
| ३६ | चौंरी खर्क विद्यालय (१-८), चौंरी खर्क | वडा नं. ६ |
| ३७ | पोधे पोखरा विद्यालय (१-३) पोधेपोखरा | वडा नं. ६ |
| ३८ | सालगादी आधारभुत विद्यालय (१-५), सालगादी | वडा नं. ६ |
| ३९ | जीवन ज्योती विद्यालय (१-५), वेतेनी | वडा नं. ६ |
| ४० | पुण्यभुमी विद्यालय (१-३),घलान | वडा नं. ६ |
| ४१ | छितुङ्ग आधारभुत विद्यालय (१-८), छितुङ्ग | वडा नं. ६ |
| ४२ | कालिका आधारभुत विद्यालय (५) पड्काङ | वडा नं. ७ |
| ४३ | ज्योति आधारभुत विद्यालय (५) राम्चे | वडा नं. ७ |
| ४४ | राट्रिय मा.बि १० | वडा नं. ७ |
| ४५ | सरस्वती आधारभुत विद्यालय (५) | वडा नं. ७ |
| ४६ | नेकाल राट्रिय मा.बि १२ | वडा नं. ७ |
| ४७ | महेन्द्र आधारभुत विद्यालय (५) | वडा नं. ७ |
| ४८ | बिरेन्द्र आधारभुत विद्यालय( ३) | वडा नं. ७ |
| ४९ | महाकालि आधारभुत विद्यालय (३) | वडा नं. ७ |
| ५० | नवदुर्गा आधारभुत विद्यालय (३) | वडा नं. ७ |
| ५१ | महेन्द्र दर्शन मा.बि (१-१०) र डिप्लोमा ईन्जिनियरिङ ) | वडा नं.८ |
| ५२ | चण्डिका आ.बि (१-५) (बङराती | वडा नं.८ |
| ५२ | रामराज्य आ.बि (१-५) (चिध्यार ) | वडा नं.८ |
| ५४ | जनज्योति आ.बि (१-५) झोल्पे | वडा नं.८ |

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| ५५ | जानकि मा.वि १२ | वडा नं.९ |
| ५६ | ज्ञानदय ,मा.बि   १२ | वडा नं.९ |
| ५७ | गण्डकी ,, १० | वडा नं.९ |
| ५८ | लालिगुरास आधारभुत  विद्यालय (३) | वडा नं.९ |
| ५९ | नेत्रजोति आधारभुत  विद्यालय (५) | वडा नं.९ |
| ६० | देबि भञ्ज्याङ आधारभुत प्रा . बि  (लाखुडाडा) | वडा नं.१० |
| ६१ | जनकल्याण भञ्ज्याङ प्रा.बि ( लिउडाडा) | वडा नं.१० |
| ६२ | पकवादि भञ्ज्याङ मा.बि (पकवादि) | वडा नं.१० |
| ६३ | बज्रे भञ्ज्याङ मा वि | वडा नं.११ |
| ६४ | तारादेवी बोर्डिङ स्कुल | वडा नं.११ |
| ६५ | हुलाक बोर्डिङ स्कुल | वडा नं.११ |
| ६६ | गणेश बोर्डिङ स्कुल | वडा नं.११ |
| ६७ | गलकोट मा वि | वडा नं.११ |
| ६८ | बालज्योति बोर्डिङ स्कुल | वडा नं.११ |
| ६९ | गिनचौर पब्लिक बौर्डिङ स्कुल | वडा नं.११ |

*स्रोत: नगरपालिकाको कार्यालय, २०७७*

नगरपालिकामा ५ वर्ष वा सो भन्दा माथि उमेर समूहका कूल ३४६०७ जनसंख्या रहेका छन् । नगरपालिकामा ५ वर्ष वा सो भन्दा माथि उमेर समूहका कूल जनसंख्या मध्ये ७८ प्रतिशत साक्षर रहेका छन् । नगरपालिकामा पढ्न र लेख्न सक्ने साक्षर जनसंख्या २७२१५ रहेका छन् भने पढ्न मात्र सक्ने ५४१ जना रहेका छन् । पढ्ने र लेख्ने दुवै सिप नभएका अर्थात निरक्षर जनसंख्या १७३२ अर्थात १९.७७ प्रतिशत रहेको छ ।

### २.४.३ स्वास्थ्य सेवाको अवस्था

नगरपालिका बासीहरू स्वास्थ्य सम्बन्धि सेवा लिन जिल्ला सदरमुकाम जाने गरेको देखिन्छ । यसको अलावा सामान्य स्वास्थ्य सुविधाको लागि नगरलेहरूले स्थानीय स्वास्थ्य चौकीहरूको प्रयोग गर्ने गरेका छन् । यस नगरपालिकामा जन समुदायहरूले चेतनाको क्रमिक विकास संगै स्वास्थ्य, सरसफाइ तथा समुदायको स्वस्थकर बानी व्यवहार अवलम्बन गर्दै गैरहेको देखिन्छ। तथापी जनताले आवश्यकता अनुसारको स्वास्थ्य सुविधा लिन सकेका छैनन् । नगरपालिकाको केन्द्र क्षेत्रका जनताहरूको पहुँच सहज देखिएता पनि बाँकी जनताको पहुँच केवल स्वास्थ्य चौकी सम्म रहेको छ जहाँ सबै स्वास्थ्य समस्याको समाधान संभव छैन । हेल्थ पोष्टहरूमा पर्याप्त स्वास्थ्यकर्मी र औषधीको उपलब्धता नहुँदा समस्या भेल्नुपर्ने बाध्यता छ । नगरपालिकामा विभिन्न वडाहरूमा स्वास्थ्य चौकी रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन्। तसर्थ ग्रामीण स्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ ।

तालिका नं २४ : नगरपालिकामा रहेका स्वास्थ्य संस्थाको विवरण

| क्र.सं. | स्वास्थ्य संस्थाहरूको नाम, ठेगाना | वडा न | उपलब्ध सेवाहरू |
|---|---|---|---|
| १ | मलुङ्गा प्राथमिक स्वास्थ्य केन्द्र | वडा नं.१ | |
| २ | मलुङ्गा अस्पताल (मलुङ्गा ) | | |
| ३ | राम्दी उप-स्वास्थ्य चौकी | | |

| | | | |
|---|---|---|---|
| ५ | गजत्रे देवी स्वास्थ्य चौकी | वडा नं.२ | |
| ६ | गल्याङ नगर अस्पताल | वडा नं.३ | |
| ७ | निवुवाखर्क स्वास्थ्य चौकी | वडा नं.४ | |
| ८ | स्वास्थ्य सेवा केन्द्र | वडा नं.५ | |
| ९ | मोहनडाँडा उप-स्वास्थ्य चौकी | | |
| १० | उप-स्वास्थ्य चौकी, सालबास | | |
| ११ | पीडीखोला स्वस्थ्य चौकी | वडा नं.६ | |
| १२ | पेलाकोट स्वास्थ्य चौकि | वडा नं.७ | |
| १३ | तिनदोबाट स्वास्थ्य चौकि | वडा नं.८ | |
| १४ | पकवादि स्वास्थ्य चौकि | वडा नं.९ | |
| १५ | गिजा चौकि | | |
| १६ | टेक्रे खोप केन्द्र | | |
| १७ | बेलचौर सामुदाहिक स्वास्थ्य केन्द्र | | |
| १८ | सहरी स्वास्थ्य क्लीनीक | वडा नं.१० | |
| १९ | तुलसी भञ्ज्याङ | वडा नं.११ | |

*स्रोत: नगरपालिका कार्यालय, २०७६*

### २.४.४ यातायातको अवस्था

कुनै पनि स्थानको भौतिक विकासको निम्ति यातायात सम्भवत प्रारम्भिक शर्त हो । सम्पुर्ण सुविधा सम्पन्न सडक यातायातको विकाससँगै समग्र विकासको ढोका खुल्दछ । स्थानीय तहको हकमा वडा केन्द्रहरूलाई नगरपालिका केन्द्रसँग जोड्नु तथा नगरपालिका केन्द्रलाई जिल्ला सडक हुँदै राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्नु आवश्यक हुन्छ । नगर बस्तीहरूमा कृषि सडकहरूको विकास र स्तरोन्नति मार्फत कृषि उत्पादनहरूको बजारी करण गरी जनताको आर्थिक अवस्थालाई मजबुत बनाउन सकिन्छ । सुविधा सम्पन्न सडक सञ्जाल मार्फत उद्योग तथा पर्यटन क्षेत्रको विकास गरी आर्थिक क्रान्ति संभव छ । यसको अलावा धार्मिक क्षेत्रहरूमा सडक सञ्जाल मार्फत पहुँच पुऱ्याएर आन्तिरक तथा बाह्य पर्यटकहरू आकर्षित गर्न सकिन्छ । राष्ट्रिय राजमार्ग प्रणाली, रणनैतिक सडक, जिल्ला सडक तथा स्थानीय सडक भौतिक तथा सार्वजनिक पूर्वाधारको आधार स्तम्भ अर्थात माध्यम हो । ग्ल्याङ नगरपालिकामा सडक सञ्जालको अवस्था त्यति सहज देखिँदैनन् । यस नगरपालिकामा कुनै पनि सडक कालोपत्रे छैनन् । नदीको वारीपारि रहेको सडक सञ्जालले नगरपलिकाको यातायात सम्पर्क स्थापित गरेको छ । नगरपालिकाका सडकहरू कच्ची भएको हुँदा बर्षायाममा सडक सञ्जालमा अवरोध आउँछ । २०५० को नक्सांकन कार्य गर्ने समय सम्म नेपालका पहाडी क्षेत्रमा सडकको अवस्था निकै कमजोर थियो । तर २०४६ को आम परिवर्तन पछि स्थानीय निकायलाई राष्टि क य कोषबाट रकम बिनियोजन गर्ने परिपाटी भए अनुसार ग्रामीण क्षेत्रमा पनि सडक बिस्तारको कार्यले गती लिन थाल्यो । तत्पश्चात सडक सञ्जालको बिस्तारमा ग्रामीण क्षेत्रले पनि फड्को मारेको छ । तर दुर्गम पहाडी भूभागका कारण कतिपय त्यस्ता स्थलगत संरचनाको नक्सांकन कार्य हुन नसकेको र तथ्यगत सूचनाको अभावमा ती क्षेत्रहरूमा के कति सडक सञ्जालको बिस्तार भएको छ भन्न एकिन तथ्याङ्क उपलब्ध छैन । यही प्रशंगमा नगरपालिका यातायात गुरुयोजनाको परिकल्पना हरेक नगर क्षेत्रको

यातायात सञ्जालका तथ्यांकमा आधारित नक्सा र तथ्यको आधारमा गर्नु पर्ने वाध्यात्मक व्यवस्था गरिएको थियो । तर ग्रामीण बस्तीहरूमा त्यो पुगेको थिएन । २०७२ को नयाँ संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेको स्थानीय तह निर्धारण पश्चात हरेक नगर विकास समिति पनि नगरपालिकाको मातहतमा आएका कारण नगरपालिकामा समेत नगरपालिका यातायात गुरुयोजनाको कार्य क्षेत्र भित्र परेको हुँदा यस नगरपालिकामा पनि तत्सम्बन्धी कार्य प्रारम्भ भएका कारण यहाँको सडक सञ्जालको तथ्यांक तथा त्यसका लागि आवश्यक सडकको क्षेत्रगत विस्तारको अध्याबधिक तथ्यांक यहाँ प्रस्तुत गरिएको छ ।

तालिका नं २५ : नगरपालिकाको सडक संजालको विद्यमान अवस्था

| क्र.सं. | सडक संजालको नाम | प्रकार | लम्बाई |
|---|---|---|---|
| १ | गल्याङ-निबुवाखारका- रुपखानी -मोहन्दादा -सेतिबेनी जोडने सडक पिच गर्ने । | | (२६.३४ किमि) |
| २ | गल्याङ-कल्लेरी -पिदिखोला हुदै सेतिबेनी जोडने सडक पिच गर्ने । | | (१५.३१ किमि) |
| ३ | गल्याङ-गराग्दी-गुठि-इल्लुन्गु-मतिचौर- मोहनादादा जोडने सडक पिच गर्ने । | | (११.६६ किमि) |
| ४ | गल्याङ-तुल्सिभंज्यांग -तिन्दोबाते -पकवादी जोडने सडक पिच गर्ने । | | (१६.८४ किमि) |
| ५ | बाकी स्थानीय सडकहरु | | (२७३ किमि) |
| ६ | ठूलिबेनी -चिरतुङ्ग -गाथी  ग्रामिण सडक | कच्ची | |
| ७ | विरिन डाँडा -खाडा रोड | कच्ची | |
| ८ | टुनिबोट सुर्खेदी -रामडी | कच्ची | |
| ९ | गल्याङ्ग-चापकोट सडक | कच्ची | |
| १० | गल्याङ्ग -.......खर्क- लल्याङ्ग सडक(१.५ किमि) | कच्ची | १.५ कि.मि |
| ११ | गल्याङ्ग-तुल्सीभञ्ज्याङ्ग-चापकोट सडक (१.५किमि) | कच्ची | १.५ कि.मि. |
| १२ | गल्याङ्ग-निवाखडर सडक (१ किमि) | | १ कि.मि |
| १३ | गल्याङ्ग-चापकोट सडक (१.५किमि) | | १.५ कि.मि |
| १४ | छर्तिङ्ग रिङ्गरोड | | प्रस्तावित |
| १५ | बलबुक रिङ्गरोड | | प्रस्तवित |
| १६ | बलबुक छिर्तिङ्ग | | प्रस्तवित |
| १७ | मुलकिल्ला -तल्लो गल्याङ्ग | | प्रस्तवित |
| १८ | कालिगण्डकी प्रवेश माग | कालोपत्रे | १० किमि |
| १९ | सिद्धार्थ राजमार्ग | कच्ची | ३ किमि |
| २१ | गल्याङ्ग -गुथी -इलुङ्गा | | ७.५ किमि |

| क्र.सं. | सडक संजालको नाम | प्रकार | लम्बाई |
|---|---|---|---|
| २२ | बाँसघारी-छिटुङ्ग-मालुङ्गा | कच्ची | ५ किमि |
| २३ | गुठी -टोकाम चौर - | | |
| २४ | गुठी-आँधीखोला | कच्ची | ३.५ किमि |
| २५ | वरपोखरा -डिहीडाँडा - | कच्ची | १.५ किमि |
| २६ | हुलक डाँडा- फुलेनाती वटुवा - मलुङ्गा | कच्ची | |
| २७ | गल्याङ निवुवा खर्क सेदिबिनि | | |
| २८ | पड्कान -अधिकारी डाँडा | | |
| २९ | दुधेचौर सेरा मोटरबाटो | | |
| ३० | दुधेचौर रिङरोड | | |
| ३१ | कुरुङ्चे सेरा | | |
| ३२ | कुरुङ्चे खानी | | |
| ३३ | चिसापानी मोतीचौर | | |
| ३४ | बाँझबारी कटुवा | | |
| ३५ | बाँझबारी माटीचौर | | |
| ३६ | झेरुखान विजुली डाँडा | | |
| ३७ | खानदुला खोला खर्क | | |
| ३८ | अधिकारी डाँडा खोला खर्क | | |
| ३९ | मतिचौर हितुङ | | |
| ४० | खोलखर्क मोटरबाटो | | |
| ४१ | आदीमोहन-सेतीवेनी सडक (९ किमि) | कच्ची | ९ किमि |
| ४२ | गल्याङ्ग मोहनडाँडा सडक(६किमि) | कच्ची | |
| ४३ | सेतीवेनी तामाकोट | कच्ची | |
| ४४ | मोहनडाँडा -रमिपोखरा | कच्ची | |
| ४५ | गजरे तल्लो सल्यान सडक | कच्ची | |
| ४६ | रमीपोखरा-गल्याङ्ग सडक (३किमि) | कच्ची | |
| ४७ | छितुङ्ग खोलाखर्क सडक | कच्ची | |
| ४८ | सेतीवेनी रातोपुल -गल्याङ्ग (५किमि) | कच्ची | |
| ४९ | गल्याङ्ग-सेतीवेनी सडक | कच्ची | |

| क्र.सं. | सडक संजालको नाम | प्रकार | लम्बाई |
|---|---|---|---|
| ५० | चिलाउनी भञ्ज्याङ्ग-सेतीवेनी सडक (१० किमि) | कच्ची | |
| ५१ | घलान -पटिखड्का -कटुवा, सडक | कच्ची | |
| ५२ | पेलाकोट-सालघास -सेतीवेनी, सडक | कच्ची | |
| ५३ | सालगडी-चौरीखर्क-नेपालीगान, सडक | कच्ची | |
| ५४ | भर्गा-कटुवा सडक | कच्ची | |
| ५५ | सालढुङ्गा -टारी, सडक | कच्ची | |
| ५६ | चौरीखर्क -भोर्ले-सिंगाकोर, सडक | प्रस्तावित | |
| ५७ | दोर्ले भोर्ले भञ्ज्याङ्ग सडक | प्रस्तवित | |
| ५८ | बेतेनी-खोलाखर्क -कोखे, सडक | प्रस्तवित | |
| ५९ | चौरीखर्क -विरौना नाम्दी, सडक | प्रस्तवित | |
| ६० | बेतेनी-........, सडक | प्रस्तावित | |
| ६१ | टाँडी -सालघारी, सडक | प्रस्तवित | |
| ६२ | छदे-शौर्य- सोडा, सडक | प्रस्तवित | |
| ६३ | गल्याङ-पेलाकोट-पिडिखोला - सेतिबेनि | कच्ची | |
| ६४ | गल्याङ-पड्काङ-कल्लेरी- सेतिबेनि सडक | कच्ची | |
| ६५ | चेडा -थुमो - दरगौदा- | कच्ची | |
| ६६ | पड्काङ-गडि-सलदो-राम्चे | कच्ची | |
| ६७ | दिवाली -पेलाकोट-कपदी | कच्ची | |
| ६८ | पेलाकोट-मनथुङग-चिनडाडा | कच्ची | |
| ६९ | सोह्र भञ्ज्याङ-सिरौसा- | कच्ची | |
| ७० | मझुवा-सानपाङ- बिडाडा चोक सडक | कच्ची | |
| ७१ | पलचोक-धरान्दि-सोनामथुम्का | कच्ची | |
| ७२ | देउरालि -चिलाउने डाडा-थाति | कच्ची | |
| ७३ | गल्याङ तिनदोबाटे सडक | कच्ची | |
| ७४ | तिनदोबाटे बंरादी - चापा सडक | कच्ची | |
| ७५ | करादी - तिनदोबाटे | कच्ची | |
| ७६ | करादी - माथिल्लो करादी | कच्ची | |
| ७७ | करादी - चिध्यार - तिनदोबाटे | | |

| क्र.सं. | सडक संजालको नाम | प्रकार | लम्बाई |
|---|---|---|---|
| ७८ | तल्लो चउरी - माथिल्लो चिउरी | कच्ची | |
| ७९ | झोल्पे - चिध्यार - तिनदोबाटे | कच्ची | |
| ८० | करादी - माथिल्लो करादी - तिनदोबाटे | कच्ची | |
| ८१ | माथिल्लो करादी -तास्सी सिद्ध | कच्ची | |
| ८२ | टेक्रे चिउरेआप सडक ३ किमि | कच्ची | ३ किमि |
| ८३ | चिउरे आप जोड्ने हुगी घाट | कच्ची | ५ कि(मि |
| ८४ | भञ्ज्याङ पोखरा - कट्टु खोला | कच्ची | ३ कि( मि |
| ८५ | कट्टुवा देखि नया पुल | कच्ची | १.५ कि.मि |
| ८६ | आपखर्क देखि चनौटे - स्याउरी खोला हदै स्वास्थ्य चौकि जाने बाटो | कच्ची | |
| ८७ | शिखरडाडा भञ्ज्याङ पोखरा ग्रामिण सडक | कच्ची | |
| ८८ | देउराली - जिमिरे-साङलीमा ग्रमिण सडक | कच्ची | |
| ८९ | तिनदोबाटे हुदै लिपडाडा हुदै खसकुना | कच्ची | |
| ९० | चापाकोट जोड्ने सडक | कच्ची | |
| ९१ | मढिखोला देबि भञ्ज्याङ सडक | कच्ची | |
| ९२ | पोखरीडाडा पकवादि सडक | कच्ची | |
| ९३ | गल्याङ-तुलसी भञ्ज्याङ सडक | कच्ची | |
| ९४ | हुलाक-आलमदेवी मन्दिर सडक | कच्ची | |
| ९५ | सिद्धार्थ राजमार्ग | कच्ची | |
| ९६ | गल्याङ-चापाकोट सडक | कच्ची | |
| ९७ | जिमुहा-तुलसी भञ्ज्याङ-कराडी | कच्ची | |
| ९८ | पाखीचौर-कर्मचौर सडक | कच्ची | |
| ९९ | डाडखोला-चिसा-बज्रे-कराडी सडक | कच्ची | |
| १०० | गलकोट-सिखडाडा-धनुबास सडक | कच्ची | |
| १०१ | छाप-बाने सडक | कच्ची | |
| १०२ | डुक-बाने सडक | कच्ची | |
| १०३ | एकाङ्गेबेल-जिमुहाघाट सडक | कच्ची | |
| १०४ | बेलौतिछाप-चिसापानी सडक | कच्ची | |
| १०५ | रातामाटा-निमुघाट सडक | कच्ची | |
| १०६ | एकाङ्गेबेल-बानेडाडा सडक | कच्ची | |

| क्र.सं. | सडक संजालको नाम | प्रकार | लम्बाई |
|---|---|---|---|
| १०७ | एकाङ्गेबेल-कोल्ड स्टोर-लामाचौर सडक | कच्ची | |
| १०८ | मुडखोला-कट्टि-सिम्ले सडक | कच्ची | |
| १०९ | केवारे-घाटी-क्यापस सडक | कच्ची | |
| ११० | सिखाडाडा-कुइदीखोला-काम्लाङ्ग | कच्ची | |
| १११ | कर्मचौर-दनसा-पाखीचौर सडक | कच्ची | |

*स्रोतः नगरपालिकाको कार्यालय, २०७७*

नगरपालिकामा रहेका ८२७५ घर परिवारहरू मध्ये सबैभन्दा धेरै अस्थायी सडकको पहुँच रहेको देखिन्छ । पूर्वाधार विकासमा सबैभन्दा महत्वपूर्ण सडकको अवस्था नाजुक हुँदा अन्य विकासले गति लिन सक्दैन तसर्थ सहज आवागमनका लागि नगरपालिकाले सडक संचालनको विकास र स्तरको उन्नतिका लागि यातायात गुरुयोजना निर्माण गरी लागू गर्नु पर्ने देखिन्छ ।

सडक यातायात सुविधाको विस्तार तथा सडकहरूको स्तरोन्नति गरी वडा केन्द्रहरूलाई नगरपालिका केन्द्रसम्म जोड्नु आवश्यक छ । वडा केन्द्र र नगरपालिका केन्द्रको बीचमा कनेक्टिभिटि स्थापित गर्न झोलुङ्गे पुलहरूले पनि भूमिका खेल्दछन् । सडक सञ्जालको विकास भए मात्र उद्योग, बन्द व्यापारको विकासका साथै कृषिको आधुनिकी करण र कृषि उत्पादनको बजारीकरण संम्भव छ । ग्रामीण इलाकाका सडकहरू वर्षायामको बेलामा हिलाम्य हुने भएका कारण ती सडकलाई “फेयर वेदर सडक” का रुपबाट “अल वेदर” सडकको रुपमा स्तरोन्नति गरी वडा केन्द्रहरूलाई नगरपालिका केन्द्रसँग जोडेर जिल्ला सडक हुँदै राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्नु पर्ने हुन्छ ।

नगरपालिकाका वडा केन्द्र देखि नगरालिकाको केन्द्र र टाढाको बस्ती देखि वडा केन्द्रसम्मको दुरीले नगरपालिकासँग जनताको पहुँचलाई निर्धारण गर्दछ । त्यसैले नगरपालिका केन्द्र र वडा केन्द्र बीचको दुरी सबै वडा तथा टाढाको बस्तीहरू सापेक्ष हुनु जरुरी हुन्छ । स्थानीय संरचनामा जनताले आफ्नो वडा केन्द्र तथा नगरपालिका केन्द्रबाट आवस्यक सेवा सजिलै ग्रहण गर्न सक्ने किसिमको हुनु पर्छ । जनताले सार्वजनिक सेवा ग्रहण गर्न वडा कार्यालय तथा नगरपालिका कार्यालयको दुरी सेवा ग्राहीको सहज पहुँचमा आधारित हुनुपर्दछ । जसले गर्दा जनताले सेवा सुविधा प्राप्त गर्न कठिनाइ हुँदैन । त्यसको लागि सबै स्थानका जनताहरूलाई मध्यनजर गर्दै वडा कार्यालय तथा नगरपालिका केन्द्र निर्धारण गर्नु उचित हुन्छ । यसर्थ टाढाको बस्तीबाट वडा केन्द्र कति दुरीमा पर्छ भन्ने कुरा महत्वपुर्ण हुन्छ ।

## २.५ विकास विन्दु, कक्ष रअक्ष




गण्डकी प्रदेशले गल्याङ नगरपालिकासँगको सहकार्यका लागि कालिगण्डकी करिडोर अन्तर्गतको अर्मादी–सेतीवेनी–मिर्मि–रुदवेणी–रानीघाट–गल्याङ–चापाकोट–देवघाट–गैडाकोट–कावासोती अक्षले र पोखरा–पुतलीबजार– वालिङ– गल्याङ–चापाकोट विकास अक्षले नगरपालिकालाई समेट्ने भएकाले नगरपालिकाको विकास पनि यसै अक्षमा पर्ने विकास विन्दुहरुसँग पहुँच विस्तार गर्ने तर्फ केन्द्रित हुनु पर्ने देखिन्छ । त्यसैगरी नगरपालिकाको नगरक्षेत्रलाई विकास केन्द्र र ११ वटा वडालाई विकास विन्दूका रुपमा विकास गर्न सकिने अवस्था रहेको छ । अर्को तर्फ विकास अक्षको विस्तारसँगै गल्याङ नगरपालिकाको सम्वन्ध अरु पालिकाहरु सँगपनि सहज रुपमा हुने हुनाले भविश्यमा बृहत आर्थिक करीडोरको हिस्साको रुपमा नगरपालिका विकास हुने देखिन्छ ।

## २.६ कृषि क्षेत्रको विकास सँग जोडिएको नगर समृद्धि

गण्डकी प्रदेशले नमुना कृषि फार्म तथा वातावरण मैत्री नमुना कृषि नगरको विकासलाई नविनतम विकास अवधारणाई योजनावद्धरुपमा अगाडि सारेको सन्दर्भमा गल्याङ नगरपालिकामा यसको साझेदार वन्न सक्ने देखिन्छ । लगभग ९० प्रतिशत घरधुरी कृषि क्षेत्रमा आवद्ध रहेका यस पालिकामा कृषिको व्यवसायिकरण, यान्त्रिकरण तथा बजारीकरण सन्तोषजनक तवरमा हुन सकेको देखिदैन । तसर्थ प्रदेश सरकारकासँगको सहकार्यमा नगरपालिकाका वडाहरुलाई प्राङ्गारिक कृषि पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने अवस्था छ ।



# परिच्छेद ३ : दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

## ३.१ पृष्ठभूमि

संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तह वीचको अन्तर सम्बन्ध सहकारीता, सह अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेर तीनै तहबीच समान सोच, लक्ष्य, उद्देश्य र रणनीति सहितको सहकारिताबाट मात्र राज्यले सोचेको समृद्धिको सपना पुरा हुने कुराको परिकल्पना गरेको छ । तसर्थ स्थानीय सरकारले निर्माण गर्ने योजना संघीय र प्रादेशिक योजनाको आधार स्तम्भमा तय गर्नु पर्ने हुन्छ । ग्ल्याङ नगरपालिकाको हकमा पनि दिगो विकास लक्ष्य, संघीय सरकारको पन्ध्रौं पञ्च वर्षीय योजना, गण्डकी प्रदेशले अंगिकार गरेको प्रादेशिक योजना, अन्तरपालिका सम्वन्ध तथा नगरपालिकाको वस्तुस्थिती र स्थानीय आवश्यकताका आधारमा योजना तर्जुमा गर्नु पर्ने देखिन्छ ।

हाल गल्याङ नगरपालिकाको आर्थिक आधार कृषि तथा पशुपालन जन्य उत्पादनसँग वढी सम्वन्धित भएपनि कालिगण्डकी करीडोर जस्ता वहूआयामिक परियोजनाले भविश्यमा नगरपालिकाको आर्थिक तथा सामाजिक परिवेशमा परिवर्तन ल्याउन सक्ने देखिन्छ । तसर्थ दीर्घकालिन सोचको विकास गर्न नगरपालिकाले योजनावद्ध रणनीति अवलम्बन गर्नु पर्ने हुन्छ ।

## ३.२ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य र रणनीति

गल्याङ नगरपालिकाको विकास प्रारुपले नेपाल सरकारको "समृद्ध नेपाल सुखी नेपाली" तथा गण्डकी प्रदेश सरकारको "समृद्ध प्रदेश सुखी नागरिक" को दीर्घकालिन सोचसँगलाई पुर्णता दिने क्षमता राखेको खण्डमा मात्र सहकार्य, सहअस्तित्व र समन्वयको संवैधानिक अन्तरवस्तुको सम्वोधन हुन सक्छ । अर्को तर्फ नेपाललाई सन् २१०० सम्ममा उच्च आय भएको मुलुकको रुपमा रुपान्तरित गर्ने दीर्घकालिन सोच तथा संयुक्त राष्ट्र संघको दीगो विकास लक्ष्यलाई सम्वोधन गर्ने गरी नगरपालिकाले आफ्ने सोच निर्धारण गर्नु पर्ने हुन्छ । देवचुली नगरपालिकाले २५ वर्षे सोचको निर्माण गर्नका लागि बहुसरोकरवालाहरुको सहभागितामा सम्पन्न आवधिक नगरविकास योजना तर्जुमा कार्यशालाले गल्याङ नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति निम्न अनुसार निर्धारण गरेको छ ।

### ३.२.१ दीर्घकालिन सोच (दुर दृष्टि)

**"गल्याङ समृद्धिको आधार कृषि, संस्कृति, पर्यटन र पूर्वाधार "**

### ३.२.२ लक्ष्य

"स्थानीय स्रोत साधनको परिचालन एवम् संस्थागत क्षमता अभिवृद्धि गरी व्यवसायिक कृषि एवम् उद्यम सिर्जना गरी वातावरणमैत्री पूर्वाधार निर्माण गर्दै संस्कृति र पर्यटनबाट आर्थिक स्तर बृद्धि गर्दै दिगो विकास हासिल गर्ने ।"

### ३.२.३ उद्देश्य

- यान्त्रिक उपकरणसहितको व्यवसायिक कृषि र उद्यमशिलताको विकासको माध्यमबाट स्थानीय सम्भावनाका आधारमा स्वरोजगार तथा आय आर्जनका अवसरहरुको सिर्जना गरि समुदायको जिवन स्तरमा सुधार गर्न सहयोग गर्नु, .
- पर्यावरणीय तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन गरि हरियालीयुक्त नगरपालिका निर्माण गर्नु, साथै समुदायलाई दैवी प्रकोप सम्बन्धि सचेतना अभबृद्धी, पुर्व तयारीका साथै जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न अनुकुलनका उपायहरुको अवलम्बन गर्नु,
- नगरपालिका क्षेत्रमा स्तरयुक्त भौतिक पूर्वाधारहरुको विकासको माध्यमबाट जनताको आर्थिक, सामाजिक कियाकलापहरुमा पहुँच सुनिश्चित गर्नु,
- नगरपालिकाको वित्तीय साधन श्रोतको अभिबृद्धिका उपायहरु पहिल्याउँदै, भौतिक, आर्थिक, सामाजिक र संस्थागत विकासका प्रयासलाई पारदर्शी, न्यायपूर्ण र परिणाममुखी बनाउनु,

### ३.२.४ रणनीति

| |
|---|
| **उद्देश्य नं. १** यान्त्रिक उपकरणसहितको व्यवसायिक कृषि र उद्यमशिलताको विकासको माध्यमबाट स्थानीय सम्भावनाका आधारमा स्वरोजगार तथा आय आर्जनका अवसरहरुको सिर्जना गरि समुदायको जिवन स्तरमा सुधार गर्न सहयोग गर्नु । |
| **रणनीतिहरु** |

| |
|---|
| **१.** स्थानीय बालीको उत्पादन तथा पशुपंछि पालनलाई व्यवसायिक तथा यान्त्रिकरणको माध्यमबाट तुलानात्मक तथा प्रतिष्पर्धात्मक लाभका आधारमा विकास गर्ने । |
| **२.** कृषि भूमिको संरक्षण र चक्लाबन्दीलाई प्रोत्साहन गर्दै साझेदारी, सामूहिक, सहकारी र करार खेतीलाई प्रोत्साहित गर्ने । |
| ३. कृषिको औद्योगिकरणमा सहयोग गर्ने । |
| **उद्देश्य नं. २** पर्यावरणीय तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन एवं सार्वजनिक र निजि जग्गामा कृषि वन विकास गरि समुदायको काष्ठ जन्य वस्तुको मागलाई सम्बोधन गर्दै हरियालीयुक्त नगरपालिका निर्माण गर्नु, साथै समुदायलाई दैवी प्रकोप सम्बन्धि सचेतना अभबृद्धी, पुर्व तयारीका साथै जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न अनुकुलनका उपायहरुको अवलम्बन गर्नु । |
| **रणनीतिहरु** |
| १. सामाजिक पूजीका रुपमा रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्धन र दीगो तथा उच्चतम व्यवस्थापनको नीतिगत व्यवस्थाबाट समुदायको आर्थिक विकास गर्ने । |
| २. समुदायलाई वातावरण संरक्षण, फोहरमैलाको व्यवस्थापन सम्बन्धि सचेतना अभिबृद्धि गरि सरसफाईको उचित व्यवस्थापन गर्ने । |
| ३. जलवायु परवर्तनको असर न्युनिकरंण र दैविप्रकोप व्यबस्थापनका लागि वडा स्तरमानै सामुदायिक दैवीप्रकोप व्यवस्थापन समितिहरु गठन गरि परिचालन गर्ने । |
| **उद्देश्य ३ :** नगरपालिका क्षेत्रमा स्तरयुक्त भौतिक पूर्वाधारहरुको विकासको माध्यमबाट जनताको आर्थिक, सामाजिक कियाकलापहरुमा पहुँच सुनिश्चित गर्ने । |
| **रणनीतिहरु** |
| **१.** अन्तरपालिका समन्वयका माध्यमबाट पूर्वाधार विकासको गुणस्तरीयता तथा दीगोपना कायम गर्न नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन गर्ने । |
| **२.** गुणस्तरीय तथा व्यवसायिक शिक्षा तथा आधारभूत स्वास्थ्य सुविधामा नगरपालिकाका सवै नागरिकको पहुँच विस्तार गर्ने |
| **उद्देश्य ४ :** नगरपालिकाको वित्तीय साधन श्रोतको अभिबृद्धिका उपायहरु पहिल्याउँदै, भौतिक, आर्थिक, सामाजिक र संस्थागत विकासका प्रयासलाई पारदर्शी, न्यायपूर्ण र परिणाममुखी बनाउनु । |
| **रणनीतिहरु** |
| १. नागरिकहरुलाई प्रत्यक्ष करको भार नपर्ने गरि आन्तरिक राजस्वका क्षेत्रको खोजि गरि तिनको दिगो परिचालन गर्ने । |
| २. नगरपालिकाको संस्थागत संरचना (राजनीतिक प्रतिनिधि, कर्मचारी प्रशासन, विषय विज्ञ तथा भौतिक पूर्वाधार) को वर्तमान अवस्थालाई अत्याधुनिक, स्मार्ट, उच्च मनोवल युक्त, सकारात्मक र परिणाममुखी वनाउन नीतिगत व्यवस्था गर्ने । |
| ३. युवावर्गलाई दक्ष तथा प्रतिष्पर्धी बनाउन युवा लक्षित उद्यमशिलता उन्मुख कृयाकलाप सञ्चालन गर्ने । |

### ३.२.५ परिमाणात्मक लक्ष्य

| क्र स | सूचक | इकाई | राष्ट्रिय लक्ष्य | | गण्डकी प्रदेशको लक्ष्य | | नगरपालिकाको लक्ष्य | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष आ.व. ०७५/७६ | आर्थिक बर्ष २०८०/८१ | आधार वर्ष आ.व. ०७५/७६ | आर्थिक बर्ष २०८०/८१ | आधार वर्ष (आ.व. ०७७/७८ | आर्थिक बर्ष ०८०/८१ |
| १ | आर्थिक बृद्धिदर | प्रतिशत | | | | | | |
| २ | कृषि क्षेत्रको योगदान | प्रतिशत | | | | | | |
| ३ | उद्योग क्षेत्रको योगदान | प्रतिशत | | | | | | |
| ४ | सेवा क्षेत्रको योगदान | प्रतिशत | | | | | | |
| ५ | प्रति व्यक्ति बार्षिक आय | अमेरिकी डलर | | | | | | |
| ६ | सम्पत्तिमा आधारित गिनी गुणक | गुणक | | | | | | |
| ७ | वहुआयामिक गरीवी | प्रतिशत | | | | | | |
| ८ | निरपेक्ष गरिबी | प्रतिशत | | | | | | |
| ९ | साक्षरता (१५ बर्ष माथि) | प्रतिशत | | | | | | |
| १० | स्वास्थ्य कर्मीबाट प्रसुति गराउने महिला | प्रतिशत | | | | | | |
| ११ | बाल कुपोषण दर | प्रतिशत | | | | | | |
| १२ | वाल विवाहको दर | प्रतिशत | | | | | | |
| १३ | प्रौढ साक्षरता दर | प्रतिशत | | | | | | |
| १४ | खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | | | | | | |
| १५ | पक्की शौचालयको सुविधा प्राप्त घरधुरी | प्रतिशत | | | | | | |
| १६ | प्रमुख वजार क्षेत्रहरुको संख्या | प्रतिशत | | | | | | |
| १७ | विद्युत सेवामा पहूच भएको जनसंख्या | संख्या | | | | | | |
| १८ | बाह्रै महिना संचालन हुने सडक | किमी | | | | | | |
| १९ | सिचाई सुविधा पुगेको क्षेत्र | प्रतिसत | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २० | रुख बिरुवाले ढाकेको वा हरियाली क्षेत्र | प्रतिशत | | | | | | |
| २१ | नगरपालिकाभित्रको बेरोजगारको दर | प्रतिशत | | | | | | |
| २२ | बैदेशिक रोजगारीमा गएकाको संख्या | प्रतिशत | | | | | | |
| २३ | बालबालिकाको खोप कभरेज | प्रतिशत | | | | | | |
| २४ | उत्पादनमूलक कार्यमा रेमिट्यान्सको उपयोग | प्रतिशत | | | | | | |
| २५ | बैंक र बजार केन्द्रमा पुग्न लाग्ने औषत समय | मिनेट | | | | | | |
| २६ | औषत आयु | बर्ष | | | | | | |
| २७ | मानव विकास सुचकाङ्क | सुचकाङ्क | | | | | | |

### ३.२.६ राजश्व प्रक्षेपण

तोकिएको समय सिमा भित्र समष्टिगत लक्ष्य, उद्देश्य र प्रतिफल प्राप्त गर्न ग्ल्याङ नगरपालिकाले आफ्नो आन्तरिक राजश्व तथा आयका साथै संघ र प्रदेशबाट प्राप्त हुने अनुदानमा भर पर्नुपर्ने हुन्छ । नगरपालिकाले आगामी तीन वर्षमा प्रक्षेपित राजश्वका आधारमा आवधिक योजनामा उल्लिखित प्रतिफल हासिल गर्न बार्षिक योजना र त्यसको कार्यान्वयनमा ध्यान दिनु पर्ने हुन्छ । त्यसका लागि पालिकाले आन्तरिक श्रोतको खोजि र त्यसको परिचालन गर्नु पनि त्यतिकै आवश्यक हुन्छ ।

तल उल्लेख तालिकामा नगरपालिकाको चालु आवको लागि विनियोजित बजेट र त्यसैको आधारमा आगामी ३ बर्षका लागि प्रक्षेपित राजश्व परिचालनको अवस्थालाई प्रस्तुत गरिएको छ । प्रक्षेपित राजश्व चालु आव मा परिचालिन कुल राजश्वमा प्रति वर्ष १० प्रतिशतले बृद्धि हुने अनुमानका आधारमा तयार पारिएको हो । आ. व २०७७/७८ मा कुल रु.७२,९८,३७,७९० राजश्व परिचालन भएको थियो जसमध्ये पुंजीगत खर्चको शीर्षकमा रु १७,९०,५३,०००.भने चालु खर्चको शीर्षकमा रु. ३७,४६,५६,००० भएको थियो, भने आउदो आ. व २०८०।८१ मा रु ९२१,४१२,२७० कुल बजेट, र रु ४८८,३०१,०५० हुने अनमान गरिएको छ ।

| आ.व. | कुल चालु बजेट (रु. हजारमा) | कुल पुंजीगत बजेट (रु. हजारमा) | कुल बजेट (रु. हजारमा) |
|---|---|---|---|
| **आ.व.०७६।७७** | ३७,४६,५७ | १७,९०,५३ | ५५,३७,५० |
| **आ.व.०७७।७८** | ४७,४२,३६ | ३६,६८,६९ | ७२,९८,३७ |
| **आ.व.०७८।७९(प्रक्षेपित)** | | ४०३,५५५.९ | ८०२,८२०.७ |
| **आ.व.०७९।८०(प्रक्षेपित)** | | ४४३,९१०.५ | ८३३,१०२.७७ |
| **आ.व.०८०।८१(प्रक्षेपित)** | | ४८८,३०१.०५ | ९२१,४१२.२७ |

# परिच्छेद ४ : आर्थिक विकास

गल्याङ नगरपालिकाको अर्थतन्त्रको प्रमुख आधार कृषि, वन, उद्योग, व्यवसाय लगायतका क्षेत्र हुन् । उपयुक्त हावापानी, कृषिको लागि उपयुक्त उर्वर माटो भएको मध्यपहाडी क्षेत्र तथा सानो उपत्यका भएको हुँदा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन् । नगरपालिकाका सबै वडाहरुमा रणनीतिक तथा ग्रामीण सडक सञ्जालका कारण नगरपालिकाका सबै वडाहरूमा पहुँच सहज बनाएको छ । अर्को तर्फ २०६८ सालको राष्ट्रिय जनगणना अनुसार, नगरपालिकामा आर्थिक रुपले सकृय जनसंख्या करिव ३७,८०९ (४३.५७ प्रतिशत पुरुष तथा ५६.४३ प्रतिशत महिला) छन् ।

## ४.१ कृषि तथा पशुपालन

### ४.१.१ पृष्ठभूमि

लगभग ९० प्रतिशत जनसंख्या कृषि तथा पशुपालन क्षेत्रमा आवद्ध भएको यस नगरपालिकाको जिविकोपार्जनको मुख्य आधार कृषि तथा पशुपालन हो । यहाँका प्रमुख अन्न बालीहरुमा मकै, कोदो, धान, गहुँ बाली आदि हुन् भने प्रमुख नगदे बालीहरुमा मास, बोडी, बेसार, अदुवा, सुन्तला, कागती, केरा, बाली आदि हुन् । नगरपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरुमा कुखुरा, बाखा, भैसी, मौरी, बंगुर रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । पशुपालन तर्फ नगरपालिकामा परम्परागत पशुपालनको बाहुल्यता देखिन्छ । यद्यपी आधनिक कृषि तर्फ यस नगरपालिकाको आर्कषण बढदो  छ ।

### ४.१.२ समस्या

कृषि उत्पादकत्व वृद्धि गर्न श्रोत-साधन र सामाग्रीहरुको न्यून उपलब्धता, आवशयक भौतिक पूर्बाधारहरु जस्तै सिचाई, सडक, कृषि बजार, शीत भण्डार, गोदाम घर तथा संकलन केन्द्रको मूल समस्याका रुपमा देखिएका छन । कृषि उत्पादनमा सहयोग पुराउने उन्नत नश्ल बिउको पनि अत्यन्तै कमि देखिन्छ ।यस नगरपालिकाको कृषिमा साना र मझौला किसानहरुको बाहुल्यता रहेको छ । समग्रमा कृषि र पशुपंक्षीपालन निर्वाहमुखि रहनु र यसमा सम्लग्न कृषकहरुको उत्पादकत्व न्यून रहनु यस क्षेत्रका मुलभूत समस्याहरु हुन् सचाईको अभाव पशुपालनलाई पनि सोचे अनुरुप व्यावसायिकरण गर्न सकेको छैन ।कृषिमा आधुनिकिकरण र प्राविधिक हुन नसक्नु ।माटो परिक्षण नहुनु । बाँदर लाग्ने समस्या । पशुपालनको लागि घाँसको अभाव । भेटेनेरी शिक्षा एवं भेटेनेरी  सुबिधाको अभावका कारण रोगी व्याधीले पशुपन्छीको मृत्यु हुने गरेको दृष्टान्त । कृषि गर्नको लागि सिचाईको अभाव (बर्खे पानीमा निर्भर हुनु परेको समस्या देखिएको छ ।

### ४.१.३ चुनौती र अवसर

### चुनौती

यहाँको कृषि र पशुपालन मूलतः प्राकृतिक श्रोत (मौसम, सतह सिंचाई) मा आधारित रहेकोले यिनीहरुको दीगो उपयोग मार्फत कृषिमा व्यवसायिकरण र आधुनिकीकरण गर्न चुनौती छ । कृषि बालीहरुमा बाँदर र जङ्गली जनावरले दुख दिने गरेको छ । वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषि क्षेत्रमा रहेको श्रम अभावलाई सम्बोधन गर्न चुनौती छ ।यसको साथै विभिन्न कृषि बालिहरुको उत्पादन बृद्धि गर्नको लागि सिंचाइको सुविधा उपलब्ध गराउन चुनौती छ ।

### अवसर

गल्याङ नगरपालिकावासी अधिकांश जनताहरुको जीविकाको आधार कृषि हो । यसको व्यवसायिकीकरण र आधुनिकीकरण गर्न विभिन्न क्षेत्रहरुलाई विभिन्न कृषि कार्यहरुको पकेट क्षेत्र बनाई आवश्यक सेवा र सुविधाहरु प्रदान गरी उत्पादन र उत्पादकत्वमा उल्लेख्य बृद्धि मार्फत जनताको जीवनस्तरमा दीगो सुधार, निरपेक्ष गरीबी उन्मूलन गर्न सकिन्छ । सिंचाईको व्यवस्था राम्रो भएमा कृषिबाट आर्थिक लाभ हुन्छ । माछा पालन र मौरी पालनको राम्रो सम्भावना रहेको छ । स्वदेशी

लगानीमै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सुरुवात भई सुपरजोन, जोन, ब्लक तथा पकेट क्षेत्रको पहिचान हुनु, विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुँदै जानु आदी यस क्षेत्रका अवसरहरु हुन् ।

### ४.१.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच**
खाध र पोषनको सुरक्षा तथा व्यवस्थापन, सम्बृद्ध कृषि अर्थतन्त्रको निर्माण ।

**लक्ष्य**
कृषिको व्यावसायिकरण, गुणस्तरीय खाद्यान्न र पशुपंक्षिजन्य उत्पादन बृद्धिका माध्यमबाट युवा वर्गको रोजगारको प्रमुख आकर्षणको रुपमा विकास भई खाद्य आत्मनिर्भरताको प्रत्याभूति गराउने ।

**उद्देश्य**

१. कृषि प्रणालीलाई सिंचाइ तथा अन्य सुबिधाहरु उपलब्ध गराई नाफामूलक, गुणस्तरिय, दिगो एवं व्यवसायिक प्रणालीमा रूपान्तरण गरी आर्थिक समृद्धि हासिल गर्नु ।
२. कृषि तथा पशुपंक्षिजन्य उत्पादन वृद्धि गरी कृषि क्षेत्रलाई आधुनिक आत्मनिर्भर, व्यवसायिक तथा रोजगारउन्मुख वनाउदै परिणाममुखी र प्रतिस्पर्धी बनाउनु ।

### ४.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ कृषि प्रणालीलाई सिंचाइ तथा अन्य सुबिधाहरु उपलब्ध गराई नाफामूलक, गुणस्तरिय, दिगो एवं व्यवसायिक प्रणालीमा रूपान्तरण गरी आर्थिक समृद्धि हासिल गर्नु । | |
| १.१ तुलनात्मक लाभ हुनसक्ने बाली, पशुपंक्षिजन्य बस्तुहरुको व्यवसायिकरण गरी कृषिलाई आर्थिक समृद्धिको प्रमुख आधारको रुपमा विकास गर्ने । | १.१.१ नीजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै व्यपसायिक खेतीलाई प्राथमिकता दिई खाद्य सुरक्षाको सुनिश्चित गरिनेछ । |
| | १.१.२ कृषि पेशामा संलग्न कृषकहरुलाई प्रोत्साहित गर्न कृषि विशेष अनुदान तथा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.३ पशुपन्छी विशेष उत्पादन क्षेत्र तोकी त्यस्ता क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गरी उन्नत नस्ल, पशु आहारा, पशु सेवा, पशु स्वास्थ्य, सुलभ ऋृण, बिमासहितको प्राविधिक सेवा प्रदान गरिनेछ । |
| | १.१.४ एक गँउ एक कृषि पकेट क्षेत्र र एक गँउ एक पशुपंक्षि फर्म कार्यक्रम विकास तथा विस्तार गरिनेछ । |
| १.२ कृषकलाई सिँचाइ र अन्य भौतिक पूर्वाधारको उपलब्धता सनिश्चित गरी कृषि योग्य भूमिको उच्चतम उपभोग गर्ने । | १.२.१ कृषि प्रणालीलाई सिंचाइ तथा अन्य सुबिधाहरु उपलब्ध गराई नाफामूलक, गुणस्तरिय, दिगो एवं व्यवसायिक प्रणालीमा रूपान्तरण गरी आर्थिक समृद्धि हासिल गरिनेछ । |
| | १.२.२ सम्भावना तथा उत्पादकत्वका आधारमा कृषि भूमि वर्गीकरण गरिनेछ । |
| | १.२.३ कृषिक पहिचान तथा वर्गीकरण गरी सो कृषक लक्षित सेवा विस्तार गर्न कृषि उपजको बजारीकरण तथा व्यवसायीकरण र यान्त्रिकीकरणमा सहयोग उपलब्ध गरिनेछ । |

| | |
|---|---|
| १.३ कृषि तथा पशुजन्य उत्पादनको सुरक्षा तथा वजारलाई सुनिश्चित गर्ने । | १.३.१ कृषि उत्पादन संकलन केन्द्रको स्थापना गरिनेछ । |
| | १.३.२ प्रशोधन केन्द्र तथा चिस्यान केन्द्रको स्थापना गरिनेछ । |
| | १.३.३ कृषि तथा पशु विमा कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.३.४ नश्ल सुधार तथा उपचार केन्द्र स्थापना गरिनेछ । |
| उद्देश्य २ कृषि तथा पशुपंक्षिजन्य उत्पादन वृद्धि गरी कृषि क्षेत्रलाई आधुनिक आत्मनिर्भर, व्यवसायिक तथा रोजगारउन्मुख वनाउदै परिणाममुखी र प्रतिस्पर्धी बनाउनु । | |
| २.१ वित्तिय सहयोग, बजारीकरण, सूचना प्रणाली, नीतिगत व्यवस्था र अन्य पूर्वाधारको विकास गरी कृषि, पशुपंक्षी उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने । | २.१.१ प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरूको पहिचान एवम् उत्पादनमा वृद्धि गरी उत्पादित प्राङ्गारिक वस्तुको ब्रान्ड प्रवर्द्धन गर्दै राष्ट्रिय स्तरमा बजारीकरण गरिनेछ । |
| | २.१.२ तुलनात्मक लाभ हुनसक्ने स्थानीय बाली तथा बस्तुको सामुहिक व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ । |
| | २.१.३ पशुपन्छी विशेष उत्पादन क्षेत्र तोकी त्यस्ता क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गरी उन्नत नस्ल, पशु आहारा, पशु सेवा, पशु स्वास्थ्य, सुलभ ऋृण, बिमासहितको प्राविधिक सेवा प्रदान गरिनेछ । |
| | २.१.४ कृषि तथा पशुपालन व्यवसायलाई व्यवस्थित बनाउन नीतिगत व्यवस्था गरिनेछ । |
| | २.१.५ कृषि उपजको बजारीकरण तथा व्यवसायिकरणमा टेवा पुर्याउन कृषि उपज संकलन केन्द्र, विक्री केन्द्र, हाट बजार, स्थापनामा सहयोग उपलब्ध गराउने । |

**४.१.६ कार्यक्रमको प्राथमिकता**

१. कृषि उपजको बजारीकरण तथा व्यवसायिकरणमा टेवा पुर्याउन कृषि उपज संकलन केन्द्र, विक्री केन्द्र, हाट बजार, नश्ल सुधार तथा उपचार केन्द्र, प्रशोधन केन्द्र तथा चिस्यान केन्द्रको स्थापनामा सहयोग उपलब्ध गराउने ।

२. कृषि उत्पादन पकेट क्षेत्र र नमूना फार्म कार्यक्रमहरु सञ्चालन गर्ने ।

३. कृषकमैत्री नीति, ऐन र नियम, निर्देशिका, कार्यविधि तयार गर्ने ।

### ४.१.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | नीजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउने | संख्या | | १ | १ | | २ | न.पा |
| २ | . | | १.१.२ | ख | कृषि विशेष अनुदान तथा पहिचान कार्यक्रम | संख्या | २ | २ | २ | २ | ६ | " |
| ३ | | | १.१.३ | ख | पशुपन्छी विशेष उत्पादन क्षेत्र तोकी उन्नत नस्ल, पशु स्वास्थ्य तथा प्राविधिक सेवा प्रदान | संख्या | | ३ | ४ | ३ | १० | " |
| | | | १.१.४ | क | एक गँउ एक कृषि पकेट क्षेत्र र पशुपंक्षि फर्म कार्यक्रम | संख्या | | ४ | ३ | ४ | ११ | " |
| ४ | | १.२ | १.२.१ | क | कृषि प्रणालीलाई सिंचाइ तथा अन्य सुबिधाहरु उपलब्ध | संख्या | | | निरन्तर | | | " |
| ५ | | | १.२.२ | क | सम्भावना तथा उत्पादकत्वका आधारमा कृषि भूमि वर्गीकरण | संख्या | | २ | ३ | ३ | ८ | " |
| | | | १.२.३ | क | कृषक पहिचान तथा वर्गीकरण गरी अनुदान तथा अन्य सेवा प्रदान | पटक | | १ | १ | १ | ३ | " |
| ६ | | १.३ | १.३.१ | ख | कृषि उत्पादन संकलन केन्द | संख्या | | १ | | १ | २ | " |
| ७ | | | १.३.२ | ग | प्रशोधन केन्द्र तथा चिस्यान केन्द्र | संख्या | | १ | | १ | २ | " |
| | | | १.३.३ | क | कृषि तथा पशु विमा कार्यक्रम | संख्या | | | निरन्तर | | | " |
| | | | १.३.४ | ख | नश्ल सुधार तथा उपचार केन्द्र स्थापना | संख्या | | | | | | " |
| ८ | २ | २.१ | २.१.१ | क | प्राङ्गारिक वस्तुको ब्रान्ड प्रवर्द्धन | पटक | | | निरन्तर | | | " |
| ९ | | | २.१.२ | ख | तुलनात्मक लाभ बाली तथा बस्तुको व्यवसायिक खेती | पटक | | १ | १ | १ | ३ | " |
| १० | | | २.१.३ | ख | पशुपन्छी विशेष उत्पादन क्षेत्र तोकी | संख्या | | | निरन्तर | | | " |
| ११ | | | २.१.४ | क | कृषि तथा पशुपालन नीतिगत व्यवस्था | संख्या | | १ | २ | २ | ५ | " |
| | | | २.१.५ | क | कृषि उपजको बजारीकरण तथा व्यवसायिकरण | संख्या | | २ | ३ | २ | ७ | " |

### ४.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/७१ | | | | | | | |
| **प्रभाव** | आधुनिक, व्यवस्थित र व्यवसायिक कृषि को विकासवाट युवा वर्गको रोजगारको प्रमुख आकर्षणको रुपमा विकास भई खाद्य आत्मनिर्भरताको प्रत्याभूति भएको हुने । | व्यवसायिक कृषि संलग्न घरधुरीमा बृद्धि | प्रतिशत | | २५ | ५० | १०० | १०० | न.पा. | न.पा. | | ४ | २ | ३ |
| | | नगदेवालीको उत्पादकत्वमा बृद्धि | मे ट | | | | | | " | " | | ४ | २ | ३ |
| | | कृषि जन्य उद्योगको बृद्धि | संख्या | | ३ | ३ | ३ | ९ | " | " | | ४ | २ | ३ |
| **असर १** | कृषि उत्पादकत्व बृद्धि भएको हुने | खाद्यान्न ( धान, मकै, गहुँ र कोदो) उत्पादन | मे.ट. | | | | | | " | " | | ४ | २ | ३ |
| | | नगदेवालीको उत्पादन | मे.ट. | | | | | | " | " | | ४ | २ | ३ |
| **प्रतिफल १.१** | कृषि तथा पशुपालन नीति निर्माण भएको हुने | कृषक मैत्री नीति, निर्देशिका | संख्या | | | १ | | १ | " | " | | ४ | २ | ३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.२** | तरकारी, फलफुल तथा खाद्यान्न उत्पादनको पकेट क्षेत्रको रुपमा विकास भएको हुने | खाद्यान्न, फलफुल तथा मौरीपालनको पकेट क्षेत्र (क्षेत्रफल) | संख्या | | १ | २ | २ | ५ | ” | ” | | ४ | २ | ३ |
| **प्रतिफल १.३** | सम्भावना तथा उत्पादकत्वका आधारमा कृषि भूमि वर्गीकरण भएको हुने । | उच्च कृषि उत्पादकत्व भएको जमिन | हेक्टर | | | | | | ” | ” | | ४ | २ | ३ |
| **प्रतिफल १.४** | निजी तथा सरकारी कृषियोग्य बाँझो जमिनमा कृषिजन्य उत्पादन वढेको हुने । | निजी तथा सरकारी कृषियोग्य बाँझो जमिन | हेक्टर | | | | | | ” | ” | | ४ | २ | ३ |
| **प्रतिफल १.८** | कृषि विमा कार्यक्रम सञ्चालन भएको हुने | कृषि विमा कार्यक्रम | संख्या | | निरन्तर | | | | ” | ” | | ४ | २ | ३ |
| **असर २** | कृषि क्षेत्र नाफामूलक, गुणस्तरीय, दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण भएको हुने | प्रणाली रूपान्तरण | प्रतिशत | | | | | १०० | ” | ” | | | | |
| **प्रतिफल २.१** | कृषि उत्पादन संकलन केन्द्र सञ्चालन हुने | संकलन केन्द्र | संख्या | | १ | १ | १ | ३ | ” | ” | | ४ | २ | ३ |
| **प्रतिफल २.२** | कृषि उपज बेच बिखन केन्द्र स्थापना र बजार व्यवस्थित भएको हुने | कृषि उपज बेच बिखन केन्द्र | संख्या | | १ | १ | १ | ३ | ” | ” | | ४ | २ | ३ |
| **प्रतिफल २.३** | प्रशोधन केन्द्र, तथा चिस्यान केन्द्रको स्थापना भएको हुने । | प्रशोधन केन्द्र, तथा चिस्यान केन्द्र | संख्या | | १ | | १ | २ | ” | ” | | ४ | २ | ३ |
| **प्रतिफल २.४** | व्यवस्थित डेरी तथा मासुपसलको स्थापना | व्यवस्थित डेरी तथा | संख्या | | १ | १ | १ | ३ | ” | ” | | ४ | २ | ३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भएको हुने | मासुपसल | | | | | | | | | | | | |
| **प्रतिफल २.५** | नश्ल सुधार तथा उपचार केन्द्र स्थापना भएको हुने | नश्ल सुधार तथा उपचार केन्द | संख्या | | | | | १ | " | " | | ४ | २ | ३ |

## ४.२ उद्योग तथा वाणिज्य

### ४.२.१ पृष्ठभूमि

उद्योग एवं अन्य व्यवसायहरु संचालन गरेर आर्थिक गतिविधि मार्फत गल्याङ्गको समृध्दि हासिल गर्न सकिन्छ । यहाँ संचालित विभिन्न साना तथा घरेलु अ संचालन गरी आय आर्जन गर्न सकिन्छ । ग्रील, इट्टा, काष्ठ, आरन, फर्निचर, राइस मिल, कपडा, चाउमिन, पाउरोटि उद्योग आदि चलीरहेको उद्योगको विविधिकरण गरी नयाँ सम्भाव्य उद्योगको प्रवर्धन गर्नु आवश्यक छ ।

### ४.२.२ समस्या

कृषी, वन तथा खनिज बस्तुमा आधारित साना तथा घरेलु उद्योगहरु प्रवर्धन नहुनु, गाँउमा उत्पादित वस्तुहरुको उचित मूल्य निर्धारण र बजार व्यवस्थापन हुन नसक्नु, ग्ल्याङमा आवश्यक पर्ने विभिन्न पैदावार र सामाग्रीको बाहिरवाट आयत गरी आयात प्रतिस्थापन हुन नसक्नु, स्थानीय कच्चा पदार्थमा आधारित उद्योग कल कारखानाको कमी , व्यवसाय सञ्चालनका लागि सीपमूलक तालिम कार्यक्रमहरू सञ्चालन नहुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

### ४.२.३ चुनौती र अवसर

**चुनौती**

रोजगारमूलक उद्योगहरूको स्थापना हुन नसक्नु, व्यवसायिक सोचमा कमी हुनु, गाँउमा उत्पादित कृषि, वन र खनिज पैदावारको प्रशोधन गरी विभिन्न उद्योगहरु संचालन र प्रवर्धन गर्न । नगरलाई आत्मनिर्भर बनाउन विभिन्न वस्तुको उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन गर्न आदि यस क्षेत्रका प्रमुख चुनौतीहरु हुन् ।

**अवसर**

ढाका टोपी बुन्ने, नगरपालिकाको मायाको चिनो बनाउने, आरन, चोया, मुडा, निगाला, फर्निचरको सम्भावना, औद्योगिक क्षेत्रको स्थापना गरी ठूला, मझौला तथा साना उद्योगको स्थापनामा प्रोत्साहन गर्ने, व्यवसाय उन्मुख सीप विकास तालिम कार्यक्रमहरू सञ्चालन गर्ने, परम्परागत सीपमा आधारित साना तथा घरेलु उद्योगहरूको स्थापनामा प्रोत्साहन गर्ने, उद्योग स्थापनामा अनुदानका क्रियाकलापहरू सञ्चालन गर्ने व्यवस्थित बजारको विकासका निमित्त निजी क्षेत्रसँग समन्वय गरी पूर्वाधार विकास लगायतका कार्यक्रम सञ्चालन गर्ने आदि यस क्षेत्रका प्रमुख अवसरहरु हुन् ।

### ४.२.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच**

उद्योग र व्यवसायको बिकास, युवा रोजगारी र आर्थिक समृद्धिको मुल आधार ।

**लक्ष्य**

उद्योग र व्यवसायको प्रवर्धन गरी गल्याङ्गलाई उत्पादनमुखी बनाउने ।

**उद्देश्य**

१. ग्रामिण पहिचान युक्त औद्योगिक उत्पादनबाट स्थानीय स्तरमा आयात प्रतिस्थापन मार्फत गल्याङ्गलाई आत्म निर्भर बनाउने ।

२. औद्योगिक विकासद्वारा बेरोजगारी र गरिबी न्त्यूनीकरण गर्नु ।

### ४.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ उद्योगहरूको स्थापना र उत्पादन वृद्धि गरी कुल ग्राहस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु | |
| १.१ आयात प्रतिस्थापनमा प्राथमिक्ताका साथ कार्य गर्ने । | १.१.१ औद्योगिक विकासको लागि सार्वजनिक नीति साझेदारी मार्फत परियोजना सञ्चालन गर्नका लागि आवश्यक कानुनी वातावरण तयार गरिनेछ । |
| | १.१.२ साना तथा घरेलु उद्योगको विविधिकरण गर्न प्राविधिक परामर्श तालिम र अनुदानको व्यवस्था गरिनेछ । |
| | १.१.३ स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालन गरिनेछ । |
| | १.१.४ लघु उद्यम विकास कार्यक्रम कार्यान्वयन गर्ने निकाय तथा सहयोगी निकायसँग समन्वय गरी उत्पादितवस्तुको बजारीकरणको व्यवस्थ गरिनेछ । |
| | १.१.५ उत्पादित वस्तुहरूको गुणस्तरीयता सुनिश्चित गर्न संस्थागत संयन्त्रको विकास गरिनेछ । |
| | १.१.६ उद्योगहरुलाई आवश्यक पर्ने पूर्वाधार विकासमा जोड दिइनेछ । |
| १.२ स्थानीय कच्चा पदार्थमा आधारित औद्योगिक उत्पादनमा जोड दिने । | १.२.१ व्यवस्थित पूर्वाधार र आधुनिक सुविधा सहितको औद्योगिक ग्रामको निर्माण गरिनेछ । |
| | १.२.२ स्थानीय कच्चा पदार्थमा आधारित उद्योग सञ्चालनमा प्रोत्साहित गर्न नीतिगत व्यवस्था गरिनेछ । |
| | १.२.३ घरेलु उत्पादनलाई प्रोत्साहन गर्न आधुनिकीकरण गरी आवश्यक तालिम तथा प्रविधिको व्यवस्था गरिनेछ । |
| उद्देश्य २ औद्योगिक विकासद्वारा बेरोजगारी र गरिबी न्त्यूनीकरण गर्नु । | |
| २.१ स्थानिय स्रोतको आधारमा सम्भावना र प्रतिस्पर्धी क्षमता बोकेका उद्योगहरूको स्थापनामा सरलीकरण र सहजीकरण गर्ने । | २.१.१ वन पैदावारमा आधारित उद्योगहरूको स्थापनामा जोड दिइनेछ । |
| | २.१.२ स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापनामा जोड दिइनेछ । |
| | २.१.३ निमार्ण सामाग्री, खाद्य वस्तु, दुध, माछा, मासु अण्डा, लगायतका स्थानिय वस्तुहरुको उत्पादनलाई महत्वका साथ प्राथमिकता दिइनेछ । |

### ४.२.६ कार्यकमको प्राथमिकता

१. व्यवस्थित पूर्वाधार र आधुनिक सुविधा सहितको औद्योगिक ग्रामको निर्माण गर्ने ।
२. साना तथा घरेलु उद्योग संचालनको लागि प्राविधक परामर्श तालिम र अनुदानको व्यवस्था गर्ने ।
३. उत्पादित वस्तुहरूको गुणस्तरीयता सुनिश्चित गर्न संस्थागत संयन्त्रको विकास गरी आवश्यक निति तर्जुमा गर्ने ।

## ४.२.७ विस्तृत कार्यक्रम

| क्रस | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ग | औद्योगिक नीति तर्जुमा | संख्या | | १ | | | १ | न.पा |
| २ | | | १.१.२ | क | उद्योग संचालनको लागि प्राविधिक परामर्श तालिम र अनुदान | संख्या | | ३ | २ | २ | ७ | ” |
| ३ | | | १.१.३ | क | लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना | संख्या | | ४ | ४ | ३ | ११ | ” |
| ४ | | | १.१.४ | क | स्थानीय स्रोत एवम् सीपकोमा आधारीत उद्योग विकास | संख्या | | १ | १ | १ | ३ | ” |
| ५ | | | १.१.५ | क | औद्योगीक गुणस्तरीयता सुनिश्चित गर्न संस्थागत संयन्त्रको विकास | संख्या | | निरन्तर | | | | ” |
| ६ | | | १.१.६ | क | उद्योगहरुलाई आवश्यक पर्न भौतिक पूर्वाधार विकास | संख्या | | २ | १ | १ | ४ | |
| ७ | | १.२ | १.२.१ | ख | औद्योगिक ग्रामको निर्माण | संख्या | | १ | | | १ | ” |
| ८ | | | १.२.२ | क | उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि | संख्या | | निरन्तर | | | | ” |
| ९ | | | १.२.३ | क | घरेलु उत्पादनलाई आधुनिकीकरण गरी आवश्यक तालिम तथा प्रविधिको व्यवस्था | संख्या | | निरन्तर | | | | ” |
| १० | २ | २.१ | २.१.१ | क | वन पैदावारमा आधारित उद्योगहरूको स्थापना | संख्या | | ३ | २ | २ | ७ | ” |
| ११ | | | २.१.२ | क | स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना | संख्या | | ३ | ३ | ३ | ९ | ” |
| १२ | | | २.१.३ | क | निमार्ण सामाग्री, खाद्य वस्तु, दुध, माछा, मासु अण्डा, लगायतका स्थानिय वस्तुहरुको उत्पादनलाई प्राथमिकता | संख्या | | ३ | ३ | १ | ७ | ” |

### ४.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | स्थानीय श्रोत, साधन एवं श्रम सीपमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसायको प्रवर्द्धन गरी स्वरोजगारका अवसर सृजना भएको हुनेछ | २५ लाख सम्मका उद्योग | संख्या | | ५ | ५ | ५ | १५ | न.पा. | न.पा. | | ४ | २ | ३ |
| | | २५ लाख देखि ५० लाख सम्मका | संख्या | | ३ | ३ | ३ | ९ | " | " | | ४ | २ | ३ |
| **असर १** | ग्रामिण पहिचान युक्त औद्योगिक उत्पादनबाट स्थानीय स्तरमा रोजगारीको अवस्था सिर्जना भएको हुने | रोजगारी | प्रतिशत | | | | | १०० | " | " | | ४ | २ | ३ |
| **प्रतिफल १.१** | औद्योगिक ग्राम स्थापना भएको हुने | औद्योगिक ग्राम | संख्या | | १ | | | १ | " | " | | ४ | २ | ३ |
| **प्रतिफल १.२** | सार्वजनिक नीजि साझेदारी सम्वन्धि नीति तर्जुमा भएको हुने | नीति | संख्या | | | १ | | १ | " | " | | ४ | २ | ३ |
| **प्रतिफल १.३** | स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि नीतिगत व्यवस्था भएको हुने | नीति | संख्या | | | १ | | १ | " | " | | ४ | २ | ३ |
| **प्रतिफल १.४** | उद्योग संचालनको लागि प्राविधिक परामर्श तालिम र अनुदान दिएको हुने | तालिम र अनुदान | संख्या | | २ | २ | २ | ६ | " | " | | ४ | २ | ३ |
| **प्रतिफल १.५** | लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना भएको हुने | लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योग | संख्या | | ५ | ५ | ५ | १५ | " | " | | ४ | २ | ३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.६** | वन पैदावारमा आधारित उद्योगहरूको स्थापना भएको हुने | वन पैदावारमा आधारित उद्योग | संख्या | | २ | २ | २ | ६ | " | " | | ४ | २ | ३ |
| **प्रतिफल १.७** | जडीबुटी प्रशोधन केन्द्र स्थापना भएको हुने | जडीबुटी प्रशोधन केन्द्र | संख्या | | | | १ | १ | " | " | | ४ | २ | ३ |
| **प्रतिफल १.८** | औद्योगिक क्षेत्रमा आवश्यक भौतिक पूर्वाधार कार्यक्रममा निजी क्षेत्रको सहभागिता भएको हुने | निजी क्षेत्रको सहभागिता | संख्या | | निरन्तर | | | | " | " | | ४ | २ | ३ |
| **प्रतिफल १.९** | स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना भएको हुने | उद्योग | संख्या | | २ | २ | २ | ६ | " | " | | ४ | २ | ३ |

## ४.३ पर्यटन

### ४.३.१ पृष्ठभूमि

गल्याङ नगरपालिकामा श्रृङ्ग गुफा, घुमारी घाट, गकादी डाँडा-गडि, गङ्गेश्वोर महादेव, अकलादेवि मन्दिर, कोटडाडाँ, ग्वास्लुङ्ग चण्डी कालिका, सिद्धगुफा, सिद्ध थिम्की, पलट्याङ माथर आदि विशेष महत्व बोकेका पर्यटकिय एवंम एतिहासिक ठाँउहरु रहेकाछन् । धेरैजसो मठ मन्दिरहरु नाजुक अवस्थामा रहेका छन् भने पर्यटकिय स्थलहरुको विकास गरी आवश्यक फाइदा लिन भने सकिएको छैन । यस नगरपालिकामा सबै मठ मन्दिरहरुको संरक्षण र प्रवर्धन गरी पर्यटन व्यवसायको विकास गर्ने संभावना बढी छ । त्यसैगरी मठ मन्दिरहरुको घेराबार र कुनै कुनै मन्दिरहरुसम्म पुग्ने बाटो नभएको अवस्था छ । उहाँ नयाँ पर्यटकिय गुरु योजनाहरु निर्माण गर्न जरुरी देखिन्छ ।

### ४.३.२ समस्या

पर्यटकीय स्थल सम्म ब्यवस्थित सडक नपुग्नु, प्रचार प्रचार गर्न नसक्नु, ब्यवस्थित होटल नहुनु, पर्यटकहरु आएर बस्नको लागि होम स्टे, होटलको समस्या रहेको, होम स्टेको लागि आवश्यक ज्ञान तथा तालिमको अभाव हुनु, भ्यू प्वाईन्टको सम्भावना हुँदा पनि प्रचार प्रसार, व्यवस्थापन तथा निमार्णको कमि हुनु, पिक्निक स्पोटहरुमा आवश्यक पर्ने आधारभूत पूर्वाधारहरु निर्माण गर्न नसक्नु आदि यसका क्षेत्रका समस्याहरु हुन् ।

### ४.३.३ चुनौती र अवसर

#### चुनौती

पर्यटकीय पूर्वाधारहरूको विकास गर्ने, पर्यटकीय होटल तथा होम-स्टे कार्यक्रम सञ्चालन गर्ने, पर्यटकीय स्थलको प्रचार प्रसार गर्ने एवं उपयुक्त व्यवस्थापन गर्ने आदि यसका क्षेत्रका चुनौतीहरु हुन् ।

#### अवसर

पदयात्रालाई सहज हुने गरी विभिन्न स्थानमा सामुदायिक होम स्टे (जस्तैः पलट्याङ माथर, माझकोट धारुङ्ग, रिसिङ्ग, चारघरे, दुइघरे, नाल्ठो) को विस्तार र सुधार, दृश्यावलोकन स्थल तथा क्याम्पिङ साइटको निर्माण, प्रचार प्रसार सामाग्रीको निर्माण तथा वितरण, एवं पदयात्रा मार्ग सुधार लगायतका क्रियाकलापहरु संचालन गरिने छ । पदयात्रा मार्ग सम्बन्धी प्रचारप्रसार गर्न कुनै निश्चित समय तोकी हरेक बर्ष पदयात्रा अभियान समेत संचालन गरिने छ । होम स्टेमा स्थानीय संस्कृति झल्किने सांस्कृतिक कार्यक्रम संचालन गर्ने गरी जनशक्तिको विकास गरिने छ ।

### ४.३.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

#### सोच

व्यवसायिक र दिगो पर्यटन विकास, गल्याङ युवा रोजगारीको मुल आधार

#### लक्ष्य

सांकृतिक तथा पर्यटन क्षेत्रलाई स्थानीय अर्थतन्त्रको मेरुदण्डको रुपमा विकासगरी आर्थिक समृद्दि हासिल गर्ने ।

#### उद्देश्य

१. पर्यटन विकासमा पूर्वाधारको विविधिकरण गर्नु ।
२. पर्यटनमार्फत् नागरीकको आयस्तर वृद्धि गरी रोजगारी सृजना उल्लेखनीय योगदान पऱ्याउनु ।

### ४.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ पर्यटन विकासमा पूर्वाधारको विविधिकरण गर्नु । | |
| १.१ आवश्यक पर्यटन पूर्वाधारको निर्माण र संरक्षण गर्ने । | १.१.१ पर्यटन पैदावारको प्रचार प्रसार गर्ने । |
| | १.१.२ प्राकृतिक तथा साँस्कृतिक संम्पदा र पर्यटकीय गन्तव्य हरुको दिगो उपयोग गरी संरक्षण र संर्म्बदन गरिनेछ । |
| | १.१.३ आकर्षक पर्यटकय गन्तव्यमा पुग्ने सडक तथा पदमार्गहरू शुरक्षित र पर्यटकमैत्री रुपमा विकास, विस्तार गरिनेछ । |
| | १.१.४ पर्यटकिय गुरु योजना तयार गरी पर्यटन क्षेत्र विकास गरिनेछ । |
| | १.१.५ कला सङ्ग्राहलयको निर्माण गरिनेछ । |
| | १.१.६ रानीतालमा प्याराग्याइडिङ्ग र बन्जि जम्पिङ्ग को सम्भाब्यता अध्ययन गर्ने । |
| उद्देश्य २ पर्यटनमार्फत् जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि गर्नु । | |
| २.१ पर्यटनलाई आयस्रोतको मुख्य आधारको विकास गर्ने । | २.१.१ एक गाउँ एक होमस्टे विकास गरिनेछ । |
| | २.१.२ पर्यटन पूर्वाधार (होटेल, रेष्टुराँ, पदमार्ग, पर्यटन सडक, पार्क, भिउ टावर, आदि) निर्माण गरी पर्यटकलाई आकर्षित गरिनेछ । |
| | २.१.३ नगरपालिकाका प्रमुख पर्यटकीय क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन तयार पारी हरेक वडामा एक पर्यटकीय गन्तव्य लाई विकास गरिनेछ । |

### ४.३.६ कार्यक्रमको प्राथमिकता

१. एक वडा एक होमस्टे विकास गर्ने ।
२. पर्यटकिय गुरु योजना तयार गर्ने ।
३. आकर्षक पर्यटकय गन्तव्यमा पुग्ने सडक तथा पदमार्गहरू शुरक्षित र पर्यटकमैत्री रुपमा विकास, विस्तार गरिनेछ ।

### ४.३.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | संस्कृति र मौलिकता प्रवर्द्धन | प्रतिशत | | निरन्तर | | | | न.पा. |
| २ | | | १.१.२ | क | प्राकृतिक तथा साँस्कृतिक पर्यटकीय गन्तव्यको संरक्षण | संख्या | | ४ | ४ | ४ | १२ | " |
| ३ | | | १.१.३ | ख | पर्यटक गन्तव्यमा पुग्ने सडक निर्माण र स्तरोन्नति | संख्या | | २ | १ | १ | ४ | " |
| ४ | | | १.१.४ | क | पर्यटकिय गुरु योजना तयार | संख्या | | १ | | | १ | " |
| ५ | | | १.१.५ | ग | मगर कला सङ्ग्राहलयको निर्माण | संख्या | | | | १ | १ | " |
| ६ | २ | २.१ | २.१.१ | ख | एक नगर एक होमस्टे विकास | संख्या | | २ | २ | २ | ६ | " |
| ७ | | | २.१.२ | ख | पर्यटन पूर्वाधार (होटेल, रेष्टुराँ, पदमार्ग, पर्यटन सडक) को विकास | संख्या | | २ | ३ | १ | ६ | " |
| ८ | | | २.१.३ | ख | हरेक वडा एक पर्यटकीय गन्तव्य तथा उपजको अवधारणा अनुसार पर्यटनलाई विकास | संख्या | | ४ | ३ | ३ | १० | " |

### ४.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | धार्मिक, सांकृतिक, पर्या तथा कृषिपर्यटन स्थानीय अर्थतन्त्रको मेरुदण्डको रुपमा विकास भएको हुने | व्यवस्थित पर्यटकीय स्थान | संख्या | | ४ | ३ | ३ | १० | न.पा | न.पा | | ४ | २ | ३ |
| | | व्यवस्थित होमस्टे र पर्यटकीय | संख्या | | २ | ३ | १ | ६ | " | " | | ४ | २ | ३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नगर | | | | | | | | | | | | |
| **असर १** | पर्यटन विकासका लागि आधारभुत पूर्वाधार तयार भएको हुने | औषत दैनिक आन्तरिक पर्यटक आगमन | संख्या | | | | | ५०० | ” | ” | | ४ | २ | ३ |
| **प्रतिफल १.१** | पर्यटकिय गुरु योजना तयार भएको हुने | गुरु योजना | संख्या | | १ | | | १ | ” | ” | | ४ | २ | ३ |
| **प्रतिफल १.२** | विभिन्न ठाउँमा भएका भ्यू प्वाईन्टहरुमा आवश्यक पूर्वाधारहरु विकास भएको हुने | भ्यू प्वाईन्ट | संख्या | १३ | २ | १ | १ | ४ | ” | ” | | ४ | २ | ३ |
| **प्रतिफल १.३** | होमस्टेहरु विकास भएको हुने | होमस्टे | संख्या | | २ | २ | २ | ६ | ” | ” | | ४ | २ | ३ |
| **प्रतिफल १.४** | संस्कृति र मौलिकता प्रवर्द्धन भएको हुने | संस्कृति र मौलिकता प्रवर्द्धन | प्रतिशत | | | | | १०० | ” | ” | | ४ | २ | ३ |
| **प्रतिफल १.५** | प्राकृतिक तथा साँस्कृतिक पर्यटकीय गन्तव्यको संरक्षण भएको हुने | पर्यटकीय गन्तव्यको संरक्षण | संख्या | | ३ | ३ | ३ | ९ | ” | ” | | ४ | २ | ३ |
| **प्रतिफल १.६** | पर्यटक गन्तव्यमा पुग्ने सडक निर्माण र स्तरोन्नति भएको हुने | सडक | संख्या | | १ | १ | १ | ३ | ” | ” | | ४ | २ | ३ |
| **प्रतिफल १.७** | मगर कला सङ्ग्राहलयको निर्माण भएको हुने | मगर कला सङ्ग्राहलय | संख्या | | | | १ | १ | ” | ” | | ४ | २ | ३ |
| **प्रतिफल १.८** | हरेक वडा एक पर्यटकीय गन्तव्य तथा उपजको अवधारणा अनुसार पर्यटनलाई विकास भएको हुने | एक वडा एक पर्यटकीय गन्तव्य | संख्या | | १ | १ | १ | ३ | ” | ” | | ४ | २ | ३ |

## ४४ सहकारी वित्तीय क्षेत्र

### ४.४.१ पृष्ठभूमि

सहकारी संचालन गरेर आर्थिक गतिविधि मार्फत ग्ल्याङको समृध्दि हासिल गर्न सकिन्छ । यहाँ संचालित विभिन्न सहकारी संस्था मार्फत पूँजी संकलन गरी जनताको दैनिक खाचो टार्नको साथै साना तथा घरेलु उद्योग संचालन गरी आय आर्जन गर्न सकिन्छ ।

### ४.४.२ समस्या

बैंक तथा वित्तीय संस्थामा विपन्न तथा पिछडिएका वर्गका घरपरिवारको पहुँच कमी हुनु तथा कारोवार समेत कम हुनु, लाभान्वित समूहहरू दोहोरिनु, ऋणको उपयोग व्यवसायिक कार्यमा कम हुनु, चर्को ब्याजदरमा ऋण प्रवाह हुनु, सहकारीहरू उद्धेश्यमा तोकिए अनुसार सञ्चालनमा नरहेको आदि यसका समस्याहरु हुन् ।

### ४.४.३ चुनौती र अवसर

**चुनौती**

सहकारी संस्थालाई सहकारी नीति अनुरुप संचालन गरी व्यवस्थित गर्न, सहकारी सम्बन्धी ज्ञानको अभाव, स्थानीय वासीको आयस्रोतमा कमीको कारण बचतमा समस्या, लगानीको लागि मुद्राको अभाव आदि यसका क्षेत्रका चुनौतीहरु हुन् ।

**अवसर**

बैंकिङ्ग कारोवारमा अभ्यस्त गराउन एक घर एक बैंक खाता लागू गर्ने, वित्तीय सुविधामा देखिएको दोहोरोपना हटाउने, व्यवसायिक सीप तालिम सञ्चालन गर्ने, सहकारी ऐनको प्रभावकारी कार्यान्वयन गराउने, सहकारीको विनियमको पूर्ण पालना गराउने, सहकारी सम्बन्धी शिक्षा, तालिम र सूचनाको व्यवस्था गर्ने, वित्तीय संस्थाहरूको प्रभावकारी सुपरीवेक्षण गर्ने, सहकारीहरूको एकीकरण कार्यमा सहजीकरण गर्ने जस्ता अवसरहरु छन् ।

### ४.४.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच**

व्यवस्थित सहकारी संस्था, समाजवाद उन्मुख समृद्धि हाँसिल ।

**लक्ष्य**

सहकारी संस्थाहरुलाई व्यवस्थित गरी उत्पादन र रोजगारीमा अग्रसर गर्ने ।

**उद्देश्य**

१. सहकारी क्षेत्रलाई व्यवस्थित रुपमा सञ्चालन गरी दिगो बनाउनु ।
२. सहकारी संस्थाहरुलाई व्यवस्थित गरी उत्पादनमा अग्रसर गराउनु ।

### ४.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|

| | |
|---|---|
| उद्देश्य १ सहकारी क्षेत्रलाई व्यवस्थित रुपमा सञ्चालन गरी दिगो बनाउनु । | |
| १.१ वित्तिय क्षेत्रमा सुशासन कायम गरी पँहुच वृद्धि गर्ने । | १.१.१ सहकारी सम्बन्धी स्थानीय नीति, कानून तथा मापदण्ड तर्जुमा गरिनेछ । |
| | १.१.२ सहकारी प्रशिक्षण, नियमन तथा सूचना प्रणालीको स्थापना गरी कार्यान्वयन गरिनेछ । |
| | १.१.३ वडा नं ५, १ ७ र ११ मा कर्मरसियल बैंक स्थापना गरिनेछ । |
| | १.१.४ कृषि बैङ्गिग सेवा विकास तथा विस्तार गर्ने । |
| उद्देश्य २ सहकारी संस्थाहरुलाई व्यवस्थित गरी उत्पादनमा अग्रसर गराउनु । | |
| २.१ सहकारी संस्थालाई उत्पादनमुखी बनाउने । | २.१.१ एक सहकारी एक सदस्य नीति लागु गरिनेछ । |
| | २.१.२ एक सहकारी एक उत्पादन नीति अवलम्वन गरिनेछ । |
| | २.१.३ उत्पादनमा संग्लन सहकारी संस्थालाई गाँउपालिकाले अनुदानको समेत व्यवस्था गरिनेछ । |
| | २.१.४ सहकारी संस्थाद्धारा उत्पादित वस्तुको बजारीकरणमा गाँउपालिकाले समन्वय गरिनेछ । |

**४.३.६ कार्यक्रमको प्राथमिकता**

१. सहकारी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा गर्ने ।
२. एक सहकारी एक उत्पादन कार्यक्रम लागु गर्ने ।
३. कृषि बैङ्गिग सेवा विकास तथा विस्तार गर्ने ।

### ४.४.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | सहकारी सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा | संख्या | | | १ | | १ | न.पा. |
| २ | | | १.१.२ | क | सहकारी प्रशिक्षण, नियमन तथा सूचना प्रणालीको स्थापना गरी कार्यान्वयन | संख्या | | १ निरन्तर | | | | ” |
| | | | १.१.३ | | वडा नं १, ५, ७ र ११ मा कर्मरसियल बैंक स्थापना | संख्या | | २ | २ | | ४ | |
| | | | १.१.४ | | कृषि बैङ्गिग सेवा विकास तथा विस्तार | संख्या | | १ | | | १ | |
| ३ | २ | २.१ | २.१.१ | क | एक सहकारी एक सदस्य नीति | प्रतिशत | | | | | १०० | ” |
| ४ | | | २.१.२ | क | एक सहकारी एक उत्पादन नीति अवलम्वन | प्रतिशत | | | | | १०० | ” |
| ५ | | | २.१.३ | क | उत्पादनमा संग्लन सहकारी संस्थालाई नगरपालिकाले अनुदान | प्रतिशत | | | | | १०० | ” |
| ६ | | | २.१.४ | क | सहकारी संस्थाद्धारा उत्पादित वस्तुको बजारीकरणमा नगरपालिकाले समन्वय | संख्या | | निरन्तर | | | | ” |

### ४.४.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | स्थानीय, श्रम, सीप, पुँजी, प्रविधि, ज्ञान र बजारको अधिकतम परिचालन मार्फत् उत्पादन र उत्पादकत्वमा गुणस्तरीय वृद्धि भई आयातमा | उत्पादन क्षेत्रमा सहकारीको लगानी वृद्धि हुने | प्रतिशत | | | | | १०० | न.पा. | न.पा. | | ४ | २ | ३ |
| | | खाद्यान्नको उत्पादकत्वमा गुणस्तरीय वृद्धि हुने | मे.ट. | | | | | | ” | ” | | ४ | २ | ३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | न्यूनीकरण भएको हुने | खाद्यवस्तुको आयातमा कम हुने | मे.ट. | | | | | | ” | ” | | ४ | २ | ३ |
| **असर १** | सहकारी क्षेत्रमा सुशासन कायम भएको हुने | सहकारीको अनुगमन नियमन भएको हुने | संख्या | | १ | १ | १ | ३ | ” | ” | | | | |
| **प्रतिफल १.१** | सहकारी सम्बन्धी स्थानीय नीति, कानून तथा मापदण्डको तर्जुमा भएको हुने | सहकारी सम्बन्धी स्थानीय नीति एवम् कानूनहरूको तयार | संख्या | | १ | | | १ | ” | ” | | | | |
| **प्रतिफल १.२** | सहकारी प्रशिक्षण, नियमन तथा सूचना प्रणालीको स्थापना भई कार्यान्वयन भएको हुने | प्रशिक्षण तथा सूचना केन्द्रका लागि सहकारी निर्देशनालय | संख्या | | | १ | | १ | ” | ” | | | | |
| **असर २** | सहकारीको स्रोत पहिचान भई उत्पादनको क्षेत्रमा लगानी भएको हुने | सहकारी शिक्षा र तालिम | संख्या | | २ | २ | २ | ६ | ” | ” | | | | |
| | | सहकारी चेतना विस्तार गर्ने सूचनामूलक कार्यक्रम तथा सूचना प्रवाह | संख्या | | २ | २ | २ | ६ | ” | ” | | | | |
| **प्रतिफल २.१** | सहकारी खेती, उद्योग, सेवा र व्यवसायको विकास तथा प्रवर्द्धनका लागि भौतिक पूर्वाधारको विकास भएको हुने | भौतिक पूर्वाधार निर्माणमा वित्तीय सहयोग प्राप्त उत्पादनमूलक सहकारी संस्थाको संख्या | संख्या | ० | | | | १ | ” | ” | | | | |
| **प्रतिफल २.२** | सहकारीको माध्यमबाट कृषि क्षेत्रको व्यावसायीकरणमा सहयोग पुगेको हुने | उत्पादन, संकलन, प्रशोधन तथा बजारीकरण गर्ने सहकारी | संख्या | | १ | १ | १ | ३ | ” | ” | | | | |
| **प्रतिफल** | एक सहकारी एक | विशेष प्रोत्साहन पाएका | प्रतिशत | | | | | १०० | ” | ” | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.३ | उत्पादनको नीति कार्यान्वयन भएको हुने | उत्पादनमूलक सहकारी संस्थाहरू | | | | | | | | | | | | |

# परिच्छेद ५ : सामाजिक विकास

जनसंख्या वृद्धि, आकार, वितरण, घनत्व, बसाइँसराई आदिले कुनै पनि स्थानको जनसंख्या व्यवस्थापनमा महत्वपूर्ण प्रभाव पारेको हुन्छ । स्थानीय जनतालाई शिक्षा, स्वास्थ्य, रोजगार लगायत विभिन्न सुविधाहरु उपलब्ध गराएर उनीहरुको जीवनस्तर माथि उठाउन सकिन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार गल्याङ नगरपालिकाको जनसंख्या ३७८०९ रहेको छ जस मध्ये पुरुष ४३.५७ प्रतिशत (१६४७५ जना) र महिला ५६.४३ प्रतिशत (२१३३४ जना) रहेका छन् भने तेस्रो लिङ्गी ० जना रहेका छन् । सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ७५ रहेको छ। जनघनत्व (प्रतिवर्ग किलोमिटरमा रहेको जनसंख्या) ३०० जना प्रतिवर्ग किलोमिटर रहेको छ । कुल ८२७५ घरपरिवार रहेको यस नगरपालिकामा प्रति परिवार औषत ४.५६ जना सदस्य रहेको देखिन्छ। यहाँका आधिकांश मानिसहरु परम्परागत कृषि तथा पशुपालन व्यवसायमा संलग्न छन् भने गैह्र कृषि पेशामा संलग्न मानिसहरुको संख्या ज्यादै कम छ । विभिन्न अवसरहरुको खोजीमा यस नगरपालिकाबाट बसाइँसराई गरी अन्य स्थानमा जाने मानिसहरुको संख्या क्रमिक रुपमा वृद्धि भइ रहेको छ । माथि उल्लेखित तथ्यबाट थाह हुन्छकि यहाँको जनसंख्या पक्षमा विभिन्न समस्याहरु रहेका छन् । यहाँका मानिसहरुलाई आधुनिक विविध सुविधाहरु उपलब्ध गराई उनीहरुको गुणस्तरीय जीवन कायम गर्नु आजको अपरिहार्य आवश्यकता हो ।

यस शिर्षकमा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, लैंगिक तथा सामाजिक समावेशीकरण आदि क्षेत्रका सम्भावना तथा अवसर , उपयोगका नीति र समस्या तथा चुनौती तथा समाधानका उपायहरू देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

## ५.१ शिक्षा

### ५.१.१ पृष्ठभूमि

शिक्षा मानिसको लागि आवश्यक पर्ने आधारभूत आवश्यकता हो । शिक्षाको माध्यमबाट मानिसमा ज्ञान, वुध्दि, विवेक र अन्तरनिहित प्रतिभाको प्रष्फुटन हुन्छ । शिक्षित व्यक्तिमा मानवीय गुणको विकास भएको हुन्छ । शिक्षा व्यावसायिक व्यवहारिक, प्राविधिक र जीवनोपयोगी हुन पर्दछ । साक्षरताले पढ्न र लेख्न सक्ने सिपभन्दा माथि समग्र मानव विकास सूचकलाई इंगित गर्दछ। तथ्यहरूका अनुसार महिला साक्षरताले समग्र बहुआयामिक गरिबी सूचकमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। नगरपालिकामा ५ वर्ष वा सो भन्दामाथि उमेर समूहका कूल ३४६०७ जनसंख्या रहेका छन् । नगरपालिकामा ५ वर्ष वा सो भन्दा माथि उमेर समूहका कूल जनसंख्या मध्ये ७८ प्रतिशत साक्षर रहेका छन् । नगरपालिकामा पढ्न र लेख्न सक्ने साक्षर जनसंख्या २७२१५ रहेका छन् भने पढ्न मात्र सक्ने ५४१ जना रहेका छन् । पढ्ने र लेख्ने दुवै सिप नभएका अर्थात निरक्षर जनसंख्या १९.७७ प्रतिशत रहेको छ । पुरुष र महिला तुलना गर्दा सबैभन्दा बढी साक्षरता प्रतिशत पुरुषको ८६.१ रहेको छ भने महिलाको ७३.०९ प्रतिशत रहेको छ ।

### ५.१.२ समस्या

विद्यार्थी संख्या अनुसार शिक्षक दरबन्दी कमी, विद्यार्थीहरूको नियमित उपस्थिति नहुनु , विद्यालयको भौतिक संरचना जीर्ण रहेको , अभिभावकहरूमा शिक्षाको महत्वबारे जानकारीमा कमी रहेको, गरिवीको कारण विद्यालय उमेरका विद्यार्थी विद्यालय जान नसकेको, बालबालिकालाई विद्यालय प्रति आकर्षण गर्ने कार्यक्रममा कमी, विचैमा विद्यालय छाड्ने दर बढ्दो अवस्थामा रहेका, सबै विद्यालयहरूमा विद्यूत सुविधा नरहेको, सबै विद्यालयहरूमा घेराबारा नरहेको, भूकम्पीय मापदण्डका भवन नभएको आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### ५.१.३ चुनौती र अवसर

### चुनौती

अपुग शिक्षक दरवन्दी र विषय शिक्षकको व्यवस्थापन गर्न, प्राविधिक शिक्षालयको स्थापना र दीगो रुपमा सचालन गर्न, विद्यालय भवन, फर्निचर, खेलकुद मैदान लगायत अन्य भौतिक सुविधा उपलब्ध गराउन, अपाङ्ग मैत्री पूर्वाधारको निर्माण गर्न, दिवा खाजालाई व्यवस्थित र प्रभावकारी ढंगले संचालन गर्न, विद्यालयहरु संमायोजन गरी शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी ढंगले संचालान गर्न, आवसीय विद्यालयहरु व्यवस्थित ढङले संचालन गर्न, वसाईसराईको कारणले नगर छोडी अन्यत्र जाने विद्यार्थीहरुलाई आकर्षित गराउने, अनुगमन पद्धतीलाई प्रभावकारी बनाउदै कमजोर विद्यालय व्यवस्थापनलाई व्यवस्थित र सुदृढ गराउन जस्ता चुनौतीहरु छन् ।

### अवसर

नगरपालिकाको शिक्षाको सम्पूर्ण जिम्मा स्थानीय सरकारलाई भएकाले प्रदेश र संघीय सरकारसँग समन्वय गरी शिक्षक दरवन्दी, पाठयपुस्तक, शैक्षिक सामाग्री, पाठ्यक्रम, पठनपाठन, भौतिक सुविधा, खेलकुद, पुस्तकालय, विद्यालय व्यवस्थापन, अनुगमन र निरीक्षणलाई प्रभावकारी ढंगले संचालन गर्ने जस्ता अवसरहरु छन् ।

## ५.१.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

### सोच

शिक्षालाई प्रविधीभैत्री बनाउने र सेवामा सबैको पहुँच सनिश्चित गर्ने

### लक्ष्य

माग र आवश्यकताको आधारमा दक्ष शिक्षक व्यवस्थापन गर्ने ।

### उद्देश्य

१. शिक्षण संस्थाहरुको संरचनात्मकसुधार गरी आधुनिकीकरण गर्नु ।
२. उत्पादनमुखी, व्यवसायिक र प्रतिष्पर्धात्मक शिक्षालाई प्राथमिक्ता दिई पठनपाठनलाई गुणस्तरिय बनाउनु ।
३. आधुनिक प्रविधियक्त शिक्षामा जोड दिँदै शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु ।

## ५.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ शिक्षण संस्थाहरुको संरचनात्मकसुधार गरी आधुनिकीकरण गर्नु । | |
| १.१ भुकम्प प्रतिरोधी, अपाङ्ग मैत्री र दिगो पूर्वाधारको निर्माण प्रभावकारी शिक्षामा बालबालिकाको पहुँच विस्तार गर्ने । | १.१.१ भूकम्प प्रतिरोधी, अपाङ्ग मैत्री विद्यालय भवनको निर्माण गरिनेछ । |
| | १.१.२ विद्यालयमा खानेपानीको आपूर्ती गरिनेछ । |
| | १.१.३ विद्यालयमा स्तरीय अतिरिक्त कृयाकलाप सञ्चालन गरी विद्यार्थीको अन्तरनिहित प्रतिभाको विकास गरिनेछ । |
| | १.१.४ विद्यालयमा फर्निचर र अन्य भौतिक सुविधाको व्यवस्था गरिनेछ । |
| | १.१.५ विद्यालयमा बाल उद्यान र खेलमैदान निर्माण गर्ने । |
| | १.१.६ प्रत्येक विद्यालयमा १/१ वटा पुस्तकालय र प्रयोगशाला व्यवस्था |

| | |
|---|---|
| | गरिनेछ । |
| | १.१.७ शिव सरस्वती मा.वि. मा स्नातक तहमा स्तरउन्नति गरिनेछ । |
| उद्देश्य २ उत्पादनमुखी, व्यवसायिक र प्रतिष्पर्धात्मक शिक्षालाई प्राथमिक्ता दिई पठनपाठनलाई गुणस्तरिय बनाउनु । | |
| २.१ पठनपाठनलाई जीवन उपयोगी र गुणस्तरिय बनाउने । | २.१.१ र उच्च मा.वि र माध्यमिक तहको प्रत्येक विद्यालयमा विषयगत शिक्षक आवश्यता अनुरुप पूर्ण गरिनेछ । |
| | २.१.२ पाठ्यपुस्तक र पाठ्यसामग्री समयमा उपलब्ध गरिनेछ । |
| | २.१.३ प्राविधिक विषय शिक्षकको व्यवस्था गरिनेछ । |
| | २.१.४ विद्यार्थीको क्षमता विकासका लागि अभिभावक भेला, बाल भेला, विज्ञान तथा कला प्रर्दशनी जस्ता क्रियाकलापको विकास गरिनेछ । |
| उद्देश्य ३ आधुनिक प्रविधियक्तशिक्षामा जोड दिँदै शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु । | |
| ३.१ विद्यालयमा बहुआयामिक र गुण्स्तरिय शिक्षण सिकाइ प्रणाली विकास गरी कानुन, नीति र मापदण्ड तय गर्ने । | ३.१.१ शिक्षण संस्थाको अनुगमन तथा समन्वय व्यवस्था सुदृढ गरिनेछ । |
| | ३.१.२ योग्यता, कार्य दक्षता र कार्य कुशलताको आधारमा शिक्षकको नियुक्ति गरिनेछ । |
| | ३.१.३ विद्यालय व्यवस्थापन समिति, निवार्चित जनप्रतिनिधि, शिक्षा समन्वय र सरोकारवालालाई विद्यालयमा नियमित निरीक्षण गरिनेछ । |
| | ३.१.४ सुविधायुक्त आवासीय विद्यालय स्थापना गरिनेछ । |

### ५.१.६ कार्यक्रमको प्राथमिकता

१. सुविधायुक्त आवासीय विद्यालय स्थापना गर्ने ।
२. योग्यता, कार्य दक्षता र कार्य कुशलताको आधारमा शिक्षकको नियुक्ति गर्ने ।
३. शिव सरस्वती मा.वि. मा स्नातक तहमा स्तरउन्नति गर्ने ।

## ५.१.७विस्तृत कार्यक्रम

| क्र | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाइ | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | ख | भूकम्प प्रतिरोधी, अपाङ्ग मैत्री विद्यालय भवनको निर्माण | संख्या | | ३ | ३ | ३ | ९ | न.पा |
| २ | | | १.१.२ | क | विद्यालयमा खानेपानीको आपूर्ती | प्रतिशत | | | | | १०० | ” |
| | | | १.१.३ | | अतिरिक्त कृयाकलाप सञ्चालन गरी विद्यार्थीको अन्तरनिहित प्रतिभाको विकास | प्रतिशत | | | | | १०० | ” |
| ३ | | | १.१.४ | ख | विद्यालयमा बाल उद्यान र खेलमैदान निर्माण | संख्या | | २ | २ | २ | ६ | ” |
| ४ | | | १.१.५ | क | विद्यालयमा फर्निचर र अन्य भौतिक सुविधाको व्यवस्था | संख्या | | ३ | ३ | ३ | ९ | ” |
| ५ | | | १.१.६ | क | प्रत्येक विद्यालयमा १/१ वटा पुस्तकालय र प्रयोगशाला व्यवस्था | प्रतिशत | | | | | १०० | ” |
| ६ | | | १.१.७ | ख | शिव सरस्वती मा.वि. मा स्नातक तहमा स्तरउन्नति | संख्या | | १ | | | १ | ” |
| ७ | २ | २.१ | २.१.१ | क | म.विमा विषयगत शिक्षक आवश्यता अनुरुप पूर्ण | प्रतिशत | | | | | १०० | ” |
| ८ | | | २.१.२ | क | पाठ्यपुस्तक र पाठ्यसामग्री समयमा उपलब्ध | प्रतिशत | | | | | १०० | ” |
| ९ | | | २.१.३ | क | प्राविधिक विषय शिक्षकको व्यवस्था | प्रतिशत | | | | | १०० | ” |
| १० | | | २.१.४ | क | अभिभावक भेला, बाल भेला, विज्ञान तथा कला प्रर्दशनी जस्ता क्रियाकलापको विकास | संख्या | निरन्तर | | | | | ” |
| ११ | ३ | ३.१ | ३.१.१ | क | शिक्षण संस्थाको अनुगमन तथा समन्वय व्यवस्था सुदृढ | संख्या | | १ | | | १ | ” |
| १२ | | | ३.१.२ | क | योग्यता, कार्य दक्षता र कार्य कुशलताको | संख्या | निरन्तर | | | | | ” |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधारमा शिक्षकको नियुक्ति | | | | | | | |
| १३ | | | ३.१.३ | क | विद्यालय व्यवस्थापन समिति, निवार्चित जनप्रतिनिधि, शिक्षा समन्वय र सरोकारवालालाई विद्यालयमा नियमित निरीक्षण | संख्या | | ४ | ४ | ४ | १२ | ” |
| १४ | | | ३.१.४ | क | सुविधायुक्त आवासीय विद्यालय स्थापना | संख्या | | १ | २ | १ | ४ | |

### ५.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | ढिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | उत्पादनमुखी, व्यवसायिक र प्रतिष्पर्धात्मक शिक्षामा बढोत्तरी भई गुणस्तरिय र दक्ष जनशक्ति उत्पादन भएको हुने | दक्ष र व्यवसायिक विद्यार्थी उत्पादन गर्ने विद्यालय | संख्या | | | | | सबै विद्यालय | न.पा | न.पा | | २ | ४ | ६ |
| **असर १** | शिक्षण संस्थाहरुको आवश्यक पूर्वाधारको विकास भएको हुने | संरचनात्मक सुधार भएको विद्यालय | संख्या | | ३ | ३ | ३ | ९ | ” | ” | | २ | ४ | ६ |
| **प्रतिफल १.१** | विद्यालय शिक्षा सुधार कानुन, नीति र मापदण्ड तयभएको हुन | कानुन, नीति र मापदण्ड | संख्या | | १ | | | १ | ” | ” | | २ | ४ | ६ |
| **प्रतिफल १.३** | विद्यालयमा अपाङ्ग, वाल तथा लैङ्गिक मैत्री पूर्वाधार भएको हुने | अपाङ्ग, वाल तथा लैङ्गिक मैत्री पूर्वाधार भएको विद्यालय | संख्या | | ३ | ३ | ३ | ९ | ” | ” | | २ | ४ | ६ |
| **प्रतिफल १.४** | एक वडा एक नमुना आवासीय विद्यालय स्थापना भएको हुने | नमुना आवासीय विद्यालय | संख्या | | | | | १ | ” | ” | | २ | ४ | ६ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.५** | विषयगत शिक्षक आवश्यता अनुरुप पूर्ण भएको हुने | शिक्षकको संख्या | प्रतिशत | | | | | १०० | " | " | | २ | ४ | ६ |
| **प्रतिफल १.६** | विद्यालयमा स्वस्थ खानेपानीको आपूर्ती भएको हुने | खानेपानी | प्रतिशत | | | | | १०० | " | " | | २ | ४ | ६ |
| **असर २** | बहुआयामिक र गुण्स्तरिय शिक्षण सिकाइ प्रणाली विकास भएको हुने | पाँच वर्ष देखिमाथि उमेर समूहको जनसंख्याको साक्षरता दर | प्रतिशत | | | | | १०० | " | " | | २ | ४ | ६ |
| | | पाँच वर्ष देखिमाथि उमेर समूहको जनसंख्याको साक्षरता दर (पुरुष) | प्रतिशत | | | | | १०० | " | " | | २ | ४ | ६ |
| | | पाँच वर्ष देखिमाथि उमेर समूहको जनसंख्याको साक्षरता दर (महिला) | प्रतिशत | | | | | १०० | " | " | | २ | ४ | ६ |
| **प्रतिफल २.१** | विद्यालय शिक्षामा सवै बालबालिकाको पहुँच सनिश्चित भएको हुने | विद्यालय | संख्या | | | | | सबै विद्यालय | " | " | | २ | ४ | ६ |
| **प्रतिफल २.२** | स्नातक तहसम्म गल्याङमै पढन सकिने वातावरण सृजना भएको हुने | विद्यालय | संख्या | | | | | १ | " | " | | २ | ४ | ६ |
| **प्रतिफल २.३** | अतिरिक्त कृयाकलाप सञ्चालन गरी विद्यार्थीको अन्तरनिहित प्रतिभाको विकास भएको हुने | अतिरिक्त कृयाकलाप | संख्या | | निरन्तर | | | | " | " | | २ | ४ | ६ |

## ५.२ स्वास्थ्य

### ५.२.१ पृष्ठभूमि

नगरपालिका सबै वडाहरुमा स्वास्थ्य चौकी रहेका छन् । प्राथमिक उपचारको लागि यहाँका स्थानीयबासीहरु स्थास्थ्य चौकी र एम्बुलेन्सको प्रयोग गरि गल्याङ नगर अस्पताल मार्फत सेवा लिने गरेको पाइन्छ । जटिल विरामी उपचारको लागि नगरवासीहरू स्वास्थ्य सम्बन्धि सेवा लिन जिल्ला सदरमुकाम वा जिल्ला बाहिर जाने गरेको देखिन्छ । यस नगरपालिकाका जनसमुदायहरूको बिचमा चेतनाको क्रमिक विकास भएसंगै स्वास्थ्य, सरसफाइ तथा समुदायको स्वस्थकर बानी व्यवहार अबलम्बन गर्दै गैरहेको देखिन्छ। तथापी जनताले आवश्यकता अनुसारको स्वास्थ्य सुविधा लिन सकेका छैनन् । जनताको पहुँच केवल स्वास्थ्य चौकी सम्म रहेको छ जहाँ सबै स्वास्थ्य समस्याको समाधान संभव छैन । स्वास्थ्य चौकीहरूमा पर्याप्त स्वास्थ्यकर्मी र औषधीको उपलब्धता नहुँदा समस्या भोल्नुपर्ने बाध्यता छ । नगरपालिकामा विभिन्न वडाहरूमा स्वास्थ्य चौकी रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन्। तसर्थ ग्रामीण स्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ ।

### ५.२.२ समस्या

अस्पतालमा सि.टि स्क्यान नहुनु एम.डि. डक्टर नहुनु , स्वास्थ्य चौकीमा औषधी समयमा नपाइनु, स्वास्थ्य उपकरण तथा एम्वुलेन्सको अभाव हुनु, ब्यवस्थित खानेपानीको नहुनु, अस्पतालको अभाव र स्वास्थ्य चौकीको सेवा अप्रयाप्तता, निशुल्क औषधी, स्वास्थ्य प्रयोगशाला, पोषणयुक्त खानाको कमी, सवै वडामा स्वास्थ्य संवन्धी पहुँच नपुग्नु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### ५.२.३ चुनौती र अवसर

**चुनौती**

नगरपालिकामा प्रयोगशाला सहितको सुपिधा सम्पन्न अस्पताल संचालन गर्न, भइरहेका स्वास्थ्य चौकिमा प्रयोगशाला, निशुल्क औषधि र चिकित्सक सेवा उपलब्ध गराई स्तरोन्नती गर्न, स्वास्थ्य चौकीको सेवा नपुगेका स्थानमा स्वास्थ्य चौकी स्थापना गरी स्वास्थ्य सेवा उपलब्ध गराउन जस्ता चुनौतीहरुछन् ।

**अवसर**

हाल संचालनमा रहेका स्वास्थ्य चौकीमा निशुल्क औषधि, स्वास्थ्य सामाग्री र अन्य स्वास्थ्य सेवा उपलब्ध गराई स्तरोन्नती गर्ने, गाँउपालिकाले पोषणयुक्त खानेकुराको बारेमा चेतना अभिवृद्धि गरी पोषण कार्यकम संचालन गर्ने, स्वास्थ्य क्षेत्रमा सरकारी र गैह्र सरकारी क्षेत्रको समन्वयन र सहकार्य अभिवृद्धी गर्ने, स्थानीय क्षेत्रमा उपलब्ध जडीबुटीहरुको व्यवस्थापन गरी आर्युवेद चिकित्सा प्रणालीलाई विकसित गर्ने जस्ता अवसरहरुछन् ।

### ५.२.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच**

प्रतिरोधात्मक एंव उपचारात्मक विधि मार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराई नगरपालिकाको औषत आयुमा वृद्धि

**लक्ष्य**

न्युनतम स्वास्थ्य सुविधाको पहुँच विस्तार गर्ने ।

**उद्देश्य**

१. स्वास्थ्य सुविधाको व्यवस्थापन सुदृढीकरण गरी स्वास्थ्य सुविधालाई गुणस्तरीय, प्रभावकारी तथा कम खर्चिलो बनाउनु ।
२. गुणस्तरीय स्वास्थ्य सेवा र पोषणयुक्त खानाको पँहुच सुनिश्चित गराउनु ।

### ५.२.५ रणनीति तथा कार्यनीति

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| उद्देश्य १ स्वास्थ्य सुविधाको व्यवस्थापन सुदृढीकरण गरी स्वास्थ्य सुविधालाई गुणस्तरीय, प्रभावकारी तथा कम खर्चिलो बनाउनु । | |
| १.१ स्तरीय स्वास्थ्य सेवा उपलब्ध गराई स्वास्थ्यमा सुधार ल्याउने । | १.१.१ स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता, पूर्वाधार र उपकरणहरू ( एक्सरे, भिडियो एक्सरे, प्रयोगशाला आदि) विस्तार गरिनेछ । |
| | १.१.२ स्वास्थ्य संस्थामा Birthing center स्थापना गरी घरमा सुत्केरी हुने दरलाई शुन्यमा झार्नेछ । |
| | १.१.३ तुलसी भञ्ज्याङमा २४औ घन्टा स्वाथ्य परामर्श सेवा, ल्याब र ब्लडबैङ्क सहितको १५ शैयाको अस्पताल निर्माण गर्ने । |
| | १.१.४ एम्बुलेन्स सेवाको एकीकृत् विकास गरी तालिम प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीको परिचालन गरिनेछ । |
| उद्देश्य २ गुणस्तरीय स्वास्थ्य सेवा र पोषणयुक्त खानाको पँहुच सुनिश्चित गराउनु । | |
| २.१ सबै नागरिकलाई समानरुपमागुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने । | २.१.१ बालवालिका, गर्भवती महिला र जेष्ठ नागरिकलाई स्वास्थ्य सेवामा पँहुच अभिवृद्धि गरिनेछ । |
| | २.१.२ बालवालिकालाई आवश्यक खोप र अन्य स्वास्थ्य सेवा उपलब्ध गराउने र प्रसुती सेवालाई प्रभावकारी ढंगले संचालन गरिनेछ । |
| | २.१.३ स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीमा मापदण्ड अनुसार कर्मचारी दरबन्धिको व्यवस्था गर्ने । |

### ५.२.६ कार्यक्रमको प्राथमिकता

१. एक विद्यालय एक नर्सको व्यवस्था गर्ने ।
२. स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीमा मापदण्ड अनुसार कर्मचारी दरबन्धिको व्यवस्था गर्ने ।
३. गल्याङ नगर अस्पताललाई  व्यवस्थित र सुबिधा युत्त अस्पतालको रुपमा बिकास गर्ने ।

### ५.२.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाइ | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | ख | स्वास्थ्य संस्थामा औषधी, ल्याव र उपकरणको व्यवस्था | संख्या | | २ | २ | २ | ६ | न.पा. |
| २ | | | १.१.२ | ख | स्वास्थ्य संस्थामा Birthing center स्थापना | संख्या | | १ | १ | १ | ३ | " |
| ३ | | | १.१.३ | ख | अरी चौपारीमा (वडा ८) १५ शैयाको अस्पताल निर्माण | संख्या | | १ | | | १ | " |
| ४ | | | १.१.४ | ख | एम्बुलेन्स सेवाको एकीकृत् विकास | संख्या | | १ | १ | १ | ३ | |
| ५ | २ | २.१ | २.१.१ | क | बालवालिका, गर्भवती महिला र जेष्ठ नागरिकलाई स्वास्थ्य सेवामा पँहुच अभिवृद्धि | प्रतिशत | | | | | १०० | " |
| ६ | | | २.१.२ | क | बालवालिकालाई आवश्यक खोप र अन्य स्वास्थ्य सेवा उपलब्ध र प्रसुती सेवालाई प्रभावकारी ढंगले संचालन | प्रतिशत | | निरन्तर | | | १०० | " |

### ५.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराव संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | समुदायमा न्युनतम स्वास्थ्य सुविधाको पहुँच विस्तार भएको हुने | ३० मिनेट भित्र अस्पतालको पहुँचमा भएको जनसंख्या | प्रतिशत | | | | | १०० | न.पा. | न.पा. | | २ | ३ | ६ |
| | | दक्ष प्रसुतीबाट गराईएको जन्म | प्रतिशत | | | | | १०० | " | " | | २ | ३ | ६ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वास्थ्य विमा गर्ने घर संख्या | प्रतिशत | | | | | १०० | " | " | | | | |
| **असर १** | स्वास्थ्य सुविधा गुणस्तरीय, प्रभावकारी तथा कम खर्चिलो भएको हुने | २५०० ग्रामभन्दा कम जन्म तौल भएका शिशु | संख्या | | | | | ० | " | " | | २ | ३ | ६ |
| | | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | | | | | १०० | " | " | | २ | ३ | ६ |
| | | दक्ष प्रसुतीबाट गराईएको जन्म | प्रतिशत | | | | | १०० | " | " | | २ | ३ | ६ |
| | | झाडा पखालाको संक्रमण दर (प्रति हजारमा) | संख्या | | | | | ० | " | " | | २ | ३ | ६ |
| | | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | प्रतिशत | | | | | १०० | " | " | | २ | ३ | ६ |
| | | भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | | | | | १०० | " | " | | २ | ३ | ६ |
| | | सबै खोप लिएका बालबालिका | प्रतिशत | | | | | १०० | " | " | | २ | ३ | ६ |
| | | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | | | | | १०० | " | " | | २ | ३ | ६ |
| | | स्वास्थ्य विमा गर्ने घर संख्या | प्रतिशत | | | | | १०० | " | " | | २ | ३ | ६ |
| | | स्वास्थ्य सूचना, शिक्षा र संचार सचेतना कार्यक्रममा सहभागि | प्रतिशत | | | | | १०० | " | " | | २ | ३ | ६ |
| | | स्वास्थ्य शिविर | पटक | | ४ | ४ | ४ | १२ | " | " | | २ | ३ | ६ |
| | | आयोडिनयुक्त नून प्रयोग गर्ने जनसंख्या | प्रतिशत | | | | | १०० | " | " | | २ | ३ | ६ |
| | | सुविधा सम्पन्न अस्पताल | संख्या | | | | | २ | " | " | | २ | ३ | ६ |
| | | आधारभुत सुविधा ( | प्रतिशत | | | | | १०० | " | " | | २ | ३ | ६ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदी) उपलब्ध स्वास्थ्य संस्था | | | | | | | | | | | | |
| **प्रतिफल १.१** | स्वास्थ्य नीति तर्जुमा भएको हुने | स्वास्थ्य नीति | संख्या | | १ | | | १ | " | " | | २ | ३ | ६ |
| **प्रतिफल १.२** | एक विद्यालय एक नर्सको व्यवस्था भएको हुने | विद्यालयमा नर्स | प्रतिशत | | | | | १०० | " | " | | २ | ३ | ६ |
| **प्रतिफल १.३** | स्वास्थ्य पूर्वाधार, औषधि तथा उपकरणको उपलब्धतामा बृद्धि भएको हुने | स्वास्थ्य संस्था | संख्या | | २ | २ | २ | ६ | " | " | | २ | ३ | ६ |
| **असर २** | स्वास्थ्य सम्बन्धी विपद् जोखिम न्यूनीकरण भएको हुने | विपद व्यवस्थापन समिति | संख्या | | १ निरन्तर | | | | | | | | | |
| **प्रतिफल २.१** | विपद् तथा महामारीको पुर्वतयारी तथा व्यवस्थापनका लागि प्रतिकार्य योजना भएको हुने | विपद् तथा महामारीको तत्काल सम्वोधनका लागि टोली परिचालनको अवस्था | संख्या | | ८ | | | ८ | " | " | | २ | ३ | ६ |
| | | एम्बुलेन्स सेवाको एकीकृत् विकास गरी तालिम प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीको परिचालन | संख्या | | १ | १ | १ | ३ | | | | | | |

## ५.३ खानेपानी तथा सरसफाई

### ५.३.१ पृष्ठभूमि

गल्याङ नगरपालिकामा प्रशस्त पिउने पानीको श्रोत रहेको भएता पनि पूर्ण रुपमा सबै घरघरमा पुगेको छैन । प्राप्त तथ्यांक अनुसार भागभथे लिफ्टीङ्ग खानोपानी, चिदीपानी लिफ्टङ्ग  खानेपानी, कालिगण्डकी भेडावारी लिफ्टङ्ग, सालवास खानेपानी आयोजना, सल्यान लिफ्टिङ्ग खानेपानी, खोलाखर्क लिफ्टिङ्ग खानेपनी, तल्लो गल्याङ खानेपानी, मजुवा, घैयाखेत लिफ्टिङ्ग पानी चौंरीखर्क ठूलो पँधेरो र भञ्ज्याङ्ग -कामीथुम्का  लिफ्टिङ्ग खानेपानी,करादी खोला, चिउरी मुहान गिजा खानेपानी आयोजना आदि  गल्याङ नगरपालिकाको मख्य खानेपानी आयोजनाहरु रहेका छन्  । तर खानेपानी परिक्षण केन्द् नभएको कारण भएका खानेवानी आयोजनाको पानी शुद्ध भएनभएकोमा दुइ मत छ । पिउने पानी  शुद्ध पिउने पानी भएन भने यसले जनस्वास्थ्यमा प्रतिकुल असर पार्दछ । नेपालमा दुर्गम पहाडी ईलाकाहरूमा वर्षेनी प्रदुषित पानीका कारण थुप्रै नागरिकहरूले अनाहकमा झाडापखाला जस्तो सामान्य रोगबाट ज्यान गुमाउनु परिरहेको अवस्था छ । यसका अतिरिक्त सुरक्षित ढल निकासको अभावमा पानीको प्रदुषणले बेलाबेलामा महामारी फैलने गरेको पाईन्छ । तसर्थ शुद्ध खानेपानी प्राप्त गर्नु जनताको नैसर्गिक अधिकार हो भने सुरक्षित खानेपानी उपलब्ध गराउनु सरकारको प्रारम्भिक दाहित्व हो ।

विशेषगरी शहरी क्षेत्र र बजार केन्द्रहरूमा जनघनत्व बढी हुने भएका कारण मानव उत्सिर्जित तथा उद्योगधन्दा र कलकारखानाबाट निस्कने फोहरले बस्तीको सौन्दर्यलाई विरुप पार्नुको साथै सार्वजनिक स्वास्थ्यमा नकारात्मक प्रभाव पारेको देसखन्छ । यस्तो अवस्थामा सरकार तथा समुदाय दुवैको तर्फबाट फोहर व्यवस्थापन प्रणालीलाई दीर्घकालीनरुपमा सम्बोधन गर्नुपर्दछ । फोहरले स्वास्थ्य र सौन्दर्य दुवैलाई हानी गर्दछ भन्ने हृदयंगम गर्दै फोहरको समुचित व्यवस्थापन गर्नु आवश्यक छ । कतिपय कुहिने प्रकृतिको फोहरबाट प्राङ्गारिक मल पनि बनाउन सकिन्छ ।

### ५.३.२ समस्या

सम्पूर्ण घरधुरीमा स्वच्छ खानेपानीको आपूर्ती हुन नसकेको, सम्पूर्ण घरमा सुविधा सम्पन्न पक्की शौचालयको व्यवस्था हुन नसकेको, फोहोर मैलाको उचित ढंगले व्यवस्थापन नभएको, सडक र मार्गमा नालीको व्यवस्था नभएको, सरसफाई संवन्धी सचेतनाको कमी भएको आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### ५.३.३ चुनौती र अवसर

#### चुनौती

प्रत्येक घरमा सुविधा सम्पन्न शौचालय निर्माण गर्न, फोहोरमैलाको उचित व्यवस्थापन गरी नाला ढलको निर्माण गर्न, प्रत्येक नागरिकलाई व्यक्तिगत सरसफालाई संवन्धी सचेतना अभिवृद्धि गर्न जस्ता चुनौतीहरु छन् ।

#### अवसर

खानेपानी मुहान संरक्षण गरी प्रत्येक घरमा शुद्ध खानेपानी उपलब्ध गराउन गा. पा. समपुरक कोष मार्फत नीति लिएको, पूर्ण सरसफाईयुक्त गाँउपालीका घोषणा गर्ने नीति, प्रत्येक वडामा १/१ वटा फोहोर संकलन केन्द्र स्थापना गर्ने न.पा. को नीति हुनु जस्ता अवसरहरु छन् ।

### ५.३.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

#### सोच

समृद्ध ग्ल्याङको शान, स्वच्छ पिउने पानी र सफा घर आँगन ।

**लक्ष्य**

प्रत्येक घरमा शुद्ध खानेपानी सुविधा र सरसफाई सुविधा उपलब्ध गराई गाँउवासीको स्वास्थ्यमा सुधार ल्याउने ।

**उद्देश्य**

१. नगरबासीलाई शुद्ध तथा स्वस्थ खानेपानी दिगो प्रबर्द्धन गर्नु ।
२. आधारभूत सरसफाईको प्रत्याभूति सहित सरसफाईसंवन्धी सचेतना अभिवृद्धि गर्नु ।

### ५.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ नगरबासीलाई शुद्ध तथा स्वस्थ खानेपानी दिगो प्रबर्द्धन गर्नु । | |
| १.१ स्वच्छ दिगो खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराई सचेतना अभिवृद्धि गर्ने । | १.१.१ एक घर एक खानेपानी धारा अभियान संचालन गरिनेछ । |
| | १.१.२ खानेपानीको मुल संरक्षणको लागि वृक्षारोण गरिनेछ । |
| | १.१.३ विद्यालय, स्वास्थ चौकी र सरकारी कार्यालयहरुमा ब्यवस्थित रुपमा खानेपानीको व्यवस्था गरिनेछ । |
| | १.१.४ Gravity flow मार्फत आगामी ५ वर्षमा १०० प्रतिसत घरधुरीलाई स्वच्छ खानेपानी सुनिश्चित गरिनेछ । |
| | १.१.५ खानेपानी शुद्धता परिक्षण केन्द्र स्थापना गरिनेछ । |
| | १.१.६ जलाधारहरुको स्रोतहरु संरक्षण गरी चलिरहेका खानेपानी योजनाको मर्मत संम्भार र स्तरउन्नति गरिनेछ । |
| उद्देश्य २ आधारभूत सरसफाईको प्रत्याभूति सहित सरसफाईसंवन्धी सचेतना अभिवृद्धि गर्नु । | |
| २.१ आधारभूत सरसफाईको प्रत्याभूति सहित सरसफाई सेवाको स्तरउन्नति गर्ने । | २.१.१ प्रत्येक वडाको १, १ ठाउँमा फोहोर संकलन केन्द्र स्थापना गरी फोहोर मैलाको उचित व्यवस्थापन व्यवास्थापन कोष मार्फत गरिनेछ । |
| | २.१.२ उचित ठाउँ हेरी डम्पिङ्ग साइटको विकास गरिनेछ । |
| | २.१.३ सार्वजनिक स्थान, मन्दिरहरु तथा पर्यटकीय स्थानमा सार्वजनिक शौचालय निर्माण गरिनेछ । |
| | २.१.४ हरेक घरमा डस्टविन भएको, साबुन पानी भएको, प्याड फाल्ने वा जलाउने सरसफाई कुन्ना व्यवस्था गरिनेछ । |
| २.२ शत प्रतिशत घरहरूमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गर्ने । | २.२.१ सबै सामुदायिक भवन, विद्यालय तथा व्यक्तिगत घरहरूमा आधारभूत शौचालयको व्यवस्था गरिनेछ । |

### ५.३.६ कार्यक्रमको प्राथमिकता

१. एक घर एक धाराको कार्यक्रम कार्यान्वयन गर्ने ।
२. निर्माणाधीन खानेपानी आयोजनालाई समयमा सम्पन्न गराई चालु आयोजनाको मर्मत र स्तरोन्नती गर्ने ।
३. सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गर्ने ।

### ५.३.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | एक घर एक धाराको नीति कार्यन्यन | संख्या | | १ | | | १ | न.पा. |
| २ | | | १.१.२ | क | खानेपानीको मुल संरक्षणको लागि वृक्षारोण | संख्या | | | | | | ” |
| ३ | | | १.१.३ | ग | निर्माणाधीन खानेपानी आयोजनाहरु समयमा नै सम्पन्न गरी चालु आयोजनाको मर्मत र स्तरोन्नती | प्रतिशत | | | | | १०० | ” |
| ४ | | | १.१.४ | ग | एकीकृत खानेपानी व्यवस्थापन गुरुयोजना तयार | संख्या | | अध्यन | | | | |
| ५ | २. | २.१ | २.१.१ | ख | प्रत्येक वडाको १, १ ठाउँमा फोहोर संकलन केन्द्र स्थापना | संख्या | | १ | १ | १ | ३ | ” |
| | | | २.१.२ | ग | डम्पिङ्ग साइटको विकास | संख्या | | | १ | | १ | |
| ६ | | | २.१.३ | क | सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण | संख्या | | १ | १ | १ | ३ | ” |
| ७ | | | २.१.३ | क | वातावाण संरक्षणका निमित्त सार्वजनिक स्थलहरुमा सफाइ अभियान | संख्या | | निरन्तर | | | १०० | |
| ८ | | २.१ | २.२.१ | क | सबै सामुदायिक भवन, विद्यालय तथा व्यक्तिगत घरहरूमा आधारभूत शौचालयको व्यवस्था | प्रतिशत | | | | | १०० | ” |

### ५.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगोल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | पालिका भित्र बसोबास गर्ने सबै नागरिकहरुलाई सफा, स्वच्छ र सुरक्षित खानेपानी उपलब्धता र सरसफाई व्यवस्थित भएको हुनेछ | निजीधारा उपलब्ध घर परिवार | प्रतिशत | | | | | १०० | न.पा. | न.पा. | | ७ | ६ | ५ |
| | | उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | | | | | १०० | " | " | | | | |
| | | स्वच्छ -प्यान भएको) शौचालय भएका घरधुरी | प्रतिशत | | | | | १०० | " | " | | | | |
| **असर १** | नगरवासीलाई शुद्ध तथा स्वस्थ खानेपानी उपलब्ध भएको हुने | सक्रिय खानेपानी र सरसफाई उपभोक्ता | संख्या | | | | | ८ | " | " | | ७ | ६ | ५ |
| **प्रतिफल १.१** | सम्भाव्य खानेपानी आयोजना कार्यान्वयन भएको हुने | खानेपानी आयोजना | संख्या | | अध्यन | | | | " | " | | ७ | ६ | ५ |
| **प्रतिफल १.२** | एकीकृत खानेपानी गुरुयोजना तयार भएको हुने | खानेपानी आयोजना | संख्या | | अध्यन | | | | " | " | | ७ | ६ | ५ |
| **प्रतिफल १.३** | हरेकको घरमा धारा भएको हुने भएको हुने | धारा भएको घरमा | प्रतिशत | | | | | १०० | " | " | | ७ | ६ | ५ |
| **प्रतिफल १.४** | खानेपानीको मुल संरक्षणको लागि वृक्षारोण गरेको हुने | वृक्षारोण | प्रतिशत | | | | | १०० | " | " | | | | |
| **असर २** | आधारभूत सरसफाईको प्रत्याभूति गरेको हुने | छात्र छात्राको अलग अलग शौचालय | प्रतिशत | | | | | १०० | " | " | | ७ | ६ | ५ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | | | | | १०० | " | " | | ७ | ६ | ५ |
| **प्रतिफल २.१** | फोहोर संकलन केन्द्र स्थापना भएको हुने | फोहोर संकलन केन्द | संख्या | | १ | १ | १ | ३ | " | " | | ७ | ६ | ५ |
| **प्रतिफल २.२** | डम्पिङ्ग साइटको विकास भएको हुने | डम्पिङ्ग साइट | संख्या | | | १ | | १ | " | " | | ७ | ६ | ५ |
| **प्रतिफल २.३** | सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण भएको हुने | शौचालय | संख्या | | १ | १ | १ | ३ | " | " | | ७ | ६ | ५ |
| **प्रतिफल २.४** | सार्वजनिक स्थलहरुमा सफाइ अभियान भएको हुने | सफाइ अभियान | संख्या | | निरन्तर | | | | " | " | | ७ | ६ | ५ |
| **प्रतिफल २.५** | सबै सामुदायिक भवन, विद्यालय तथा व्यक्तिगत घरहरूमा आधारभूत शौचालयको व्यवस्था भएको हुने | शौचालयको व्यवस्था भएको सामुदायिक/सरकारी भवन | प्रतिशत | | | | | १०० | " | " | | ७ | ६ | ५ |

## ५.४ लैङ्गिक समानता र सामाजिक समावेसिता

### ५.४.१ पृष्ठभूमि

मानव अधिकारको विकास र परिभाषा अनुसार नागरिकका आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारलाई सकारात्मक अधिकारको सूचीमा राखी राज्यले नागरिकको सुरक्षा र संरक्षणका लागि विशेष भूमिकाखेल्नु पर्ने कुरा उल्लेख गरिन्छ । नेपालको संविधान २०७२ को भाग ३ अर्न्तगत मौलिक हकको व्यवस्था गरी समानता, जातीय छुवाछुत तथा भेदभाव विरुद्धको हक, शोषण विरुद्धको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, जेष्ठ नागरिकको हक, सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हकका लागि राज्यले विशेष व्यवस्था गर्ने प्रतिवद्धता उल्लेख गरिएको छ । वालबालिका, युवा, किशोरकिशोरी, महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति द्वन्द्वपीडित, उत्पिडित वर्ग, समुदायहरुलाई राज्यको तर्फवाट सुरक्षा र संरक्षण प्रदान गर्नु पर्दछ । उनीहरुलाई अन्य नागरकि सरह समाजमा स्थापित गर्न र उनीहरुको शारिरीक, मानसिक एवं भावनात्मक विकासको लागि विशेष कार्यक्रम मार्फत सम्वोधन गर्नु पर्दछ । उनीहरु सामाजिक रुपले कुनै न कुनै प्रकारको उत्पीडनमा परेका हुन्छन् । समाजमा रहेका यी उत्पीडीत वर्ग र समुदायको हितको निम्ति सुरक्षा र संरक्षण प्रदान नगर्ने हो भने स्वच्छ, सुन्दर र शान्तिपूर्ण समाजको स्थापना गर्ने परिकल्पना साकार हुन सक्दैन । तसर्थ उनीहरुलाई मनोवैज्ञानिक ढंगले व्यवहार गरेर उनीहरुको अधिकार र हितको ग्यारेण्टी गर्नु पर्दछ । दिगो विकास लक्ष्य नं.१० अर्न्तगत आर्थिक, सामाजिक र राजनीतिक समावेशीकरण प्रवर्धन गर्ने, आर्थिक र सामाजिक नीति अपनाउने कार्यमा राज्यको भूमिकालाई तोकिएको छ । लक्ष्य नं. १६ ले सबै प्रकारका हिंसा, शोषण, यातना र दुरुपयोगको नियन्त्रणका लागि प्रभावकारी, जवाफदेही र पारदर्शी नीति, कानून र निकायहरुको स्थापना गर्ने कुरा उल्लेख छ ।

### ५.४.२ समस्या

आर्थिक, समाजिक,सांस्कृतिक र राजनैतिक क्षेत्रमा महिलाको सहभागिता कम हुनु, महिला सशक्तिकरणका कायर्क्रम नियमित रुपमा संचालन नहुनु र गरीव र उत्पीडित वर्ग र समुदायका महिलाहरुलाई संवोधन गर्ने प्रभावकारी कार्यक्रम संचालन नहुनु, बालबालिकाको स्वास्थ्य, पोषण, शिक्षा, मनोरञ्जन लगायतका सुविधा पर्याप्त मात्रमा उपलब्ध नहुनु, किशोर किशोरीहरुको मनोभाव बुझेर व्यवहार नगर्नु र उनिहरुलाई समाजमा घुलमिल हुने वातावरण सृजना नहुनु, जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई समाजले ग्रहण गर्न नसक्नु, जेष्ठ नागरिकको स्वास्थ्य, खानपिन र स्याहारमा उचित ध्यान नदिनु र उनीहरुको लागि दिवा मनोरञ्जन र आश्रय स्थलको निमार्ण नहुनु, अपाङ्गगता भएका व्यक्तिलाई समाजले हेयको दृष्टिकोणले व्यवहार गर्नु र उनीहरुलाई आवश्यक पर्ने ज्ञान र सीपमूलक तालिमको व्यवस्था नहुनु, अपाङ्गता भएका व्यक्तिलाई सपाङ्ग सरह समाजमा प्रतिस्थापन गराउने वातावरण सिर्जना नहुनु, द्वन्द्व पीडित व्यक्तिहरुलाई समाजमा सहज ढङगले पुर्नस्थापित गराउन प्रभावकारी कार्यक्रम संचालन नहुनु, उत्पीडित तथा पिछडीएको वर्गको हितमा अपेक्षित कार्यक्रम संचालन नहुनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### ५.४.३ चुनौती र अवसर

#### चुनौती

समाजमा व्याप्त महिला हिंसा अत्य गर्न सामजिक विभेद र असमानता हटाई महिला सशक्तिकरण गराउन । जेष्ठ नागरिकको हेरचाह, खानपिन, स्वास्थ्य उपचार, मनोरञ्जन र आश्रय स्थलको निर्माण गरी उनीहरुलाई सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्न । अपाङगताको पहिचान गर्न, तालिम र प्रशिक्षण प्रदान गर्न र सपाङगता सरह समाजमा जीउनको लागि रोजगारी र व्यवसाय संचालन गर्ने वातावरण तयार गर्न । उत्पीडित तथा पिछडिएको वर्गको हितमा प्रभावकारी कार्यक्रम संचालन गराउन जस्ता चुनौतीहरु छन् ।

#### अवसर

सचेतनामूलक र सशक्तिकरणसम्बन्धि कार्यक्रम सञ्चालन गरी सामाजिक विभेद न्यूनिकरण गराई सभ्य समाजको निर्माण गर्न । राज्यको तर्फबाट जेष्ठ नागरिक, एकल महिला र अपांगता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा प्रदान गर्न जस्ता अवसरहरु छन् ।

### ५.४.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच**

गल्याङको आर्थिक र सामाजिक विकासको चाहना, समावेशिकरण सहित लैंगिक समानताको अवधारणा ।

**लक्ष्य**

समाजका हरेक तह र तप्काका नागरिकको सम्मान जनक जिवन यापनको प्रत्याभूती गराई सामाजिक विकासको माध्यमबाट उनीहरूलाई सवल र सक्षम बनाउने ।

**उद्देश्य**

१. लैंगिक तथा जातिय समानता कायम गर्नु ।
२. अपाङ्ग तथा विपन्नमैत्री गल्याङ बनाउनु ।

### ५.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ लैंगिक तथा जातिय समानता कायम गर्नु । | |
| १.१ लक्षित समुहलाई सामाजिक सुरक्षा र पहिचानको प्रत्याभूति गराउने । | १.१.१ लैङ्गिक अल्पसंख्यकहरू प्रति हुने सामाजिक विभेद हटाउन सचेतनामूलक तथा क्षमता वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.२ महिला सशक्तिकरणलाई प्रभावकारी ढङ्गले संचालन गरिनेछ । |
| | १.१.३ लक्षित समुहलाई शिक्षा, स्वास्थ्य, पोषण, खेलकुद, मनोरञ्जन लगायत सुविधा उपलब्ध गरिनेछ । |
| | १.१.४ दलित, जनजाति, उत्पीडित, सीमान्तकृत, भिन्न क्षमतावान र विपन्न वर्गका समुदायको सामाजिक तथा आर्थिक स्थितिमा सुधार हुने कार्यक्रम गरिनेछ । |
| | १.१.५ बालबालिका तथा किशोरकिशोरीको अधिकार संरक्षण गरी उपेच्छा, हिंसा, दुव्यर्वहार, शोषणको अन्त्य गरिनेछ । |
| उद्देश्य २ अपाङ्ग तथा विपन्नमैत्री वातावरण विकास गर्नु । | |
| २.१ अति विपन्न, अपांगता तथा उत्पीडित, सिमान्तकृत नागरीकलाई सीपमुलक साथै बस्तुगत टेवा पुऱ्याउने खालका रोजगारमुलक तालिम कार्यक्रम गर्ने । | २.१.१ अपाङ्ग, विपन्न, उत्पीडित, द्वन्द्वपीडीत र पिछडीएको वर्ग र समुदायको हितमा विशेष कार्यक्रम संचालन गर्न गापाले अनुदान र बजेटको संयोजन गरिनेछ । |
| | २.१.२ सामाजिक असमनता, विभेद र, उत्पीडनलाई न्युनीकरण गर्न सचेतनामूलक तालिम, गोष्ठी र कार्यशाला संचालनमा गापाले संयोजन गरिनेछ । |
| | २.१.३ नगरको विभिन्न क्षेत्रमा समाजमा समावेश हुन नसकेका वर्गका समुदाय र क्षेत्रको न्यायोचित सहभागिता सुनिश्चित गरिनेछ । |

### ५.४.६ कार्यक्रमको प्राथमिकता

१. लक्षित समुहलाई शिक्षा, स्वास्थ्य, पोषण, खेलकुद, मनोरञ्जन लगायत सुविधा उपलब्भ गर्ने ।

२. जेष्ठ नागरिक दिवा आश्रय स्थलको व्यवस्था गर्ने ।

३. अपाङ्ग, विपन्न, उत्पीडित, द्वन्द्वपीडीत र पिछडीएको वर्ग र समुदायको हितमा विशेष कार्यक्रम संचालन गर्न न.पा.ले अनुदान र बजेटको संयोजन गर्ने ।

### ५.४.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | लैङ्गिक अल्पसंख्यकहरू प्रति हुने सामाजिक विभेद हटाउन सचेतनामूलक तथा क्षमता वृद्धि कार्यक्रम सञ्चालन | संख्या | | २ | २ | २ | ६ | न.पा. |
| २ | | | १.१.२ | क | महिला सशक्तिकरणलाई प्रभावकारी ढङ्गले संचालन | संख्या | | निरन्तर | | | | " |
| ३ | | | १.१.३ | ख | लक्षित समुहलाई शिक्षा, स्वास्थ्य, पोषण, खेलकुद, मनोरञ्जन लगायत सुविधा उपलब्ध | प्रतिशत | | | | | १०० | " |
| ४ | | | १.१.४ | ख | जेष्ठ नागरिक दिवा आश्रय स्थलको व्यवस्था | संख्या | | १ | १ | १ | ३ | " |
| ५ | २ | २.१ | २.१.१ | क | अपाङ्ग, विपन्न, उत्पीडित, द्वन्द्वपीडीत र पिछडीएको वर्ग र समुदायको हितमा विशेष कार्यक्रम संचालन गर्न न.पा.ले अनुदान | प्रतिशत | | | | | १०० | " |
| ६ | | | २.१.२ | क | सामाजिक असमनता, विभेद र, उत्पीडनलाई न्युनीकरण गर्न सचेतनामूलक तालिम, गोष्ठी र कार्यशाला संचालन | संख्या | | २ | २ | २ | ६ | " |

### ५.४.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | महिला र पछाडी पारिएका वर्गको क्षमता बृद्धि भएको हुने | परिवर्तित स्थानीय संरचना तथा कानून अनुसार समावेशी समिति, संयन्त्र तथा संजाल | संख्या | | | | | ८ | न.पा. | न.पा. | | ६ | ५ | ६ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर १** | समाजमा हुने जातिय तथा लैङ्गिक वभेदको अन्त्य गर्दै सामाजमा सम्मानजनक वसाईको प्रत्याभूति भएको हुने | लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (बार्षिक) | संख्या | | | | | ० | " | " | | ६ | ५ | ६ |
| | | व्यवसायिक अनुदान प्राप्त अपाङ्गता भएका व्यक्ति | प्रतिशत | | | | | १०० | " | " | | ६ | ५ | ६ |
| **प्रतिफल १.१** | लैङ्गिक समावेशीकरण नीति तर्जुमा भएको हुने | नीति | संख्या | | | १ | | १ | " | " | | ६ | ५ | ६ |
| **प्रतिफल १.२** | लैंगिक उत्तरदायी वजेट विनियोजन भएको हुने | वजेट | प्रतिशत | | | | | १०० | " | " | | ६ | ५ | ६ |
| **प्रतिफल १.३** | आर्थिक सशक्तिकरणका लागि जिविकोपार्जन सुधार कार्यक्रम भएको हुने | कार्यक्रम | संख्या | | २ | २ | २ | ६ | " | " | | ६ | ५ | ६ |
| **प्रतिफल १.४** | लक्षित समुहलाई शिक्षा, स्वास्थ्य, पोषण, खेलकुद, मनोरञ्जन लगायत सुविधा उपलब्ध भएको हुने | सुविधा | प्रतिशत | | | | | १०० | " | " | | ६ | ५ | ६ |
| **प्रतिफल १.५** | जेष्ठ नागरिक दिवा आश्रय स्थलको व्यवस्था भएको हुन | जेष्ठ नागरिक भवन | संख्या | | १ | १ | १ | ३ | " | " | | ६ | ५ | ६ |

## ५.५ युवा, खेलकुद तथा मनोरञ्जन

### ५.५.१ पृष्ठभूमि

युवा उमेर (२५ देखि ४० वर्षका उमेर समूह) उर्जावान अवस्था भन्निछ । हरेक मानिसको जीवनको आधार नै युवा अवस्थामा नागरिकले प्राप्त गर्ने अवसर र हासिल गरेको सफलता वा नतिजाहरुबाट तय हुने गर्दछ । परम्परागत धारणा अनुसार युवा लक्षित कार्यक्रम अर्न्तगत खेलकुद र अनुशासनका गतिविधीहरु पर्दछन । गल्याङ नगरपालिकामा हाल वैदेशिक रोजगारीको लागि युवाहरुको बाहिरी मुलक जाने संख्या उच्च रहेको पाइन्छ । तर्सथ युवालाई आधारभुत तालिम, शिक्षा र रोजगारीको अवसर प्रदान गरी अघि बढ्न जरुरी देखिन्छ । त्यसैगरी वालबालिका, युवा, किशोरकिशोरी, महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति द्वन्द्वपीडित, उत्पिडित वर्ग, समुदायहरुलाई राज्यको तर्फवाट सुरक्षा र संरक्षण प्रदान गर्नु पर्दछ । उनीहरुलाई अन्य नागरकि सरह समाजमा स्थापित गर्न र उनीहरुको शारिरीक, मानसिक एवं भावनात्मक विकासको लागि विशेष कार्यक्रम मार्फत सम्वोधन गर्नु पर्दछ ।

### ५.५.२ समस्या

युवा, युवतीलाई सिर्जनशिल कार्यमा संग्लग्न गराउन नसकनु, सामाजिक गतिविधिमा युवाहरुको संलग्नता नहुनु, युवायुवतीको शारीरीक एवं मानसिक विकासको लागि खेलकुद, मनोरञ्जन र व्यायामको उचित व्यवस्था नहुनु, नगरपालिकामा संचालन हुने विभिन्न कार्यकममा युवायुवतीहरुलाई संलग्न नगराउनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### ५.५.३ चुनौती र अवसर

#### चुनौती

खेलकुदलाई व्यवसिहिक रुपमा बिकास गर्न नसक्नु, वालबालीका, किशोर किशोरी र युवाहरुलाई शिक्षा, स्वास्थ्य, पोषण, मनोरञ्जन, खेलकुद लगायत विभिन्न सुविधा उपलब्ध गराएर उनीहरुको शारिरिक, मानसिक एवं संवेगात्मक भावनाको विकास गराउन । दिर्घकालिन योजनाहरु निर्माण गर्न नसक्नु, आर्थिक व्यवस्थापन नहुँदा युवाहरु विदेश जानुपर्ने, भौगोलिक अवस्था समथन नहुनाले खेलकुदको विकास हुन नसक्नु आदि यस क्षेत्रका चुनौतिहरु हुन् ।

#### अवसर

वेरोजगार युवाहरुलाई सीप, प्रविधि र पुँजी उपलब्ध गराई स्वरोजगार र उद्यमशिलतामा सम्लग्न गराउन । प्रत्येक वडामा वडा स्तरीय खेलकुद समितिहरु गठन गरी खेलकुद विकासमा जोड दिने, सुविधा सम्पन्न खेलकुद मैदानहरु निर्माण गर्ने, विद्यालय तहका बालबालिकाको खेल प्रतिको रुची क्षमता पहिचान गरी उनीहरुलाई व्यावसायीक खेलाडी वनाउने, प्रत्येक वडाहरुमा व्याडमिन्टन तथा अन्य Indoor खेलहरुको लागि सुविधा सम्पन्न कभर्डहलको निर्माण, व्यवस्थापन गर्ने, नगर स्तरीय खेलकुदमा प्रतियोगिताहरु बढाउँदै लैजाने आदि यस क्षेत्रका अवसरहरु हुन्।

### ५.५.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

#### सोच

सिजर्नशिल, सुरक्षित र सम्मानयुक्त रोजगारी, गल्याङ नगरपालिकाको जिम्मेवारी

#### लक्ष्य

युवा रोजगार, तालिम,प्राविधिक शिक्षा, उद्यमशीलताको व्यवस्था गरी बेरोजगार युवा लाभान्वित हने वातावरण सिजृना गर्ने ।

#### उद्देश्य

१. युवा लक्षित कार्यकमलाई व्यापक रुपमा अघि बढाई र युवावर्गको क्षमता, शिप र दक्षताको विकास गर्नु ।
२. खेलकुद पूर्वाधारको विकास गरी युवावर्गलाई आकर्षण गर्नु ।

### ५.५.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ युवा लक्षित कार्यकमलाई व्यापक रुपमा अघि बढाई र युवावर्गको क्षमता, शिप र दक्षताको विकास गर्नु । | |
| १.१ प्राविधिक र व्यवसायिक शिपका माध्यमबाट युवा वर्गलाई उद्यमशील वनाउने । | १.१.१ औद्योगिक, कृषि तथा सामाजिक क्षेत्रको विकासका लागि युवाहरुमा व्यवसायिक तालिम प्रदान गरिनेछ । |
| | १.१.२ विदेशबाट फर्किएका युवालाई लक्षित गरी व्यवसायिक कृषि कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.३ हरेक वडाहरुमा एक एकवटा युवा रोजगार र शिक्षा सूचना केन्द्रको स्थापना गर्ने । |
| उद्देश्य २ खेलकुद पूर्वाधारको विकास गरी युवावर्गलाई आकर्षण गर्नु । | |
| २.१ स्थानीय तहमा खेलकुद पुर्वाधारको विकास गर्ने । | २.१.१ एक वडा एक खेलकुद मैदानको पूर्वाधार निर्माण गरिनेछ । |
| | २.१.२ एउटा पालिका स्तरीय खेलकुद मैदानको पूर्वाधार निर्माण गरिनेछ । |
| | २.१.३ खेलकुद प्रशिक्षण केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ । |
| | २.१.४ खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग सहयोग र सहकार्य गरिनेछ । |
| | २.१.५ साहसिक र मनोरञ्जनात्मक पर्यटर्को प्रवर्द्धन गरी युवाको परिचालन गरिनेछ । |
| | २.१.६ नगरपालिका स्तरयि प्रशिक्षकहरुको व्यवस्थापन गरी क्षमतावान यवाको सर्वाङ्गिण विकास गरिनेछ । |

### ५.५.६ कार्यकमको प्राथमिकता

१. युवाहरूको लागि उत्पादनमूलक व्यावसायिक तथा प्राविधिक तालिम दिने ।
२. एक वडा एक खेलकुद मैदानको पूर्वाधार निर्माण गर्ने ।
३. एउटा पालिका स्तरीय खेलकुद मैदानको पूर्वाधार निर्माण गर्ने ।

### ५.५.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | औद्योगिक, कृषि तथा सामाजिक क्षेत्रको विकासका लागि युवाहरुमा व्यवसायिक तालिम | संख्या | | ४ | ४ | ४ | १२ | न.पा. |
| २ | | | १.१.२ | ख | विदेशबाट फर्किएका युवालाई लक्षित गरी व्यवसायिक कृषि कार्यक्रम | संख्या | | १ | १ | १ | ३ | ” |
| ३ | २ | २.१ | २.१.१ | ख | एक वडा एक खेलकुद मैदानको पूर्वाधार निर्माण | संख्या | | १ | १ | १ | ३ | ” |
| ४ | | | २.१.२ | ग | एउटा पालिका स्तरीय खेलकुद मैदानको पूर्वाधार निर्माण | संख्या | | १ | | | १ | ” |
| ५ | | | २.१.३ | ख | खेलकुद प्रशिक्षण केन्द्र स्थापना गरी सञ्चालन | संख्या | | १ | १ | १ | ३ | ” |
| ६ | | | २.१.४ | ख | खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग सहयोग र सहकार्य | प्रतिशत | | निरन्तर | | | १०० | ” |
| ७ | | | २.१.५ | क | पर्यटक आकर्षण गर्ने साहसिक र मनोरञ्जनात्मक खेलकुदलाई प्रवर्द्धन | प्रतिशत | | निरन्तर | | | १०० | ” |

### ५.५.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | युवाहरुको सर्वाङ्गिण विकासका लागि प्राविधिक शिक्षा, उद्यमशीलता, रोजगारी, एवं सिर्जनशीलताको विकास हुनुका साथै खेलकुद क्षेत्रमा प्रतिभाशाली खेलाडीहरु उत्पादन भएका हुनेछन् | वैदेशिक रोजगारीमा गएका युवा | संख्या | | | | | ० | न.पा. | न.पा. | | २ | ८ | ८ |
| | | युवा क्लब, संजाल तथा संस्था | संख्या | ३३ | भएकाको स्तरोन्नति | | | | ” | ” | | २ | ८ | ८ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर १** | शिप, दक्षता र क्षमताका आधारमा युवा वर्गको परिचालन गर्नु | उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | प्रतिशत | | | | | १०० | " | " | | २ | ८ | ८ |
| **प्रतिफल १.१** | व्यवसायिक तालिम | तालिम | संख्या | | ४ | ४ | ४ | १२ | " | " | | २ | ८ | ८ |
| **प्रतिफल १.२** | व्यवसायिक कृषि कार्यक्रम | | संख्या | | १ | १ | १ | ३ | " | " | | २ | ८ | ८ |
| **असर २** | खेलकुद क्षेत्रको विकासका लागि युवा वर्गलाई आकर्षित भएको हुने | खेलकुद क्षेत्रमा युवा वर्ग | प्रतिशत | | | | | १०० | " | " | | २ | ८ | ८ |
| **प्रतिफल १.३** | एक वडा एक खेलकुद मैदान भएको हुने | खेलकुद मैदान | संख्या | | १ | १ | १ | ३ | " | " | | २ | ८ | ८ |
| **प्रतिफल १.४** | एउटा पालिका स्तरीय खेलकुद मैदानको पूर्वाधार निर्माण भएको हुने | पालिका स्तरीय खेलकुद मैदान | संख्या | | १ | | | १ | " | " | | २ | ८ | ८ |
| **प्रतिफल १.५** | खेलकुद प्रशिक्षण केन्द्र स्थापना गरी सञ्चालन भएको हुने | खेलकुद प्रशिक्षण केन्द्र स | संख्या | | १ | १ | १ | ३ | " | " | | २ | ८ | ८ |

# परिच्छेद ६ : भौतिक पूर्वाधार विकास

## ६.१ यातायात, सडक, पुल

### ६.१.१ पृष्ठभूमि

नगरपालिकाको आर्थिक एवं सामाजिक विकासको लागि यातायात पूर्वधार निर्माण महत्वपूर्ण हुन्छ । सडक, पुल, रज्जुमार्ग लगायतका यातायातका साधनहरुको व्यवस्थापनले नगरपालिकाको विकासमा टेवा पुर्‍याँउछ । ग्ल्याङ नगरपालिकामा भौगोलिक विकटता भएको हुनाले तदानुरुप यातायातका साधनहरुको विकास र विस्तार गर्नु पर्दछ । यहाँ हालसम्म केही सडकहरु मत्र कालो पत्रे भएका छन् । यी कच्ची सडकहरुको स्तर उन्नती गरी कालो पत्रे गर्ने र कतिपय स्थानमा नयाँ ट्र्याक खोली पक्की पुल र कल्भर्ट निर्माण गरी यातायातलाई सुचारु र व्यवस्थित गर्नु नितान्त जरुरी छ । यसको साथै पर्यटकीय पदमार्गको संचालन गरी पर्यटन व्यवसायको संभाव्यता अध्ययन गरी पर्यटन व्यसाय मार्फत नगरपालिकामा रोजगार सिर्जना गरी आर्थिक गतिविधि बढाउनु पनि उत्तिकै जरुरी छ ।

### ६.१.२ समस्या

सम्पूर्ण सडकहरु कच्ची र साँगुरा हुनु, सडकहरु कालोपत्रे गर्न वित्तीय श्रोतको कमी हुनु, विभिन्न सडकलाई जोड्ने पक्की पुल, पुलेसा, नाली र कर्ल्भटको निर्माण नहुनु, वातावरणीय पक्षलाई ध्यान नदिई सडक विस्तार गर्नु, पर्यटकीय पदमार्गको विस्तार नहुनु, सडक यातायात बाहेक अन्य यातायातका साधनहरुको अभाव हुनु, सडक निर्माणमा बजेट विनियोजन र संचालनमा कुशलताको अभाव र ठेक्कापट्टा व्यवस्थापनमा कमजोरी रहनु जस्ता समस्याहरु रहेका छन् ।

### ६.१.३ चुनौती र अवसर

#### चुनौती

नगरपालिकाका महत्वपूर्ण सडकहरुको स्तर उन्नती गरी कालो पत्रे गर्न प्राविधिक र वित्तीय व्यवस्थापन गर्न, वडा केन्द्रदेखि नगरपालिका केन्द्रसम्म जोड्ने सडकको विस्तार र कालो पत्रे गर्न, वातावरणीय पक्षलाई ध्यान दिई सडक विस्तार र स्तर उन्नती गर्न, सडक यातायात बाहेक यातायातका अन्य साधनहरु जस्तै रज्जु मार्ग र केवकारको संचालन गर्न, नगरपालिकाका विभिन्न पहाडी धुरीलाई जोडेर रिङरोड निर्माण गर्न, यातायातका साधनलाई व्यवस्थित र भरपर्दो बनाउन उपयुक्त भाडादर कायम गर्न, यात्रु विमा, चालक प्रशिक्षण तालिम र पुराना सवारी साधनहरु हटाउन जस्ता चुनौतीहरु रहेका छन् ।

#### अवसर

नगरपालिका केन्द्रदेखि वडा केन्द्र सम्म जोड्ने सडक निर्माणमा प्रदेश सरकारले आर्थिक सहयोग र समन्वयन गर्नु, नगरपालिकाका महत्वपूर्ण सडकहरु स्तर उन्नती र कालो पत्रे गर्न र पर्यटकीय पदमार्ग निर्माणमा संघीय सरकारको सहयोग हुनु, महत्पूर्ण सडकहरु जोड्ने पक्कीपुल निर्माणमा प्रदेश र संघीय सरकारको समन्वयन हुनु जस्ता अवसरहरु रहेका छन् ।

### ६.१.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

#### सोच

गुणस्तरीय पक्की पुल तथा सडक पूर्वाधार, ग्ल्याङ नगरपालिकाको दिगो विकासको आधार ।

**लक्ष्य**

दिगो सडक संजालको विस्तार गरी आर्थिक तथा सामाजिक अवसरहरुमा ग्ल्याङ गाँउवासीको पहुचँ वृद्धि गर्ने ।

### उद्देश्य

१. दिगो, सुरक्षित र वातावरणमैत्री यातायात संजालको विस्तार गर्नु ।
२. आवश्यक ठाउँमा बसपार्क र बस स्टपहरु निर्माण गर्नु ।

### ६.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ दिगो, सुरक्षित र वातावरणमैत्री यातायात संजालको विस्तार गर्नु । | |
| १.१ आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुऱ्याउन सक्नेसडक सञ्जाल सुदृढ गर्ने । | १.१.१ नगरपालिकाका महत्वपूर्ण सडकहरु कालो पत्रे गरिनेछ । |
| | १.१.२ आवश्यक ठाउँमा पक्की पुल र झोलुङ्गे पुल निर्माण गरिनेछ । |
| | १.१.३ वडा केन्द्रदेखि नगरपालिका केन्द्रसम्म जोड्ने सडकको स्तर वृद्धि गरिनेछ । |
| | १.१.४ पर्यटक पदमार्ग संचालन, केवलकार र रिङरोडको संभाव्यता अधयनन गरिनेछ । |
| | १.१.५ पुराना सवारी साधन विस्थापन गरी नयाँ सवारी साधन संचालन गरिनेछ । |
| उद्देश्य २ आवश्यक ठाउँमा बसपार्क र बस स्टपहरु निर्माण गर्नु । | |
| २.१ बसपार्क र बस स्टपहरु जस्ता पूर्वाधार विकास गर्ने । | २.१.१ आवश्यक स्थानमा बसपार्कको व्यवस्थापन गरिनेछ । |
| | २.१.२ आवश्यक स्थानमा बस स्टपहरु निर्माण गरिनेछ । |
| | २.१.३ वैज्ञानिक भाडादर, बस काउन्ट र चालक प्रशिक्षणको व्यवस्था गरिनेछ । |

### ६.१.६ कार्यक्रमको प्राथमिकता

१. नगरपालिकाका महत्वपूर्ण सडकहरु कालो पत्रे गर्ने र पक्की पुल निर्माण गर्ने ।
२. आवश्यक स्थानमा बसपार्क र बस स्टपहरुको व्यवस्थापन गर्ने ।
३. पर्यटक पदमार्ग संचालन र रिङरोडको संभाव्यता अधयनन गर्ने ।

### ६.१.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | नगरपालिकाका महत्वपूर्ण सडकहरु कालो पत्रे गर्ने र पक्की पुल निर्माण | किमी | | १० | १० | १० | ३० | न.पा. |
| | | | १.१.२ | ग | आवश्यक ठाउँमा पक्की पुल र झोलुङ्गे पुल निर्माण | संख्या | | १ | १ | १ | ३ | |
| २ | | | १.१.३ | ख | वडा केन्द्रदेखि नगरपालिका केन्द्रसम्म जोड्ने सडकको स्तर वृद्धि | किमी | | १० | १० | १० | ३० | " |
| ३ | | | १.१.४ | ख | पर्यटक पदमार्ग संचालन, केवलकार र रिङरोडको संभाव्यता अध्ययन | | | अधययन | | | | " |
| ४ | | | १.१.५ | क | पुराना सवारी साधन विस्थापन गरी नयाँ सवारी साधन संचालन | प्रतिशत | | | | | १०० | " |
| ५ | २ | २.१ | २.१.१ | ग | आवश्यक स्थानमा बसपार्कको व्यवस्थापन | संख्या | २ | १ | | | १ | " |
| ६ | | | २.१.२ | ख | आवश्यक स्थानमा बस स्टपहरु निर्माण | संख्या | | १ | १ | १ | १ | " |
| ७ | | | २.१.३ | क | वैज्ञानिक भाडादर, बस काउन्ट र चालक प्रशिक्षणको व्यवस्था | प्रतिशत | | | | | १०० | " |

### ६.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगो संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | नगरपालिकाको सवै वडा केन्द्र, प्रमुख बजार क्षेत्र र पर्यटक स्थलहरु सम्म १२ महिना सवारी साधन संचालन हुने सडक निर्माण भएको हुनेछ | कालोपत्रे सडक | किमी | | १० | १० | १० | ३० | न.पा. | न.पा. | | ३ | ९ | ५ |
| | | ग्राभेल सडक | किमी | | १० | १० | १० | ३० | " | " | | ३ | ९ | ५ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर १** | सडक तथा पुल लगायतका पुर्वाधारहरु दिगो, भरपर्दो तथा गुणस्तरीय हुनेछन् | | प्रतिशत | | | | | | ” | ” | | ३ | ९ | ५ |
| **प्रतिफल १.१** | यातायात गुरुयोजना कार्यान्वयन | यातायात गुरुयोजना | संख्या | | | | | १ | ” | ” | | ३ | ९ | ५ |
| **प्रतिफल १.२** | आवश्यक ठाउँहरूमा पुल निर्माण भई यातायातमा पहुँच अभिबृद्धि भएको हुने | पक्की पुल | संख्या | | १ | १ | १ | ३ | ” | ” | | ३ | ९ | ५ |
| **प्रतिफल १.३** | कृषि सडकहरु निर्माण भई यातायातमा पहुँच अभिबृद्धि भएको हुने | कृषि सडक | किमी | | १० | १० | १० | ३० | ” | ” | | ३ | ९ | ५ |
| **प्रतिफल १.४** | बसपार्क निर्माण भएको हुने | | संख्या | | | | | १ | ” | ” | | ३ | ९ | ५ |
| **प्रतिफल १.५** | बस स्टपहरु निर्माण भएको हुने | | संख्या | | १ | १ | १ | ३ | ” | ” | | ३ | ९ | ५ |

## ६.२ सिचाई

### ६.२.१ पृष्ठभूमि

नयाँखेतीको विधितथा ढाँचाहरूको अभ्यास गर्ने र उत्पादकत्व बढाई खाद्य सुरक्षा तथा गरिबीनिवारणमा योगदान पुऱ्याउन सिंचाईको मुख्यभूमिका रहने हुँदाउच्चप्राथमिकताका साथकार्य गर्ने आवश्यकता रहेको छ ।यस नगरपालिकामा रहेका जीर्ण कूलो , सिाचाई योजनाहरु लाई स्तरउनन्तीका साथैकाली गण्डकी लिफ्टीङ्ग सिचाइ योजना, आदीखोलातल्लो गल्याङ सिचाइ योजना, ठूलोखोला, धुर्सेनी जस्ता सिचाइ योजनानिमार्ण गर्नुपर्ने जरुरी छ ।

### ६.२.२ समस्या

यस नगरपालिकामा रहेका अधिकांस कुलो सिाचाई योजनाहरु जीण अवस्थामा रहनु,कुनै सिाचाई योजनाको पानिको मुहानकमहुनु, कुनै ठाउमा सिचाँइको सुविदानै नहुनु जस्ता आदीसमस्याले गर्दा व्यवसायिक कृषिमा असर परेको छ । कृषिको मुख्य समस्या नै सिचाइँको अभावहुनु, नहरहरुको राम्रो व्यवस्थापनहुननसकेको, सिंचाई गुरुयोजनाबनाई योजनाबद्ध विकास तथाव्यवस्थापन गर्न नसक्नु, दिगो सिंचाईको व्यवस्था गर्न नसक्दाउत्पादकत्वकमहुने र खाद्यान्नउत्पादनप्रति कृषक तथा समुदायको उत्साहजनकआकर्षण नहनु, र बहुउद्देश्यीय सिंचाई आयोजनाहरू विस्तार गर्न नसक्नु, परम्परागत कृषक कुलोहरूको आधुनिकीकरण तथा सुधार हुननसक्नु आदि सिंचाई क्षेत्रका समस्याहरू हुन् ।

### ६.२.३ चुनौती र अवसर

#### चुनौती

सिचाई आयोजनालाई व्यवस्थितबनाई कृषि उत्पादन बढाउन, सिचाईको लागिआकाशे पानिको निर्भर हटाउन ,भौगोलिक विकटता, विज्ञ प्रशिक्षक र तालिमप्राप्त सीपहरुको अभाव, आर्थिक अभाव, लगानीमाकमी, सिंचाई सेवाशुल्क संकलनकार्य प्रभावकारी बनाई आयोजनाहरूको मर्मतसम्भार, सञ्चालन तथा व्यवस्थापनलाई दिगो बनाउनु, जलवायु परिवर्तन तथानदीजन्यनिर्माण सामग्रीको अव्यवस्थित दोहनले सिंचाई क्षेत्रमापारेको असरहरूको पहिचान गरी असर न्यूनीकरण गर्नु आदि सिंचाई क्षेत्रकाचुनौतीहरू हुन् ।

#### अवसर

सिचाई आयोजनालाई व्यवस्थितबनाई कृषिलाई आत्मनिर्भर र व्यवसाहिकरण गर्न,कालीगण्डकी, आँधीखोला, लिफ्टीङ्ग र वाटर पम्पिङ्ग सिचाईको सम्भावना र सिचाईमा अन्य विभिन्न नयाँ प्रविधिहरूको विकास गर्न,ठूला ब्यावसायिक कृषि फार्म तथाआयोजनाहरू विकासतर्फ निजी क्षेत्रको आकर्षण बढ्दै जाँदा सिंचाईको सुविधाको मागआपुर्ति गर्न आदि यस क्षेत्रकाअवसरहरू हुन् ।

### ६.२.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

#### सोच

कृषि उत्पादन र उत्पादकत्व वृद्धिको मूल आधार, दिगो सिचाईको विकास ।

#### लक्ष्य

सिंचाई प्रणालीको विकास र व्यवस्थापन गरी कृषि उत्पादकत्व वृद्धि गर्ने ।

#### उद्देश्य

१. जीर्ण सिंचाई पूर्वाधारको सुधार तथापुनर्स्थापना गर्नु साथै नयाँप्रविधियुक्त सिंचाई सुविधाउपलब्ध गराउनु ।
२. सम्पूर्ण खेती योग्य भूमिमा वर्ष भरी भरपर्दो रूपमा सिंचाई सुविधा उपलब्ध गराउनु ।

### ६.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ जीर्ण सिंचाई पूर्वाधारको सुधार तथा पुनर्स्थापना गर्नु साथै नयाँ प्रविधियुक्त सिंचाई सुविधा उपलब्ध गराउनु । | |
| १.१ खेतीयोग्य जमिनहरुमा प्रविधियुक्त सिंचाई सुविधा उपलब्ध गराउने । | १.१.१ परम्परागत सिंचाई प्रविधिहरुलाई बाहै महिना सिंचाई उपलब्ध हुन सक्ने गरि स्तरोन्नती गरिनेछ । |
| | १.१.२ भूमि प्रयोग नक्सा, खेती अनुसार पानीको आवश्यकता र स्रोत पहिचान र सम्भावित सिचाई योजनाका परिदृश्यहरू समेत प्रतिविम्बित हुने गरी विस्तृत सिंचाई गुरुयोजना तयार गरिनेछ । |
| | १.१.३ चक्लाबन्दी भएका क्षेत्र, कृषि पकेट क्षेत्र तथा कृषि फार्ममा, आवश्यकताको आधारमा सिंचाईको व्यवस्था गरिनेछ । |
| उद्देश्य २ सिंचाई प्रणाली तथा नदीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु । | |
| २.१ सिंचाई प्रणालीको व्यवस्थापनको लागि संस्थागत संरचना सुदृढीकरण गर्ने । | २.१.१ सिंचाई उपभोक्ता संस्थाको संस्थागत क्षमता विकास गरिनेछ । |
| | २.१.२ सिंचाई योजनाको सञ्चालन र व्यवस्थापनलाई आत्मनिर्भर बनाउन सिंचाई सेवा शुल्क निर्धारण गरी संकलन गर्ने कार्यलाई कानूनी र प्रक्रियागत व्यवस्था गर्न आवश्यक कानून निर्माण गरी लागु गरिनेछ । |
| | २.१.३ सिंचाई आयोजनाहरूको मुहान संरक्षण गरिनेछ । |

### ६.२.६ कार्यक्रमको प्राथमिकता

१. खेतीयोग्य जमिनहरुमा प्रविधियुक्त सिंचाई सुविधा उपलब्ध गर्ने ।
२. भूमि प्रयोग नक्सा, खेती अनुसार पानीको आवश्यकता र स्रोत पहिचान र सम्भावित सिचाई योजनाका परिदृश्यहरू समेत प्रतिविम्बित हुने गरी विस्तृत सिंचाई गुरुयोजना तयार गर्ने ।
३. सिंचाई आयोजनाहरूको मुहान संरक्षण गर्ने ।

### ६.२.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | परम्परागत सिंचाई प्रविधिहरुलाई बाहै महिना सिंचाई उपलब्ध | प्रतिशत | | | | | १०० | न.पा. |
| २ | | | १.१.२ | ग | सिंचाई गुरुयोजना तयार | संख्या | | | | १ | १ | " |
| ३ | | | १.१.३ | ख | चक्लाबन्दी भएका क्षेत्र, कृषि पकेट क्षेत्र तथा कृषि फार्ममा, आवश्यकताको आधारमा सिंचाईको व्यवस्था | प्रतिशत | | | | | १०० | " |
| ४ | २ | २.१ | २.१.१ | क | सिंचाई उपभोक्ता संस्थाको संस्थागत क्षमता विकास | प्रतिशत | | निरन्तर | | | १०० | " |
| ५ | | | २.१.२ | क | सिंचाई सेवा शुल्क निर्धारण गरी संकलन गर्ने कार्यलाई कानूनी र प्रक्रियागत व्यवस्था गर्न आवश्यक कानून निर्माण | संख्या | | १ | | | १ | " |
| ६ | | | २.१.३ | क | सिंचाई आयोजनाहरूको मुहान संरक्षण | प्रतिशत | | निरन्तर | | | १०० | " |

### ६.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगोल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | कूल खेतीयोग्य जमिनमा १२ महिना पर्याप्त मात्रामा सिंचाई सेवा उपलब्ध भएको हुनेछ | १२ महिना सिंचाई हुने क्षेत्र | प्रतिशत | | | | | १०० | न.पा. | न.पा. | | ४ | २ | ५ |
| **असर १** | कृषि क्षेत्रको उत्पादकत्व बृद्धि गर्न भरपर्दो सिंचाई सुविधा उपलब्ध भएको हुनेछ | सिचाई | संख्या | | | | | ८ | " | " | | ४ | २ | ५ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.१** | भूमि प्रयोग नक्सा, खेती अनुसार पानीको आवश्यकता र स्रोत पहिचान र सम्भावित सिचाई योजनाका परिदृश्यहरू समेत प्रतिविम्बित हुने गरी विस्तृत सिंचाई गुरुयोजना तयार भएको हुनेछ | विस्तृत सिंचाई गुरुयोजना | संख्या | | | | १ | १ | ” | ” | | ४ | २ | ५ |
| **प्रतिफल १.२** | परम्परागत सिंचाई स्तरोन्नती कार्यक्रम भएको हुनेछ | सुचारु सिंचाई आयोजना | संख्या | | २ | २ | २ | ६ | ” | ” | | ४ | २ | ५ |
| **प्रतिफल १.३** | चक्लाबन्दी भएका क्षेत्र, कृषि पकेट क्षेत्र तथा कृषि फार्ममा, आवश्यकताको आधारमा सिंचाईको व्यवस्था भएको हुनेछ | सिचाई | संख्या | | | | | ८ | ” | ” | | ४ | २ | ५ |
| **प्रतिफल १.४** | संचाई उपभोक्ता संस्थाको संस्थागत क्षमता विकास भएको हुनेछ | संस्थागत क्षमता विकास कार्यक्रम | संख्या | | १ | १ | १ | ३ | ” | ” | | ४ | २ | ५ |
| **प्रतिफल १.५** | सिंचाई योजनाको सञ्चालन र व्यवस्थापनलाई आत्मनिर्भर बनाउन सिंचाई सेवा शुल्क निर्धारण गरी संकलन गर्ने कार्यलाई कानूनी र प्रक्रियागत व्यवस्था गर्न आवश्यक कानून निर्माण भएको हुनेछ | कानून निर्माण | संख्या | | १ | | | १ | ” | ” | | ४ | २ | ५ |
| **प्रतिफल १.६** | सिंचाई आयोजनाहरूको मुहान संरक्षण भएको हुनेछ | मुहान संरक्षण | संख्या | | | निरन्तर | | | ” | ” | | ४ | २ | ५ |

## ६.३ भवन तथा सहरी विकास

### ६.३.१ पृष्ठभूमि

सरकारी र सामुदायिक भवन जनताका आवास र वस्ती सुरक्षित स्वस्थ्यकर, वातावरणमैत्री, भुकम्प प्रतिरोधी र किफायती हुनु पर्दछ । नगरपालिकाले राष्ट्रिय भवन निर्माण संहितालाई ध्यानमा राखेर भवन निर्माण कार्यविधि निर्माण गरी कार्यन्वयन गर्नु पर्दछ । घरवार विहिन जनता र भुकम्प पीडितहरुलाई आवास कार्यक्रम अन्तरगत समावेश गर्नु जरुरी छ । छरिएर रहेका घर वस्ती, बाढी पहिरो र भु-क्षयको जोखिममा रहेका वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत वस्ती निर्माण गर्न नगरपालिकाले जोड दिनु पर्दछ ।

### ६.३.२ समस्या

सुरक्षित सहरी विकासको बारेमा जनचेतनाको कमी हुनु, भवन निर्माण गर्न रोजगारको अवसर प्रदान गर्न नसक्नु, राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यन्वयन नहुनु, भवन निर्माण गर्ने कामदारमा प्राविधिक क्षमता र दक्षतामा कमी हुनु, गुणस्तरीय निर्माणको सामाग्री अभाव, भवन निर्माण किफायती नभई महँगो हुन जानु, भवन निर्माणमा प्राविधिकको रेखदेख, निरीक्षण र अनुगमनको कमी, सुरक्षित, स्वास्थ्यकर, सुविधायुक्त र वातावरणमैत्री आवास निर्माण नहुनु, सामुदायिक आवास निर्माणमा जनचासो कम हुनु, जोखिमयुक्त वस्तीहरु स्थानान्तरण गरी एकीकृत वस्ती निर्माणको अवधारणासंवन्धी कम ज्ञान हुनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### ६.३.३ चुनौती र अवसर

#### चुनौती

बस्ती विकास गर्दा नगरवासीहरु सर्न नमान्ने, गुठीको जग्गामा सरकारी र सामुदायिक भवन बनाउन असहज, लालपूर्जा नभएको जग्गाहरु धेरै संख्यामा रहेको, राष्ट्रिय भवन निर्माण आचारसंहिता अनुरुप भवन निर्माण मापदण्ड तयार गरी कार्यन्वयन गर्न, सुरक्षित, स्वास्थ्यकर, सुविधायुक्त, कम खचिलो, भु-कम्प प्रतिरोधी, वातावरण मैत्री भवन निर्माण गर्न, दक्ष कामदार, प्राविधिक र गुणस्तरीय निर्माण सामाग्री उपलब्ध गराई भवन तथा आवास निर्माण गर्न, जोखिमयुक्त र छरिएका बस्तीहरुलाई स्थानान्तरण गराई एकीकृत बस्ती निर्माण गर्न जस्ता चुनौतीहरु छन् ।

#### अवसर

वडाका चोकमा प्रतिक्षालय विस्तार गर्ने तथा व्यवस्थित बनाउने, स्ट्रिट लाइटको संख्या बढाउन सक्ने, सरकारी र सामुदायिक भवन निर्माणमा प्रदेश सरकारसँग समन्वयन हुनु, स्थानीय क्षेत्रमा उपलब्ध सामाग्री, नगरपालिकामा कार्यरत प्राविधिक र स्थानीय कामदारद्वारा कम खर्चमा भवन तथा आवास निर्माण गर्न, भवन तथा आवास निर्माणसंवन्धी ज्ञानको क्रमशः अभिवृद्धि हुदै जानु, जोखिमयुक्त वस्तीको विषयमा जनतामा जानकारी प्राप्त हुनु जस्ता अवसरहरु छन् ।

### ६.३.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

#### सोच

सामुदायिक र सरकारी भवन, आवास तथा एकीकृत वस्तीको विकास, दिगो सामाजिक, भौतिक एवं आर्थिक विकास ।

#### लक्ष्य

वातावरण मैत्री, प्रविधियुक्त, सुरक्षित, सुविधायुक्त र स्थानीय निर्माण सामाग्रीमा आधारित भवन आवास तथा वस्तीको निर्माण गर्ने ।

#### उद्देश्य

१. शुलभ, सुरक्षित, दिगो, व्यवस्थित शहरीकरण तथा वातावरणमैत्री भवन निर्माण गर्ने ।
२. जोखिमयुक्त र छरिएर रहेका वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत वस्ती निर्माणको योजनातयार गर्ने ।

### ६.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ शुलभ, सुरक्षित, दिगो, व्यवस्थित शहरीकरण तथा वातावरणमैत्री भवन निर्माण गर्ने । | |
| १.१ भवन मापदण्ड कार्यन्वयन गरी सुरक्षित र वाातावरण मैत्री भवन निर्माणमा जोड दिने । | १.१.१ स्थानीय निर्माण सामाग्रीको प्रयोग गरी भवन तथा आवास निर्माण गरिनेछ । |
| | १.१.२ राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यन्वयन गरिनेछ । |
| | १.१.३ स्थानीय भू-उपयोग योजना निर्माण गरी वातावरणमैत्री भवनहरु प्राविधिकको डिजाइन र सुपेरिवेक्षणमा निर्माण गरिनेछ । |
| | १.१.४ स्थानीय कामदारको दक्षतामा अभिवृद्धि गरिनेछ । |
| | १.१.५ एक वडा एक विशेष मौलिक पहिचान सहितको नगर विकास गरिनेछ । |
| उद्देश्य २ जोखिमयुक्त र छरिएर रहेका वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत वस्ती निर्माणको योजनातयार गर्ने । | |
| २.१ एकीकृत वस्तीको संभाव्यता अध्ययन गरी योजना तयार गर्ने । | २.१.१ जोखिमयुक्त र छरिएर रहेका घर वस्तीहरुको पहिचान गरी तथ्याङ तयार गरिनेछ । |
| | २.१.२ एकीकृत वस्तीको लागि उपयुक्त जग्गाको खोजी गरी एकीकृत वस्तीको संभाव्यता अध्ययन गरिनेछ । |
| | २.१.३ एकीकृत वस्ती संवन्धी जनचृतना अभिवृद्धि गरी जनमत तयार गरिनेछ । |

### ६.३.६ कार्यकमको प्राथमिकता

१. राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यन्वयन गर्ने ।
२. स्थानीय भू-उपयोग योजना निर्माण गरी वातावरणमैत्री भवनहरु प्राविधिकको डिजाइन र सुपेरिवेक्षणमा निर्माण गर्ने ।
३. एकीकृत वस्तीको लागि उपयुक्त जग्गाको खोजी गरी एकीकृत वस्तीको संभाव्यता अध्ययन गर्ने ।

### ६.३.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | ख | स्थानीय निर्माण सामाग्रीको प्रयोग गरी भवन तथा आवास निर्माण | प्रतिशत | | | | | १०० | न.पा. |
| २ | | | १.१.२ | क | राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यन्वयन | प्रतिशत | | | | | १०० | " |
| ३ | | | १.१.३ | ख | स्थानीय भू-उपयोग योजना निर्माण गरी वातावरणमैत्री भवनहरु प्राविधिकको डिजाइन र सुपेरिवेक्षणमा निर्माण | प्रतिशत | | | | | १०० | " |
| ४ | | | १.१.४ | क | स्थानीय कामदारको दक्षतामा अभिवृद्धि | संख्या | | २ | २ | २ | ६ | " |
| ५ | | | १.१.५ | क | एक वडा एक विशेष मौलिक पहिचान सहितको नगर विकास | संख्या | | | | | ८ | |
| ६ | २ | २.१ | २.१.१ | क | जोखिमयुक्त र छरिएर रहेका घर वस्तीहरुको पहिचान गरी तथ्याङ तयार | प्रतिशत | | | | | १०० | " |
| ७ | | | २.१.२ | ख | एकीकृत वस्तीको लागि उपयुक्त जग्गाको खोजी गरी एकीकृत वस्तीको संभाव्यता अध्ययन | | | अध्ययन | | | | " |
| ८ | | | २.१.३ | क | एकीकृत वस्ती संवन्धी जनचृतना अभिवृद्धि गरी जनमत तयार | संख्या | | २ | २ | २ | ६ | " |

### ६.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | सवै प्रकारका आधारभूत सुविधा सम्पन्न आवास, वस्ती विकास, व्यवस्थित र गुणस्तरीय सार्वजनिक पूर्वाधार निर्माणहरु र निजि घरहरु पालिकाले निर्धारण गरेको मापदण्ड अनुसार निर्माण भएका हुनेछन् | सुरक्षित आवास क्षेत्र | प्रतिशत | | | | | १०० | न.पा. | न.पा. | | ६ | ११ | ५ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर १** | आवासिय क्षेत्र व्यवस्थित, दीगो, वातावरण मैत्री तथा योजनावद्ध भएको हुने | योजनावद्ध आवास क्षेत्र | प्रतिशत | | | | | १०० | " | " | | ६ | ११ | ५ |
| **प्रतिफल १.१** | स्थानीय निर्माण सामाग्रीको प्रयोग गरी भवन तथा आवास निर्माण भएको हुने | स्थानीय निर्माण सामाग्रीको प्रयोग | प्रतिशत | | | | | १०० | " | " | | ६ | ११ | ५ |
| **प्रतिफल १.२** | राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यन्वयन भएको हुने | भवन निर्माण कार्यन्वयन आचारसंहिता लागु | प्रतिशत | | | | | १०० | " | " | | ६ | ११ | ५ |
| **प्रतिफल १.३** | स्थानीय कामदारको दक्षतामा अभिवृद्धि | तालिम | संख्या | | २ | २ | २ | ६ | " | " | | ६ | ११ | ५ |
| **प्रतिफल १.४** | एक वडा एक विशेष मौलिक पहिचान सहितको नगर विकास भएको हुने | मौलिक पहिचान सहितको नगर | संख्या | | १ | १ | १ | ३ | " | " | | ६ | ११ | ५ |
| **प्रतिफल १.५** | जोखिमयुक्त र छरिएर रहेका घर वस्तीहरुको पहिचान गरी तथ्याङ तयार भएको हुने | तथ्याङ | प्रतिशत | | | | | १०० | " | " | | ६ | ११ | ५ |
| **प्रतिफल १.६** | एकीकृत वस्ती संवन्धी जनचृतना अभिवृद्धि गरी जनमत तयार भएको हुने | जनचृतना अभिवृद्धि | संख्या | | २ | २ | २ | ६ | " | " | | ६ | ११ | ५ |

## ६.४ विद्युत तथा उर्जा

### ६.४.१ पृष्ठभूमि

राष्ट्रियजनगणना २०६८ अनुसार नगरपालिकामा घरपरिवारहरूले दैनिकबत्तीबाल्नप्रयोग गर्ने इन्धनको स्रोत विश्लेषण गर्दा नगरपालिकाकाकूल घरपरिवारहरू मध्ये ७,९९७ अर्थात ९६.६४ प्रतिशतले विजुली (विद्युत), ४ अर्थात ०.०५ प्रतिशतले सोलार, २२१ अर्थात २.६७ प्रतिशतले मट्टितेल, गोबरग्याँस र अन्यइन्धनको स्रोत प्रयोग गर्ने न्युनपाइयो । यस तथ्याङ्कलाई हेर्दा ग्रामीण विद्युतिकरणमा व्यापकविकास नभई विद्युत सेवाको पहुँचनपुगेको परिवारहरू धेरै रहेको देखिन्छ भने सेवानपुगेका क्षेत्रहरूमात्यसको विस्तार हुनु जरूरी छ । माथिउल्लेखित सबै प्रकारका उर्जाको उत्पादनमार्फत रोजगारी सिर्जना गरी आगामि ५ वर्ष भित्रनगरपालिकालाई उज्यालो नगरपालिकाको रुपमा घोषणा गरी आर्थिक रुपमा सम्पन्न र समृध्द नगरपालिकाको रुपमाविकसित गर्न पर्दछ ।

### ६.४.२ समस्या

विद्यूतउपलब्ध रहेको स्थानहरूमा ट्रान्सफर्मरको क्षमता र संख्यामाकमी रहेको, विद्यूत लाइनमाकुनै कुनै पोलहरु काठको भएको, भौगोलिक विकटताले गर्दा बिद्युत प्रसारण व्यवस्थित गर्नुपर्ने, हावापानी जस्ता प्राकृतिकविपत्तीको कारणले हप्तादिन सम्म बिधुतनआउने हुनाले प्राविधिको व्यवस्था गर्नुपर्ने, विभिन्न वैकल्पिकउर्जा प्रयोगमा संघ, प्रदेश र स्थानीयतहले लगानी गर्नुपर्ने, विद्युत सवस्टेसनको निर्माण नहुनु , विद्युतपोलहरु भरपर्दो र टिकाउ नहुनु , नवीकरणीय उर्जाको उत्पादननहुनु, उर्जा उत्पादनमाप्राविधिक र वित्तीयश्रोतको अभावआदि यस क्षेत्रका समस्याहरु हुन् ।

### ६.४.३ चुनौती र अवसर

#### चुनौती

जलस्रोत प्रशस्त मात्रामा भएता पनि विद्युत उत्पादनमा वृद्धि गर्न नसक्नु, जिल्ला, प्रदेश र संघिय समन्वय गर्न अप्ठयारो रहेको, भौगोलिक विकटताले गर्दा समयमै विद्युतीय समस्या समाधानहुननसक्नु, वैकल्पिक उर्जा उत्पादन गर्नका लागि दक्षप्राविधिक उत्पादन गर्न, भरपर्दो र गुणस्तरीय विद्युत सेवाउपलव्ध गराउन । विद्युत संम्वन्धी नीति, नियम र सम्झौता संघीय सरकारबाट हुनाले आयोजना समयमा नै सम्पन्न गराउन कठिन, नवीकरणीय उर्जा उत्पादन संवन्धीनीति निमार्ण गरी कार्यन्वयन गर्न जस्ता चुनौतीहरुछन् ।

#### अवसर

सौर्य उर्जाको क्षेत्रलाई विस्तार गरि विभिन्न क्रियाकलाप सञ्चालन गर्ने, नगरपालिकामा धेरै खोलाहरु भएकोले लघु जलविद्युत उत्पादन गरि नगरपालिकालाई उज्यालो नगरपालिका बनाउन सक्ने, वैकल्पिकउर्जा गोवर ग्यास, सौय बत्तीघर घरमा उपलब्ध गराई आर्थिक बचत गर्न,उद्योग व्यवसाय सञ्चालनमा गर्न जस्ता अवसरहरुछन् ।

### ६.४.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

#### सोच

जलविद्युत र नवीकरणीय उर्जा उत्पादन मार्फत दीगो आर्थिक विकास ।

#### लक्ष्य

पालिकाका सबै घरधुरी लगायत सार्वजनिक क्षेत्र, उद्योग व्यवसाय सञ्चालनमा समेत १२ है महिना गुणस्तरीय विद्युत सेवा उपलव्ध भएको हुनेछ ।

#### उद्देश्य

१.वैकल्पिकउर्जाको विकास गरी कृषितथाऔद्योगिकअभ्यासहरुलाई प्रविधिमैत्रीतथामितव्ययिवनाउनु।

२.विद्युत सेवालाई दीगो, भरपर्दो,सर्वसुलभ, किफायती, गुणस्तरीय उर्जा उपलब्धगराई नगरलाई आत्मनिर्भरताबनाउने ।

### ६.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ वैकल्पिकउर्जाको विकास गरी कृषितथाऔद्योगिकअभ्यासहरुलाई प्रविधिमैत्रीतथामितव्ययिवनाउनु। | |
| १.१ विद्युत तथा वैकल्पिक उर्जालाई नगरपालिकाको कृषि, औद्योगिक उत्पादन तथा रोजगारीसँग जोड्ने । | १.१.१ सबै घरहरुमा सौर्य बत्ती जडान गरिनेछ । |
| | १.१.२ नगरपालिका केन्द्र र यसका शाखाहरु, वडा केन्द्, विद्यालय, स्वास्थ्य चौकी र मुख्य मुख्य बजारकेन्द्र (Market center) मा सौर्य वत्ती जडान गरिनेछ । |
| | १.१.३ वायु उर्जाको संभाव्यता अध्ययन गरिनेछ । |
| | १.१.४ नवीकरणीय उर्जाको प्रयोग मार्फत कृषि तथा औद्योगिक क्षेत्रलाई प्रविधिमैत्री बनाई रोजगारी सिर्जना गरिनेछ । |
| उद्देश्य २ विद्युत सेवालाई दीगो, भरपर्दो, सर्वसुलभ, किफायती, गुणस्तरीय उर्जा उपलब्धगराई नगरलाई आत्मनिर्भरताबनाउने । | |
| २.१ विद्युत सेवालाई व्यवस्थापन गर्ने । | २.१.१ संघीय र प्रदेश सरकारको समन्वयनमा भरपर्दो विद्युत पोलहरु र सव स्टेसनहरुको निर्माण गरिनेछ । |
| | २.१.२ लघु विद्युत आयोजनाको संभाव्यता अध्ययन गरिनेछ । |
| | २.१.३ विद्युत आयोजना स्थानीय जनताको लगानी सुनिश्चत गरिनेछ । |
| | २.१.४ विद्युत प्राविधिक र वित्तीय व्यवस्थापन सुनिश्चत गरिनेछ । |

### ६.४.६ कार्यक्रमको प्राथमिकता

१. संघीय र प्रदेश सरकारको समन्वयनमा भरपर्दो विद्युत पोलहरु र सव स्टेसनहरुको निर्माण गर्ने ।

२. नगरपालिका केन्द्र र यसका शाखाहरु, वडा केन्द्, विद्यालय, स्वास्थ्य चौकी र मुख्य मुख्य बजारकेन्द्र (Market center) मा सौर्य वत्ती जडान गर्ने ।

३. नवीकरणीय उर्जाको प्रयोग मार्फत कृषि तथा औद्योगिक क्षेत्रलाई प्रविधिमैत्री बनाई रोजगारी सिर्जना गर्ने ।

### ६.४.७ विस्तृत कार्यक्रम

| क्र | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | सबै घरहरुमा सौर्य बत्ती जडान | प्रतिशत | | | | | १०० | न.पा. |
| | | लक्षितवर्ग, सशक्तिकरण र क्षमता विकास कार्यक्रमबाट लाभन्वित विपन्न र पिछडिएको वर्ग | संख्या | | | | | | " | " | | २ | ४ | ६ |
| | | नगरपालिकामा उपलब्ध प्राविधिक मानव संशाधन | संख्या | | | | | | " | " | | २ | ४ | ६ |
| **असर २** | नीति, निर्देशिका र मापदण्ड निर्माण तथा संशोधन भएको हुनेछ | आवश्यकता पहिचान | प्रतिशत | | | | | १०० | " | " | | २ | ४ | ६ |
| | | नीति तर्जुमा | संख्या | | | | | १० | " | " | | २ | ४ | ६ |
| | | अधिलेखन तथा प्रकाशन | प्रतिशत | | | | | १०० | " | " | | २ | ४ | ६ |

## ८.२ संस्थागत क्षमता विकास र सेवा प्रवाह

### ८.२.१ पृष्ठभूमि

विद्यमान सङ्घीय संरचनामा स्थानीय सरकारलाई नागरिकका लागि प्रत्यक्ष सेवा प्रदान गर्ने प्रदायक संरचनाहरुको परिचालन गर्ने जिम्मेवारी रहन्छ । सङ्घीय वा केन्द्रिय सरकारले स्थानीय तहमा रहेका कतिपय संरचनाहरु हस्तान्तरण गरी सकेको देखिन्छ। शिक्षा, स्वास्थ्य, कृषि ज्ञान केन्द्र, सेवा केन्द्र, महिला तथा बालबालिका कार्यालय, खानेपानी तथा सरसफाई कार्यालय, सहकारी कार्यालय, वन तथा भू-संरक्षण कार्यालय, मालपोत तथा नापी कार्यालयहरुका सेवा केन्द्रहरुका भौतिक पूर्वाधारहरु स्थानीय तहलाई हस्तान्तरण गरिसकेको छ वा प्रक्रियामा रहेको अवस्था छ ।

जनशक्तिहरुको पदस्थापना, दरबन्दी मिलान, क्षमता अभिवृद्धि र खर्चको सामान्वीकरणको अभ्यास भई राखेको अवस्था छ भने स्थानीय वा प्रदेश सेवा आयोगहरुले आफ्नो कार्य आरम्भ गरिसकेको अवस्था छैन ।**८.२.२ समस्या**

स्थानीय सरकार संचालनमा अनुभवको कमी हुनु, नगरपालिकामा कार्यरत कर्मचारीहरुमा सुशासन कायम गर्ने ज्ञान, सीप र दक्षताको कमी हुनु, कर्मचारीहरुमा सुशासनसम्वन्धी प्रर्याप्त तालिम र प्रशिक्षणको अवसर प्राप्त नहुनु, सेवा प्रवाहमा प्रविधि प्रयोगको कमी हुनु, सेवा प्रवाह सरल, सहज, निष्पक्ष, पारदर्शि र जनमुखी हुन नसक्नु, समयोजन प्रकृयाले कर्मचारी स्थायित्व कायम हुन नसक्नु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### ८.२.३ चुनौती र अवसर

**चुनौती**

विज्ञहरुबाट हुने नियमित अनुगमन तथा मूल्याङ्कन र आवश्यक कार्यक्रम संचालन गर्न चाहिने सामाग्रीहरुको अभाव वा अप्रयाप्ततालाई चुनौतिका रुपमा लिन सकिन्छ। नगरपालिमाबाट प्रदान गरिने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी ढंगले संचालन गर्न, सार्वजनिक सेवालाई नीतिगत सुधार, अन्तरसमन्वय, सस्थागत संरचनामा सुधार र सुशासन, जवाफदेहिता एवं पारदर्शीता कायम गर्न चनौती रहेको छ ।

**अवसर**

स्थानीय सरकार संचालन ऐन, नियमावली र निर्देशिकाहरुले स्थानीय समुदायलाई सेवा प्रदान गर्ने जिम्मेवारी स्थानीय सरकारलाई हस्तान्तरण गर्न सकिने, भौतिक पूर्वाधारको व्यवस्थापन, सबै जातजाति, धर्मसंस्कृतिका सामुदाय स्वतन्त्र पूर्वक बाँच्न पाउने, सामाजिक आर्थिक अवस्था सुधार हुने र समृद्ध गल्याङको नारालाई टेवा पुऱ्याउने, न.पाले जनशक्ति व्यवस्थापनसम्वन्धी योजना बनाई कार्यान्वयन गर्ने जस्ता अवसरहरु रहेका छन् ।

### ८.२.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच**

स्थानीय स्रोत तथा साधनको उपयोग गरी चुस्त संरचना र तुरुन्त सेवा प्रवाह ।

**लक्ष्य**

प्रदायक संस्थाका लागि आवश्यक स्रोत, सामाग्रीहरुको आपूर्ति र क्षमता विकास गर्ने ।

**उद्देश्य**

१. सेवाग्राहीको सन्तुष्टिका आधारमा मूल्याङ्कन पद्धतीको सदृढीकरण र कर्मचारी व्यवस्थापन गर्नु ।
२. भौतिक पूर्वाधार विकास गरी सूचना र संचारलाई प्रविधिमैत्री बनाउनु ।

### ८.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ सेवाग्राहीको सन्तुष्टिका आधारमा मूल्याङ्कन पद्धतीको सदृढीकरण र कर्मचारी व्यवस्थापन गर्नु । | |
| १.१ कर्मचारी व्यवस्थापन र क्षमता अभिवृद्धि गर्ने । | १.१.१ कर्मचारीको परिपूर्ति र क्षमता अभिवृद्धि गरी कार्यक्रमको आवश्यकता अनुसार प्रविधिको प्रयोग गरिनेछ । |
| | १.१.२ कर्मचारीको क्षमता अभिवृद्धिमा आधारित जनप्रतिनिधि तालिम प्रदान गरिनेछ । |
| | १.१.३ कार्य सम्पादनका आधारमा कर्मचारीको मूल्याङ्कन पद्धतीको विकास गरिनेछ । |
| उद्देश्य २ २. भौतिक पूर्वाधार विकास गरी सूचना र संचारलाई प्रविधिमैत्री बनाउनु । | |
| २.१ पालिकाको भौतिक पूर्वाधार निर्माण गर्ने । | २.१.१ सिसि क्यामेरा र डिजिटल तथ्याङ्क प्रविधिको विकास गरिनेछ । |
| | २.१.२ सबै वडामा सुसम्पन्न वडा कार्यालय भवन निर्माण गरिनेछ र भएकाको संरक्षण र व्यवस्थापन गरिनेछ । |
| | २.१.३ विषयगत कार्यालय /सेवा केन्द्र भवन निर्माण गरिनेछ । |

### ८.२.६ कार्यक्रमको प्राथमिकता

१. कर्मचारीको परिपूर्ति र क्षमता अभिवृद्धि गरी कार्यक्रमको आवश्यकता अनुसार प्रविधिको प्रयोग गर्ने ।

२. कर्मचारीको क्षमता अभिवृद्धिमा आधारित जनप्रतिनिधि तालिम प्रदान गर्ने ।

३. विषयगत कार्यालय /सेवा केन्द्र भवन निर्माण गर्ने ।

### ८.२.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | कार्यक्रम | इकाइ | सहकार्य गर्ने निकाय | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७८/७९ | ७९/८० | ८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | कर्मचारीको परिपूर्ति र क्षमता अभिवृद्धि गरी कार्यक्रमको आवश्यकता अनुसार प्रविधिको प्रयोग | प्रतिशत | | | | १०० | न.पा |
| २ | | | १.१.२ | कर्मचारीको क्षमता अभिवृद्धिमा आधारित जनप्रतिनिधि तालिम प्रदान | संख्या | २ | २ | २ | ६ | " |
| ३ | | | १.१.३ | कार्य सम्पादनका आधारमा कर्मचारीको मूल्याङ्कन पद्धतीको विकास | प्रतिशत | | | | १०० | " |
| ४ | २ | २.१ | २.१.१ | सिसि क्यामेरा र डिजिटल तथ्याङ्क प्रविधिको विकास | संख्या | ५ | ३ | ३ | ११ | " |
| ५ | | | २.१.२ | सबै वडामा सुसम्पन्न वडा कार्यालय भवन निर्माण गरिनेछ र भएकाको संरक्षण र व्यवस्थापन | प्रतिशत | | | | १०० | " |
| ६ | | | २.१.३ | विषयगत कार्यालय /सेवा केन्द्र भवन निर्माण | संख्या | २ | २ | १ | ५ | |

### ८.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/२०८० | उपलब्धि २०८०/२०८१ | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगो संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | भौतिक पूर्वाधार निर्माण भई सेवाग्राहीको सन्तुष्टिका आधारमा मूल्याङ्कन पद्धतीको विकास भएको हुन | | | | | | | | | | | ८ | १६ | ६ |
| **असर १** | पालिकाको भौतिक पूर्वाधार निर्माण | वडा कार्यालय भवन (५वटा वडाहरुमा) | संख्या | | | | | ११ | न पा | न पा | | ८ | १६ | ६ |
| | | विषयगत कार्यालय /सेवा केन्द्र भवन निर्माण | निर्देशिका संख्या | | २ | २ | १ | ५ | | | | ८ | १६ | ६ |
| **प्रतिफल १.१** | कर्मचारीको क्षमता अभिवृद्धि भई सेवा प्रवाह प्रभावकारी हुने | तालिम /सहभागी संख्या | प्रतिशत | | सबै विषयगत शाखाका कर्मचारी | | | १०० | " | " | | ८ | १६ | ६ |
| **प्रतिफल १.२** | जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि हुने | तालिम / सहभागी संख्या | प्रतिशत | | | | | १०० | " | " | | ८ | १६ | ६ |

## ८.३ लेखा परिक्षण तथा वित्तीय अनुशासन

गल्याङ नगरपालिकामा सुशासन कायम गरी सेवा प्रवाहमा सरलता र सहजता ल्याउन आवश्यक छ । परिवर्तित परिवेश अनुसार शासकीय सुधार गर्दै अधिकाधिक जनपरिचालन र जनसहभागिता जुटाई पालिकाको सेवा प्रवाहलाई स्वच्छ, सक्षम, निश्पक्ष, भ्रस्टाचारमुक्त, जनउत्तरदायी र गुणस्तरीय बनाई सहज र सर्बैशुलभ सेवा प्राप्त गर्ने नागरिकका चाहनालाई पुरा गर्नु पर्ने दायित्व पालिकाको रहेको छ । नागरिकले पालिकाका दैनिक प्रशासन कार्य, विकास आयोजनाको तर्जुमा, कार्यान्वयनदेखि लाभको वितरणसम्मलाई नजिकबाट नियाली रहेका हुन्छन् । पालिकाको नेतृत्वमा रहेका समूहका हरेक सदस्यदेखि कार्यालय सहयोगीसम्मको आचरण, व्यवहार र दैनिक जीवनशैलीसम्मलाई नागरिकहरुले चासोका साथ नियालीरहेको अवस्थामा नेताहरुको पेशागत मर्यादा र आचरणलाई जोगाउन यस किसिमको योजनाको परिकल्पना गरिएको हो । देश विकासको प्रमुख चुनौतिका रुपमा रहेको भ्रष्ट आचरण र आर्थिक अनियमिततालाई स्थानीय तहदेखि नियन्त्रण गर्ने कार्यको अपेक्षा पनि हरेक नागरिकबाट राखिएको छ ।

### ८.३.१ पृष्ठभूमि

हरेक चौमासिकमा नगरपालिका रहेको आ.ले.प शाखाबाट आन्तरिक लेखापरिक्षण भईरहेको, आन्तरिक लेखापरिक्षणबाट नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको पक्षलाई ध्यान दिई राज्य कोषको दुरप्रयोग हुनबाट रोकिएको, लेखा परिक्षणका क्रममा भौचर, बैंक, नगदि किताक, बैंक स्टेटमेन्ट, बिल भरपाई सम्पूर्ण उपलब्ध भएको अवस्था छ ।प्रशासनिक सुशासन सँगसँगै वित्तीय सुशासन कायम गर्न सकेमा गापाको आर्थिक समृद्धि सम्भव हुन्छ । छनौट भएका आयोजनाहरुमा खर्चको व्यवस्थापन, आयोजनाको ठेक्कापट्टा पारदर्शि र प्रविधिमैत्री ढंगले प्रतिस्पर्धाको आधारमा गर्ने, खरिद् प्रकृयालाई नियम संगत ढंगले पारदर्शि बनाउनसकेमा गापाको आर्थिक समृद्धि सम्भव हुन्छ ।

राजश्व संकलन तथा परिचालन प्रणालीलाई सुदृढिकरण गरी वित्तीय सुशासन कायम गर्न सकिन्छ । यसको साथै राजश्व र व्ययको अनुमान, लेखापरिक्षण प्रणाली र वित्तीय प्रणालीलाई नियमित र प्रभावकारी वनाउन पर्दछ । गापाका सम्पूर्ण वित्तीय कारोवारलाई वैकिङ प्रणाली मार्फत संचालन गर्न आधुनिक प्रविधियूक्त ईन्टरनेटको व्यवस्था समेत गर्नु पर्दछ ।

### ८.३.२ समस्या

नगरको वित्तीय व्यवस्थापनसम्वन्धी निकायको सुदृढिकरण नहुनु, अघिल्लो पक्षको बेरुजु फछ्र्योट सम्बन्धि ध्यान नपुगेको, सम्झौता अघि काम गर्ने र सम्झौता अघिको बिल ल्याउने प्रवृतिमा सुधार गर्नुपर्ने, करार कर्मचारी दरबन्दी संख्या भन्दा बढी रहेको हुनाले सुर्धानुपर्ने देखिन्छ, गापाको राजश्व व्यवस्थापनसम्वन्धी निकायको सुदृढिकरण नहुनु, राजश्व संकलन र परिचालन क्षमतामा बृद्धि नहुनु, गापाको विकास आयोजनाहरुको ठेक्का पट्टा निर्धारित समयमा नहुनु र विद्युतीय वोलपत्रको व्यवस्था नहुनु, खरिद् प्रकृया नियमसंगत, व्यवस्थित र पारदर्शि हुन नसक्नु, विद्युतीय आर्थिक कारोवार व्यवस्थित नहुनु, विकास खर्च कम हुनु र आ.व.को अन्त्यमा आएर मात्र खर्च गर्ने परिपाटी कायम रहनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### ८.३.३ चुनौती र अवसर

#### चुनौती

लेखा परिक्षण गर्ने क्रममा आवश्यक तयारी पुग्न गाह्रो, लेखा क्रममा सुत्र सिसटमको प्रयोग गर्नुपर्नेमा केहि कारोबारहरु सिस्टम भन्दा बाहिर गर्ने प्रवृति भएको, नगरपालिकाबाट विभिन्न शिर्षकमा गर्ने खर्चहरुमा

प्रभावकारिता, मितव्ययिता र नियमितता कायम गर्न चुनौती देखिन्छ । राजस्व संकलन र परिचालनलाई पारदर्शि र प्रभावकारि बनाउन, खरिद् प्रकृया नियमसंगत, व्यवस्थित र पारदशि, नियमित र व्यवस्थित गर्न, सम्पूर्ण आर्थिक कारोवारलाई विद्युतीय माध्यमद्धारा संचालन गर्न, विकास खर्चमा वृद्धि गरी आर्थिक वर्षको प्रथम चौमासिकदेखि बजेट निकासा गरी कार्यक्रम संचालन गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

**अवसर**

नेपालको संविधान, नेपाल पक्ष भई हस्ताक्षर गरिएका अर्न्तराष्ट्रिय अभिलेख तथा दिगो विकास लक्ष्य नं. १६ ले भ्रष्टाचार मुक्त प्रशासनको परिकल्पना गरेको छ । स्थानीय तहको सरकारलाई नागरिकप्रति बढी जवाफदेही र जिम्मेवार बनाउनु पर्ने विषयप्रति स्थानीय नागरिकदेखि संयुक्त राष्ट्र संघको महासभासम्ममा सर्बैसम्मत देखिन्छ । लेखा परिक्षण गर्नाले स्थानिय तहका समस्याहरु पहिचान भएको हने, संघिय, प्रदेश र स्थानिय तहबीय हुने राजश्व संकलन, बाँडफाँड, राजश्व दाखिला भएको वा नभएको जानकारी हुने, वार्षिक रुपमा गापा परिषद्बाट राजश्व र व्ययको अनुमान पेश र स्वीकृत गरी विभिन्न शीर्षकमा वजेट विनियोजित गर्नु, संघ र प्रदेश सरकारवाट प्राप्त अनुदानवाट विभिन्न विकास आयोजना संचालन गर्नु, ठेक्का पट्टा र खरिद् प्रकृया नियमसंगत र पारदर्शि बनाई समयमा नै कार्य सम्पादन गर्न, सम्पूर्ण आर्थिक कारोवारलाई बिद्युतयि माध्यमबाट संचालन गरि बिद्यसतिय सुशासन कायम गर्न जस्ता अवसरहरु रहेका छन् ।

### ८.३.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच**

नगरपालिकाको लक्ष्य हासिल गर्न लेखाको माध्यम, चुस्त, दुरुस्त र प्रभावकारिता कायम । स्थानीय स्रोत साधनको उपयोग; समृद्ध  गल्याङ विकासमा सहयोग ।

**लक्ष्य**

विद्युतिय कर,विद्युतिय जिन्सी तथा योजना व्यवस्थापन प्रणाली लागु गर्ने र आन्तरिक नियन्त्रण प्रणाली लागु गर्दै शून्य वेरुजु कायम गर्ने ।

**उद्देश्य**

१. सार्वजनिक लेखा परिक्षण प्रभावकारिता ढंगले संचालन गरी लक्षित समूहमा परेका प्रभाव (जेण्डर अडिट आदि) र कार्यदक्षता परिक्षण गर्नु ।

२. योजनाको तर्जुमा, अनुगमन र प्रभाव मूल्याङ्कनलाई एक विधाका रुपमा विकास गरी प्रभावकारी बनाउनु ।

३. नगरपालिकाको दीगो र नियमित प्राप्त हुने सक्ने वित्तीय श्रोतको पहिचान भई अधिकतम उपलब्धी हुने क्षेत्रहरुमा श्रोत परिचालन गर्नु ।

### ८.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ सार्वजनिक लेखा परिक्षण प्रभावकारिता ढंगले संचालन गरी लक्षित समूहमा परेका प्रभाव (जेण्डर अडिट आदि) र कार्यदक्षता परिक्षण गर्नु । | |

| | |
|---|---|
| १.१ लेखाका कारोबार तथा वित्तीय व्यवस्थापन प्रणाली सुदृढी बनाई आन्तरिक नियन्त्रण प्रणाली सबलीकरण गर्ने । | १.१.१ वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजस्व परिचालनको क्षमता वृद्धि गरिनेछ । |
| | १.१.२ सूचना प्रविधिको प्रयोगलाई विस्तार गरी खरिद योजना कार्यविधि तयार गरिनेछ । |
| | १.१.३ आन्तरिक आयको स्रोतको पहिचान गर्दै करको दायरा बढाउने र करको दर घटाइनेछ । |
| | १.१.४ चुस्त दुरुस्त लेखा प्रणाली विस्तार गर्ने र अन्तिम लेखा परीक्षणबाट देखिएका वेरुजु फछ्र्यौट कार्य गरिनेछ । |
| उद्देश्य २ योजनाको तर्जुमा, अनुगमन र प्रभाव मूल्याङ्कनलाई एक विधाका रुपमा विकास गरी प्रभावकारी बनाउनु । | |
| २.१ योजना तर्जुमा प्रक्रियमा समाबेशी सहभागीता तथा प्रभावकारी अनुगमन तथा<br>मुल्यांकन संयन्त्रविस्तार गर्ने । | २.१.१ उपभोक्ता समितिमार्फत गर्ने भनी खरिद विधि छनौट भएका योजनाहरुको कार्यान्वयनका लागि प्रत्येक आ व को श्रावण मसान्त भित्र प्रचलिन कानुन वमोजिम उपभोक्ता समिति गठन गरिसक्नु पर्ने नीति ल्याईने छ । |
| | २.१.२ नागरिकलाई कर तिरेको प्रत्याभुति गराई नागरिकलाई करको दायरामा ल्याउने कार्य गरिनेछ । |
| | २.१.३ शून्य वेरुजु कायम गर्न आवश्यक ऐन,नियम निर्माण गरिनेछ । |
| उद्देश्य ३ नगरपालिकाको दीगो र नियमित प्राप्त हुने सक्ने वित्तीय श्रोतको पहिचान भई अधिकतम उपलव्धी हुने क्षेत्रहरुमा श्रोत परिचालन गर्नु । | |
| ३.१ आन्तरिक राजश्व प्रणालीलाई पारदर्शी र सुदृणीकरण गर्दै सार्वजनिक, नीजि तथा स्थानीय समुदायको सहभागितामुलक प्रकृयाबाट स्रोत परिचालनको मोडालिटी बनाउने | ३.१.१ नगरपालिकाको राजश्व सुधार सम्भाव्यता अध्ययन गरिनेछ । |
| | ३.१.२ राजश्व अभिबृद्धि गर्न राजश्व अनुसन्धानको व्यवस्था गरिनेछ । |
| | ३.१.३नगरपालिकाको वित्तिय कारोवारलाई SUTRA प्रणालीमा आवद्ध गरी व्यवस्थित गरिनेछ । |

### ८.३.६ कार्यक्रमको प्राथमिकता

१. वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजस्व परिचालनको क्षमता वृद्धि गर्ने ।
२. चुस्त दुरुस्त लेखा प्रणाली विस्तार गर्ने र अन्तिम लेखा परीक्षणबाट देखिएका वेरुजु फछ्र्यौट कार्य गर्ने ।
३. आन्तरिक आयको स्रोतको पहिचान गर्दै करको दायरा बढाउने र करको दर कम गर्ने ।
४. राजश्व अभिबृद्धि गर्न राजश्व अनुसन्धानको व्यवस्था गरिनेछ ।

### ८.३.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | कार्यक्रम | इकाई | सहकार्य गर्ने निकाय | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७८/ ७९ | २०७९/ ८० | २०८०/ ८१ | | |
| १ | १ | १.१ | १.१.१ | वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजश्व परिचालनको क्षमता वृद्धि | प्रतिशत | | | | १०० | गापा |
| २ | | | १.१.२ | सूचना प्रविधिको प्रयोगलाई विस्तार गरी खरिद योजना कार्यविधि तयार | प्रतिशत | | | | १०० | " |
| ३ | | | १.१.३ | आन्तरिक आयको स्रोतको पहिचान गर्दै करको दायरा बढाउने र करको दर कम | प्रतिशत | | | | ९० | " |
| ४ | | | १.१.४ | चुस्त दुरुस्त लेखा प्रणाली विस्तार गर्ने र अन्तिम लेखा परीक्षणबाट देखिएका वेरुजु फछर्यौट कार्य | प्रतिशत | | | | १०० | " |
| ५ | २ | २.१ | २.१.१ | उपभोक्ता समितिमार्फत गर्ने भनी खरिद विधि छनौट भएका योजनाहरुको कार्यान्वयनका लागि प्रत्येक आ व को श्रावण मसान्त भित्र प्रचलिन कानुन वमोजिम उपभोक्ता समिति गठन गरिसक्नु पर्ने नीति | प्रतिशत | | | | १०० | " |
| ६ | | | २.१.२ | नागरिकलाई कर तिरेको प्रत्याभुति गराई नागरिकलाई करको दायरामा ल्याउने काय | प्रतिशत | | | | १०० | " |
| ७ | | | २.१.३ | शून्य वेरुजु कायम गर्न आवश्यक ऐन,नियम निर्माण | प्रतिशत | | | | १०० | " |
| ८ | ३ | ३.१ | ३.१.१ | नगरपालिकाको राजश्व सुधार सम्भाव्यता अध्ययन | संख्या | | | | अध्ययन | " |
| ९ | | | ३.१.२ | राजश्व अभिबृद्धि गर्न राजश्व अनुसन्धानको व्यवस्था | प्रतिशत | | | | १०० | " |
| १० | | | ३.१.३ | नगरपालिकाको वित्तिय कारोवारलाई SUTRA प्रणालीमा आवद्ध गरी व्यवस्थित गरिनेछ । | प्रतिशत | | | | १०० | " |

### ८.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | लेखाका कारोबार तथा वित्तीय व्यवस्थापनमा मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता, नियमितता कायम भएको हुनेछ | कूल आयोजना मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजनाको अनुपात | प्रतिशत | | | | | १०० | न.पा. | न.पा. | | ८ | १६ | ७ |
| | | समयमा सम्पन्न आयोजना/कार्यक्रमको अनुपात | प्रतिशत | | | | | १०० | " | " | | ८ | १६ | ७ |
| असर १ | स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा व्यापक जनसहभागिता र अनुगमन नतिजामूलक र प्रभावकारी भएको हुनेछ | स्थानीय गौरवका आयोजनाहरुको सूची | संख्या | | | | | | " | " | | ८ | १६ | ७ |
| | | तर्जुमा भएका विषयगत रणनैतिक योजना (विषय) | क्षेत्र | ५ | | | | | " | " | | ८ | १६ | ७ |
| | | वार्षिक योजनामा आर्थिक विकास तथा आयमूलक क्षेत्रमा लगानी अनुपात | प्रतिशत | | | | | | " | " | | ८ | १६ | ७ |
| | | आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या ( पटके, मासिक, चौमासिक, बार्षिक) | पटक | | | | | | " | " | | ८ | १६ | ७ |
| | | नगरपालिकाबाट प्रकाशित दस्तावेज र प्रतिवेदन | संख्या | | | | | | " | " | | ८ | १६ | ७ |
| | | सहभागिता मुलक योजना तर्जुमा तथा अनुगमन | संख्या | | | | | | " | " | | ८ | १६ | ७ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रक्रियामा लक्षितवर्ग/समुदायको प्रतिनिधित्व (महिला, दलित, जनजाति र बालबालिका) | | | | | | | | | | | | |
| **प्रतिफल १.१** | वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजश्व परिचालनको क्षमता वृद्धि भएको हुने | प्रतिशत | | | | | | १०० | " | " | | ८ | १६ | ७ |
| **प्रतिफल १.२** | वित्तीय व्यवस्थापनका सबै क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार भएको हुने | प्रतिशत | | | | | | १०० | " | " | | ८ | १६ | ७ |
| **प्रतिफल १.३** | उपभोक्ता समितिमार्फत गर्ने भनी खरिद विधि छनौट भएका योजनाहरुको कार्यान्वयनका लागि प्रत्येक आ व को श्रावण मसान्त भित्र प्रचलिन कानुन वमोजिम उपभोक्ता समिति गठन गरिसक्नु पर्ने नीति ल्याईने | प्रतिशत | | | | | | १०० | " | " | | ८ | १६ | ७ |
| **प्रतिफल १.४** | लाभलागत विश्लेषणका आधारमा योजनाको छानौट तथा कार्यान्वयन भएको हुने | प्रतिशत | | | | | | १०० | " | " | | ८ | १६ | ७ |
| **प्रतिफल १.५** | स्थानीय वस्तुगत विवरण, तथ्यांक र आवश्यकताको | प्रतिशत | | | | | | १०० | " | " | | ८ | १६ | ७ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारमा योजना तर्जुमा भएको हुने | | | | | | | | | | | | | |

## ८.४ राजश्व परिचालन

### ८.४.१ पृष्ठभूमि

राजश्व संकलन तथा परिचालन प्रणालीलाई सुदृढिकरण गरी वित्तीय सुशासन कायम गर्न सकिन्छ । यसको साथै राजश्व र व्ययको अनुमान, लेखापरिक्षण प्रणाली र वित्तीय प्रणालीलाई नियमित र प्रभावकारी वनाउन पर्दछ । न.पा.का सम्पूर्ण वित्तीय कारोवारलाई वैकिङ प्रणाली मार्फत संचालन गर्न आधुनिक प्रविधियूक्त ईन्टरनेटको व्यवस्था समेत गर्नु पर्दछ ।

### ८.४.२ समस्या

न.पा.को राजश्व व्यवस्थापन सम्वन्धी निकायको सुदृढिकरण नहुनु, राजश्व संकलन र परिचालन क्षमतामा बृद्धि नहुनु, न.पा.को विकास आयोजनाहरुको ठेक्का पट्टा निर्धारित समयमा नहुनु र विद्युतीय वोलपत्रको व्यवस्था नहुनु, खरिद् प्रकृया नियमसंगत, व्यवस्थित र पारदर्शि हुन नसक्नु, विद्युतीय आर्थिक कारोवार व्यवस्थित नहुनु, विकास खर्च कम हुनु र आ.व.को अन्त्यमा आएर मात्र खर्च गर्ने परिपाटी कायम रहनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### ८.४.३ चुनौती र अवसर

**चुनौती**

संघ र प्रदेशवाट प्राप्त अनुदान समयमा नै निकासा भई विकास आयोजनाहरु निर्धारित समयमा ठेक्का पट्टा गरी सम्पन्न गर्न, वार्षिक राजस्व र व्ययको अनुमान यर्थाथपरक बनाई कार्यान्वयन गर्न, राजस्व संकलन र परिचालनलाई पारदर्शि र प्रभावकारि बनाउन, खरिद् प्रकृया नियमसंगत, व्यवस्थित र पारदशि, नियमित र व्यवस्थित गर्न, सम्पूर्ण आर्थिक कारोवारलाई विद्युतीय माध्यमद्धारा संचालन गर्न, विकास खर्चमा वृद्धि गरी आर्थिक वर्षको प्रथम चौमासिकदेखि बजेट निकासा गरी कार्यक्रम संचालन गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

**अवसर**

वार्षिक रुपमा न.पा. परिषद्बाट राजश्व र व्ययको अनुमान पेश र स्वीकृत गरी विभिन्न शीर्षकमा वजेट विनियोजित गर्नु, संघ र प्रदेश सरकारवाट प्राप्त अनुदानवाट विभिन्न विकास आयोजना संचालन गर्नु, न.पा.ले विभिन्न कर संकलन गरी राजश्व बृद्धि गर्नु, ठेक्का पट्टा र खरिद् प्रकृया नियमसंगत र पारदर्शि बनाई समयमा नै कार्य सम्पादन गर्न, सम्पूर्ण आर्थिक कारोवारलाई बिद्युतयि माध्यमबाट संचालन गरि बिद्यसतिय सुशासन कायम गर्न, जनप्रतिनिधि र कर्मचारीलाई बित्तयि सुशासनसम्बन्धी तालिम प्रदान गरी कार्य क्षमतामा बृद्धि गर्न, न.पा.का सम्पूर्ण बित्तीय कारोवारहरुरमा सुशासन कायम गरी नमुना न.पा. निर्माण गर्ने जस्ता अवसरहरु रहेका छन् ।

### ८.४.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच**

राजश्व संकलन मार्फत पुऱ्याउने योगदान, ग्ल्याङको आर्थिक स्थितिमा सुधारको मजबुदता ।

**लक्ष्य :** आगामी ३ वर्षमा राजश्व संकलनको दरलाई बार्षिक १ करोडबाट बार्षिक ३ करोडसम्म संकलन गर्ने सम्म पुऱ्याउने ।

**उद्देश्य**

१. नगरपालिकाको दीगो र नियमित प्राप्त हुने सक्ने वित्तीय श्रोतको पहिचान भई अधिकतम उपलव्धी हुने क्षेत्रहरुमा श्रोत परिचालन गर्नु ।

### ८.४.५ रणनीति तथा कार्यनीति

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| उद्देश्य १ नगरपालिकाको दीगो र नियमित प्राप्त हुने सक्ने वित्तीय श्रोतको पहिचान भई अधिकतम उपलव्धी हुने क्षेत्रहरुमा श्रोत परिचालन गर्नु । | |
| १.१ आन्तरिक राजश्व प्रणालीलाई पारदर्शी र सुदृणीकरण गर्दै सार्वजनिक, नीजि तथा स्थानीय समुदायको सहभागितामुलक प्रकृयाबाट स्रोत परिचालनको मोडालिटी बनाउने | १.१.१ नगरपालिकाको राजश्व सुधार सम्भाव्यता अध्ययन गरिनेछ । |
| | १.१.२ राजश्व अभिबृद्धि गर्न राजश्व अनुसन्धानको व्यवस्था गरिनेछ । |
| | १.१.३ नगरपालिकाको वित्तिय कारोवारलाई SUTRA प्रणालीमा आवद्ध गरी व्यवस्थित गरिनेछ । |

### ८.४.६ कार्यक्रमको प्राथमिकता

१. आन्तरिक राजस्व वृद्धि गर्ने ।

२. कर प्रणालीको आधुनिकिकरण गर्ने ।

### ८.४.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | नगरपालिकाको राजश्व सुधार सम्भाव्यता अध्ययन | संख्या | | अध्ययन | | | | न.पा. |
| २ | | | १.१.२ | क | राजश्व अभिबृद्धि गर्न राजश्व अनुसन्धानको व्यवस्था | प्रतिशत | | | | | १०० | ” |
| ३ | | | १.१.३ | क | नगरपालिकाको वित्तिय कारोवारलाई SUTRA प्रणालीमा आवद्ध | प्रतिशत | | | | | १०० | ” |

### ८.४.८ नतिजा

| नतिजा स्तर | नतिजा | सुचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम | दीगो संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | नगरपालिकाको दीगो र नियमित प्राप्त हुने सक्ने वित्तीय श्रोतको पहिचान भई अधिकतम उपलव्धी हुने क्षेत्रहरुमा श्रोत परिचालन भएको हुनेछ | नगरपालिकाको दीगो र नियमित प्राप्त हुने सक्ने वित्तीय श्रोत | संख्या | | | १ | | १ | न.पा. | न.पा. | | ८ | १६ | ७ |
| **असर १** | आन्तरिक राजश्व प्रणालीलाई पारदर्शी र सुदृणीकरण गर्दै सार्वजनिक, नीजि तथा स्थानीय समुदायको सहभागितामुलक प्रकृयाबाट स्रोत परिचालनको मोडालिटी बनेको हुनेछ | नगरपालिकाको बार्षिक आन्तरिक आय रकम (हजारमा) | रु. | ८८५०० | | | | १००००० | ” | ” | | ८ | १६ | ७ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संघीय सरकारबाट राजस्व बाँडबाँडप्राप्त रकम | रु. हजारमा | ८४८३२ | | | | १००००० | " | " | | ८ | १६ | ७ |
| | | प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त रकम | रु.हजारमा | ८७०४ | | | | १०००० | " | " | | ८ | १६ | ७ |
| | | नगरपालिकाको कूल बार्षिक बजेट | रु. हजारमा | ५२२७२० | | | | ६५५७०० | " | " | | ८ | १६ | ७ |
| | | नगरपालिकाको बार्षिक वास्तविक खर्च रकम | प्रतिशत | ८४ | | | | १०० | " | " | | ८ | १६ | ७ |
| | | औषत वार्षिक वेरुजु रकम | रु. हजारमा | | | | | | " | " | | ८ | १६ | ७ |
| | | गैसस, अगैसस, विकास विकासबाट संचालित आयोजना/कार्यक्रमबाट लगानी रकम | रु. हजारमा | ० | | | | १००० | " | " | | ८ | १६ | ७ |
| | | समुदायको लगानीतथा योगदान रकम | रु. हजारमा | ० | | | | १००० | " | " | | ८ | १६ | ७ |
| | | सार्वजनिक निजी लगानी | रु. हजारमा | ० | | | | १००० | " | " | | ८ | १६ | ७ |
| | | निजी क्षेत्रको लगानी | रु. हजारमा | ० | | | | १००० | " | " | | ८ | १६ | ७ |
| **प्रतिफल १.१** | नगरपालिकाको राजश्व सुधार सम्भाव्यता अध्ययन गरिने | सम्भाव्यता अध्ययन | संख्या | | अध्ययन | | | | " | " | | ८ | १६ | ७ |
| **प्रतिफल १.२** | राजश्व अभिबृद्धि गर्न राजश्व अनुसन्धान अनुसन्धानको व्यवस्था भएको हुने | | प्रतिशत | | | | | १०० | " | " | | ८ | १६ | ७ |
| **प्रतिफल १.३** | नगरपालिकाको वित्तिय कारोवारलाई SUTRA | | प्रतिशत | | | | | १०० | " | " | | ८ | १६ | ७ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रणालीमा आवद्ध गरी व्यवस्थित भएको हुने | | | | | | | | | | | | | |

# परिच्छेद ९ : वहुक्षेत्रगत लगानी योजना

आवधिक योजना अन्तर्गत पहिचान भएका सबै योजनाहरू लगानीको दृष्टिकोणले एउटै आवधिक योजना मार्फत सम्वोधन गर्न सकिदैन । तसर्थ आगामी तीन वर्षमा उपलव्ध हुन सकिने नगरपालिकाको विकास वजेटको रकम, दीर्घकालीन सोच प्राप्ति तर्फ उन्मुख हुन अति आवश्यक कार्यक्रम तथा योजनाहरू, आर्थिक विकासमा टेवा पुग्न योजना, लक्षित वर्ग समुदायको हित, रोजगारी वृद्धि गर्ने जस्ता महत्वपूर्ण आधारहरूमा योजनाको प्राथमिकता निर्धारण गरी अगामी तीन वर्षमा कार्यान्वयन गर्न सकिने योजनाहरूको वहुक्षेत्रगत लगानी योजना तयार गरिएको छ ।

नगावासीहरूको आवश्यकता परिपूर्ति गर्न आवश्यक लगानीको तुलनामा उपलव्ध हुने विकास वजेट अतिनै न्यून भएको हुँदा नगरपालिकाको विद्यमान विकास वजेटले ठूलठूला योजनाहरू कार्यान्वयन गर्न सकिने स्थिति भने छैन । विशेष गरी अधिकांश रणनीतिक योजनाहरू जस्तैः सडक, ढल र फोहोर व्यवस्थापन सहितको एकीकृत योजनाहरूको लागि केन्द्रीय निकाय, विभिन्न दातृ राष्ट्र तथा दातृ निकायहरूको सहयोग अति आवश्यक छ ।

यसको अतिरिक्त, नगरपालिकाको कार्यान्वयनको जिम्मेवारीमा परेका अन्य योजनाहरूको सन्दर्भमा अगामी तीन वर्षमा उपलव्ध हुन सकिने नगरपालिका कार्यालयको विकास वजेटको प्रक्षेपण गरी सोही अनुसार योजना तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरी क्रमशः कार्यान्वयन गर्ने गरी वहुक्षेत्रगत लगानी योजना तयार गरिएको छ । नगरपालिकाको आर्थिक श्रोत अति न्यून रहेकोले यस श्रोतवाट धेरै कम मात्र गाउँस्तरीय योजनाहरू कार्यान्वयन गर्न सकिन्छ । तसर्थ नगरपालिकाले विगतमा झैं केन्द्रबाट सहयोग कार्यक्रम ल्याई वढी भन्दा वढी कार्यक्रम कार्यान्वयन गर्न सकृयता देखाउनु पर्ने हुन्छ । यस शीर्षक अन्तर्गत प्राप्त नगरपालिकाको विकास वजेट तथा विगत आर्थिक वर्षमा केन्द्रवाट प्राप्त विशेष आर्थिक अनुदानको आधारमा आवधिक योजना अन्तर्गत पहिचान भएका योजनाहरू कार्यान्वयन गर्ने गरि अगामी तीन वर्षको भौतिक विकास तथा भौतिक पुर्वाधार, सामाजिक, आर्थिक, वातावरण तथा जोखिम व्यवस्थापन, वित्तिय व्यवस्थापन र संस्थागत विकास योजनाहरुको वहुक्षेत्रगत लगानी योजना तर्जुमा गरिएको छ। योजना तर्जुमा समिति, नगरपालिका वोर्ड तथा परिषदको निर्णय अनुसार नगरपालिकाले यस्ता योजनाहरू क्रमशः वार्षिक रुपमा कार्यान्वयन गर्दै जाने छ ।

नगरपालिकाले आपनो बजेट अनुकुल योजनाहरु प्राथमिकीकरणको आधारमा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ । केही अपुग बजेटको व्यवस्थापनका लागि नगरपालिकाले देहायका काम गर्नुपर्ने देखिन्छ ।

- राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरुसँग समन्वय गर्ने
- आन्तरिक आयस्रोतको दायराको खोजी गर्ने
- संघ तथा प्रदेशसँग समन्वय गर्ने
- अन्तर स्थानीय तह साझेदारी गर्ने
- निजी तथा सार्वजनिक साझेदारी एवं सहकार्य गर्ने
- जनसहभागिता वृद्धि गर्ने

- तालिकामा नगरपालिकाको चालु आवको लागि विनियोजित बजेट र त्यसैको आधारमा आगामी ५ बर्षका लागि प्रक्षेपित राजश्व परिचालनको अवस्थालाई प्रस्तुत गरिएको छ । प्रक्षेपित राजश्व चालु आवमा परिचालिन कुल राजश्वमा प्रति वर्ष १२ प्रतिशतले बृद्धि हुने अनुमानका आधारमा तयार पारिएको हो ।

| | | आ.व २०७८/७९ को बिनियोजन | | | | आ.व २०७९/८० को अनुमान | | | | आ.व २०८०/८१ को अनुमान | | | | रणनीतिक स्तम्भ | प्राथमिकता क्रम | दिविस | गरिबी न्यूनीकरण संकेत | लैगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रम | अनुमानित लागत रु (लाख) | कुल बजेट | चालु | पुँजीगत | वित्तिय व्यवस्था | कुल बजेट | चालु | पुँजीगत | वित्तिय व्यवस्था | कुल बजेट | चालु | पुँजीगत | वित्तिय व्यवस्था | | | | | | |
| **कृषि** | | | | | | | | | | | | | | | | | | | |
| पशु नश्ल सुधार कार्यक्रम संञ्चालन गर्ने । | ५५ | २० | ४ | १६ | | २० | ४ | १६ | | १५ | ३ | १२ | | | | | | | |
| सम्भाव्यताका आधारमा हरेक वडामा कृषि पकेट क्षेत्र निर्धारण गरी उत्पादन केन्द्र स्थापना गर्ने । | ५० | २० | ४ | १६ | | २० | ४ | १६ | | १० | २ | ८ | | | | | | | |
| दुध चिस्यान केन्द्रको स्थापना गर्ने । | ५० | २० | ४ | १६ | | २० | ४ | १६ | | १० | २ | ८ | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आलु तथा अन्य बाली विशेषको ब्लक/जोन/सुपरजोन कार्यक्रम संचालन गर्ने । | २ | १ | ०.२ | ०.८ | | ०.५ | ०.१ | ०.४ | | ०.५ | ०.१ | ०.४ | | | | | | | |
| नयाँ बिउँ विजन तथा कृषि भण्डारण केन्द्र स्थापना गर्ने । | २० | ५ | १ | ४ | | ५ | १ | ४ | | १० | २ | ८ | | | | | | | |
| **उद्योग तथा व्यापार** | | | | | | | | | | | | | | | | | | | |
| नगरपालिकाको पहिचान झल्कने लोगोको विकास गर्ने र सोहि लोगोको आधारमा गल्याङको मायाको चिनो स्वरुप स्थानीय हस्तकलाको विकास गर्ने । | १०० | ४० | ८ | ३२ | | ३० | ६ | २४ | | ३० | ६ | २४ | | | | | | | |
| सिप तथा उद्यमशीलता विकास तालिम संचालन गर्ने । | ५५ | १५ | ३ | १२ | | २० | ४ | १६ | | २० | ४ | १६ | | | | | | | |
| शितभण्डार निर्माण गर्ने । | ३०० | १०० | २० | ८० | | १०० | २० | ८० | | १०० | २० | ८० | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्थानीय उत्पादन प्रदर्शनी कक्ष तथा कोसेली घरको स्थापना र संचालन गर्ने । | १०० | ४० | ८ | ३२ | | ३० | ६ | २४ | | ३० | ६ | २४ | | | | | | | |
| बार्षिक रुपमा नगरपालिका स्तरीय हस्तकला प्रदशनी तथा प्रतियोगिता संञ्चालन गर्ने । | १०० | ३० | ६ | २४ | | ४० | ८ | ३२ | | ४० | ८ | ३२ | | | | | | | |
| **पर्यटन** | | | | | | | | | | | | | | | | | | | |
| पर्यटकिय गुरु योजना तयार गर्ने । | १०० | ४० | ८ | ३२ | | ३० | ६ | २४ | | ३० | ६ | २४ | | | | | | | |
| मिर्मि ग्रेटवाल (देविस्थान-चन्द्रकोट) निर्माणको अध्ययन गर्ने । | २० | ५ | १ | ४ | | १० | २ | ८ | | ५ | १ | ४ | | | | | | | |
| एक वडा एक होमस्टे बिकाश गर्ने । | ५५० | १५० | ३० | १२० | | २०० | ४० | १६० | | २०० | ४० | १६० | | | | | | | |
| **शिक्षा** | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हरेक उच्च माध्यमिक विद्यालयमा विज्ञान र आइ.सि.टि स्थापना गर्ने । | २०० | १०० | २० | ८० | | ५० | १० | ४० | | ५० | १० | ४० | | | | | | | |
| हरेक विद्यालयमा ब्यवस्थित शौचालय र खानपानी धारा बनाउने । | ११० | ४० | ८ | ३२ | | ४० | ८ | ३२ | | ३० | ६ | २४ | | | | | | | |
| कोरोना जस्ता महामारीको बेला सबै बिद्यालयमा डिजिटल प्रविधिबाट कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउने । | १०० | ३० | ६ | २४ | | ४० | ८ | ३२ | | ३० | ६ | २४ | | | | | | | |
| माध्यमिक विद्यालय स्तरिय शैक्षिक प्रतियोगिता संञ्चालन गर्ने । | १० | ५ | १ | ४ | | २.५ | ०.५ | २ | | २.५ | ०.५ | २ | | | | | | | |
| **स्वास्थ्य** | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सबै बिद्यालयहरुमा नियमित रुपमा स्वास्थकर्मी द्वारा आधारभुत पोषण र जीवनशैलि सम्बन्धी जनचेतना मुलक कार्यक्रम संचालन गर्ने । | ११ | ४ | ०.८ | ३.२ | | ३ | ०.६ | २.४ | | ४ | ०.८ | ३.२ | | | | | | | |
| हरेक स्वास्थ्य चौकीमा स्वास्थ्य पूर्वाधार र उपकरणहरू (एक्सरे, भिडियो एक्सरे, प्रयोगशाला आदि) विस्तार गर्ने । | २०० | ५० | १० | ४० | | ५० | १० | ४० | | १०० | २० | ८० | | | | | | | |
| हरेक स्वास्थ्य चौकीमा नियमित टेलिमेडिसिन विस्तार गर्ने । | १०० | ४० | ८ | ३२ | | ३० | ६ | २४ | | ३० | ६ | २४ | | | | | | | |
| सम्भव ठाउँहरुमा आपत्कालिन सेवाको (एमबुलेन्स) विस्तार गर्ने । | ५० | २० | ४ | १६ | | १० | २ | ८ | | २० | ४ | १६ | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नगर अस्पतालको क्षमता विकास गर्ने । | १०० | ४० | ८ | ३२ | | ३० | ६ | २४ | | ३० | ६ | २४ | | | | | | |
| **खानेपानी तथा सरसफाई** | | | | | | | | | | | | | | | | | | |
| सार्बजनिक स्थानमा खानेपानी धारा तथा पधेंरो राख्ने । | ११० | ४० | ८ | ३२ | | ४० | ८ | ३२ | | ३० | ६ | २४ | | | | | | |
| Gravity flow मार्फत आगामी ५ वर्षमा १०० प्रतिसत घरधुरीलाई स्वच्छ खानेपानी सुनिश्चित गर्ने | १०० | ४० | ८ | ३२ | | ३० | ६ | २४ | | ३० | ६ | २४ | | | | | | |
| खानेपानी शुद्धता परिक्षण केन्द्र स्थापना गर्ने । | १०० | ३० | ६ | २४ | | ४० | ८ | ३२ | | ३० | ६ | २४ | | | | | | |
| हरेक बिद्यालयमा यूरोगार्ड स्थापना गर्ने । | ४० | २० | ४ | १६ | | १० | २ | ८ | | १० | २ | ८ | | | | | | |
| हरेक मन्दिरहरुमा खानेपानीको धारा राख्ने । | २० | १० | २ | ८ | | ५ | १ | ४ | | ५ | १ | ४ | | | | | | |
| **युवा तथा खेलकूद** | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घरेलु वा सामाजिक हिंसामा परेका महिला, बृद तथा बेसाहार बालबच्चालाई साहारा केन्द्र स्थापना गर्ने । | ३०० | १०० | २० | ८० | | १०० | २० | ८० | | १०० | २० | ८० | | | | | | | |
| नगर स्तरीय रंगशालाको निर्माण गर्ने । | २०० | १०० | २० | ८० | | ५० | १० | ४० | | ५० | १० | ४० | | | | | | | |
| हरेक वडामा एक भलिवल कर्वडहलको निर्माण गर्ने । | २०० | ५० | १० | ४० | | ५० | १० | ४० | | १०० | २० | ८० | | | | | | | |
| **कला, भाषा, सँस्कृति, साहित्य** | | | | | | | | | | | | | | | | | | | |
| कला, संस्कृति प्रबद्धन गर्न कला संस्कृति भवन निमार्ण गर्ने । | १०० | ५० | १० | ४० | | ३० | ६ | २४ | | २० | ४ | १६ | | | | | | | |
| बार्षिक रुपमा नगर स्तरीयर साँस्कृतिक प्रतियोगिता संञ्चालन गर्ने । | ५० | २० | ४ | १६ | | १० | २ | ८ | | २० | ४ | १६ | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा २ मा ठेकी स्मारक स्थापना गर्ने । | २० | १० | २ | ८ | | ५ | १ | ४ | | ५ | १ | ४ | | | | | | | |
| **सडक तथा पुल** | | | | | | | | | | | | | | | | | | | |
| गल्याङ-निबुवाखारका- रुपखानी -मोहन्दादा -सेतिबेनी जोडने सडक पिच गर्ने । (२६.३४ किमि) | ५२४८ | १५४८ | ३०९.६ | १२३८ | | २००० | ४०० | १६०० | | १७०० | ३४० | १३६० | | | | | | | |
| गल्याङ-कल्लेरी -पिदिखोला हुदै सेतिबेनी जोडने सडक पिच गर्ने । (१५.३१ किमि) | ३०६२ | १०६२ | २१२.४ | ८५० | | १००० | २०० | ८०० | | १००० | २०० | ८०० | | | | | | | |
| गल्याङ-गराग्दी-गुठि-इल्लुन्गु-मतिचौर- मोहनादादा जोडने सडक पिच गर्ने । (११.६६ किमि) | २३३२ | १००० | २०० | ८०० | | ५३३२ | १०६६ | ४२६५.६ | | ५०० | १०० | ४०० | | | | | | | |
| गल्याङ-तुल्सिभंज्यांग -तिन्दोबाते -पकवादी जोडने सडक पिच गर्ने । (१६.८४ किमि) | ३३६८ | १३६८ | २७३.६ | १०९४ | | १००० | २०० | ८०० | | १००० | २०० | ८०० | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाकी स्थानीय सडकहरु (२७३ किमि) | १३६५० | ३६५० | ७३० | २९२० | | ५००० | १००० | ४००० | | ५००० | १००० | ४००० | | | | | | | |
| क पुलको निर्माण गर्ने । | १००० | ४०० | ८० | ३२० | | ३०० | ६० | २४० | | ३०० | ६० | २४० | | | | | | | |
| ख पुलको निर्माण गर्ने । | १००० | ३०० | ६० | २४० | | ४०० | ८० | ३२० | | ३०० | ६० | २४० | | | | | | | |
| **भवन तथा आवास** | | | | | | | | | | | | | | | | | | | |
| वडा नं ४ कार्यलय भवन निर्माण गर्ने । | २०० | ५० | १० | ४० | | १०० | २० | ८० | | ५० | १० | ४० | | | | | | | |
| वडा नं ५ कार्यलय भवन निर्माण गर्ने । | २०० | १०० | २० | ८० | | ५० | १० | ४० | | ५० | १० | ४० | | | | | | | |
| वडा नं ८ कार्यलय भवन निर्माण गर्ने । | २०० | ५० | १० | ४० | | ५० | १० | ४० | | १०० | २० | ८० | | | | | | | |
| वडा नं १० कार्यलय भवन निर्माण गर्ने । | २०० | १०० | २० | ८० | | ५० | १० | ४० | | ५० | १० | ४० | | | | | | | |
| गोष्ठी तथा कार्यक्रमहरु संचालन गर्नलाई सभा हल निमार्ण गर्ने । | २५० | १०० | २० | ८० | | ५० | १० | ४० | | १०० | २० | ८० | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्थानिय वासीको माग बमोजिम टाउन प्लानि गर्ने | १०० | ३० | ६ | २४ | | ४० | ८ | ३२ | | ३० | ६ | २४ | | | | | | | |
| निवुवाखर्क स्वास्थ्य चौकी भवन निर्माण गर्ने । | १०० | ३० | ६ | २४ | | ३० | ६ | २४ | | ४० | ८ | ३२ | | | | | | | |
| स्वागत द्वार निर्माण गर्ने । ( रामन्दिधाम र रामचे ) | ४० | २० | ४ | १६ | | १० | २ | ८ | | १० | २ | ८ | | | | | | | |
| आयूर्वेद केद्र निर्माण गर्ने । | २०० | १०० | २० | ८० | | ५० | १० | ४० | | ५० | १० | ४० | | | | | | | |
| **विद्युत** | | | | | | | | | | | | | | | | | | | |
| वडा ३ मा परम्परागत वस्तीमा भूमीगत तार व्यवस्था गरी ताररहित व्यवस्था मिलाउने । | ५० | ४० | ८ | ३२ | | ३० | ६ | २४ | | ३० | ६ | २४ | | | | | | | |
| बिद्युतीय सवारीका लागि फास्ट चार्जजिङ स्टेशन निर्माण गर्ने । | २०० | १०० | २० | ८० | | ५० | १० | ४० | | ५० | १० | ४० | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बिद्युतीय चुलोको प्रयोग गर्ने र प्रयोग गर्नलाई प्रोत्साहन गर्ने । | २५ | | | | | | | | | | | | | | | | | | |
| **वन वातावरण तथा विपद् व्यवस्थापन** | | | | | | | | | | | | | | | | | | | |
| विपद व्यवस्थापन र जोखिम न्यूनिकरण कोष खडा गर्ने । | १० | २० | ४ | १६ | | २० | ४ | १६ | | १० | २ | ८ | | | | | | | |
| हरेक वडामा एकिकृत पार्क ( बाल उद्यान, जेष्ठ नागरिक चौतारी, विपद् व्यवस्थापन केन्द्) निर्माण गर्ने । | ४०० | २० | ४ | १६ | | २० | ४ | १६ | | १० | २ | ८ | | | | | | | |
| हरेक वडामा एउटा सार्वजनिक शौचालय र पार्क/बगैंचा निर्माण गर्ने् । | ५५० | २० | ४ | १६ | | २० | ४ | १६ | | १० | २ | ८ | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकोप नक्सांकन तथा जोखिम न्यूनीकरण कार्यक्रम संचालन गर्ने । | ५ | २० | ४ | १६ | | २० | ४ | १६ | | १० | २ | ८ | | | | | | | |
| ल्यान्डफिल साइटको निर्माण गर्ने । | २०० | ४० | ८ | ३२ | | ३० | ६ | २४ | | ३० | ६ | २४ | | | | | | | |
| आधुनिक फोहोर संकलन तथा प्रशोधन केन्द्र निमार्ण गर्ने । | २०० | २०० | ४० | १६० | | २०० | ४० | १६० | | १०० | २० | ८० | | | | | | | |
| जोखिमयुक्त ठाँउहरुमा तटबन्धन निमार्ण गर्ने । | १०० | १०० | २० | ८० | | १०० | २० | ८० | | १०० | २० | ८० | | | | | | | |
| विपद् पूर्व तयारी र व्यवस्थापन गर्नलाई दैबिक प्रकोप व्यवस्थापन केन्द्र स्थापना गर्ने । | १०० | १०० | २० | ८० | | १०० | २० | ८० | | १०० | २० | ८० | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विपद् पछिको पुनर्स्थापनाको लागि उद्धार सामग्री, कोष, उद्धार संयन्त्र र प्रविधिको विकास गर्ने । | १०० | १०० | २० | ८० | | १०० | २० | ८० | | १०० | २० | ८० | | | | | | | |
| **संस्थागत विकास** | | | | | | | | | | | | | | | | | | | |
| नगरपालिकाको मेट्रिक सिस्टममा घर नम्बरिङ्ग तथा ल्याण्ड डिजिटलाइजेसन गर्ने । | ५० | ४० | ८ | ३२ | | ३० | ६ | २४ | | ३० | ६ | २४ | | | | | | | |
| नगरपालिकाको पहिचान झल्कने लोगोको विकास गर्ने र सोहि लोगोको आधारमा निसीखोलाको मायाको चिनो स्वरुप स्थानीय हस्तकलाको विकास गर्ने । | ५० | ४० | ८ | ३२ | | ३० | ६ | २४ | | ३० | ६ | २४ | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा कार्यलयहरु प्रविधिमैत्री बनाई अनलाईन माध्यम बाट बैठक सञ्चालन गर्ने व्यवस्था मिलाउने । | १०० | ४० | ८ | ३२ | | ३० | ६ | २४ | | ३० | ६ | २४ | | | | | | | |
| नगरपालिकाको मातहत सबै कार्यलयबाट मुस्कान सहितको सेवा प्रदान गर्ने । | १०० | ४० | ८ | ३२ | | ३० | ६ | २४ | | ३० | ६ | २४ | | | | | | | |

आगामी ३ वर्षकालागि परिकल्पना गरेका कार्यक्रमहरुको सफल कार्यान्वयनका लागि नगरपालिकाले रु. १ अर्ब ९७ करोड बराबरको पुंजीगत वजेटको परिकल्पना गरेको छ । तर प्रस्तुत कार्यक्रम सञ्चालन गर्न नगरपालिकाले संघ र प्रदेशबाट प्राप्त गर्ने वित्तिय समानीकरण र सशर्त अनुदान तथा राजश्व बाँडफाँडबाट आगामी ३ बर्षमा प्राप्त गर्ने अनुमानित पुंजीगत वजेट रु. १ अर्ब १८ करोड हुन आउँछ ।
प्रक्षेपित राजश्व चालु आवमा परिचालिन कुल राजश्वमा प्रति वर्ष १२ प्रतिशतले बृद्धि हुने अनुमानका आधारमा तयार पारिएको हो । आ.व २०७७/७८ मा कुल रु. ७२,९८,३७,००० राजश्व परिचालन भएको थियो जसमध्ये पुंजीगत खर्चको शीर्षकमा रु. ३६,६८,६९,००० भने चालु खर्चको शीर्षकमा रु. ४७,४२,३६,००० भएको थियो । आगामी ३ वर्ष ( आ.व.०८०/८१) मा नगरपालिकाको कुल राजश्व परिचालन रु. ९२१,४१२,२७० हुने प्रक्षेपण गरिएको छ । कुल परिचालित राजश्व मध्ये चालु खर्चको शीर्षकमा रु. ४८८,३०१,०५० र रु. ४३३,१११,२२० पुंजीगत खर्चको शीर्षकमा खर्च हुने देखिन्छ ।

तसर्थ सम्पूर्ण कार्यक्रम कार्यान्वयन गर्न नगरपालिकालाई आगामी ३ वर्षमा रु. १,६११,७६७,७३० पुंजीगत खर्चको अपुग हुने देखिन्छ । तसर्थ नगरपालिकाले आपनो बजेट अनुकुल योजनाहरु प्राािथमिकीकरणको आधारमा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ । केही अपुग बजेटको व्यवस्थापनका लागि नगरपालिकाले देहायका काम गर्नुपर्ने देखिन्छ ।

- राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरुसँग समन्वय गर्ने
- आन्तरिक आयस्रोतको दायराको खोजी गर्ने
- संघ तथा प्रदेशसँग समन्वय गर्ने
- अन्तर स्थानीय तह साझेदारी गर्ने
- निजी तथा सार्वजनिक साझेदारी एवं सहकार्य गर्ने
- जनसहभागिता वृद्धि गर्ने
- तालिकामा नगरपालिकाको चालु आवको लागि विनियोजित बजेट र त्यसैको आधारमा आगामी ३ बर्षका लागि प्रक्षेपित राजश्व परिचालनको अवस्थालाई प्रस्तुत गरिएको छ ।

# परिच्छेद १० : आवधिक योजनाको वार्षिक कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन व्यवस्था

आवधिक योजना तर्जुमाका लागि विभिन्न चरणगत प्रकृया र पद्धति बनाइयो । विभिन्न चरणगत प्रक्रिया र पद्धति अपनाउँदा संङ्घीय सरकार र प्रदेश सरकारको नीत, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी अपनाइएको छ । आवधिक योजना तर्जुमाका लागि स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ को व्यवस्था तथा नगरपालिकाको आर्थिक ऐन, २०७४ को अधिनमा रही तर्जुमा गर्दा नगरपालिकाले आफ्नो आवश्यकता र क्षमताका आधारमा आवधिक योजनाको स्वरुपको तयार तथा स्वीकृत कार्यविधि बमोजिम तथा प्रक्रिया अनुसार तर्जुमा गरी पारित गरिएको हो । आवधिक योजना तर्जुमा गरिंदा दुईवटा मूलभूत मान्यता लिइएको थियो ।

१. स्रोत विनियोजन अनुशासन तथा अनुगमन व्यवस्थित गर्न विषयगत समितिको अवधारणामा योजना तर्जुमा, र

२. सहभागितात्मक पद्धतिबाट योजना तर्जुमा ।

आवधिक योजना सरल उपयोगी र कार्यान्वयन सम्भव होस भन्ने उद्देश्यले विषयविज्ञको सहयोगमा विधायक समितिबाट मस्यौदा गरी प्रक्रियागत तथा विशेषज्ञता दुवैको समिश्रणबाट योजना तर्जुमा गरिएको हो ।

## १०.१ योजनाको कार्यान्वयन

'आवधिक योजना तर्जुमा निर्देशिका २०७५' ले निर्दिष्ट गरे बमोजिम योजना अवधिमा हासिल गर्न चाहेको लक्ष्य पुरा गर्न आवधिक योजना कार्यान्वयन गर्न निम्नानुसार कदमहरु अपनाउनु पर्ने हुन्छ ।

१. आवधिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि योजना टोलीको गठन भएको निर्देशन समिति र विषयगत उप-समितिहरुलाई स्थायित्व दिने ।

२. भौतिक विकास योजना कार्यान्वयन गर्दा नगर विकास ऐनले व्यवस्था गरे बमोजिम विषेशत: जग्गा विकास कार्यक्रमहरु र निर्माण मापदण्ड कार्यान्वयन गर्दै लैजाने तथा कार्यान्वयनको क्रममा शहरी विकास विभागको संबन्धित कार्यालय र अन्य केन्द्रिय निकायहरुसंग समन्वय राख्ने ।

३. केन्द्रिय स्तरमा नीति निर्देशन र अनुगमन गर्न स्थानीय विकास मन्त्रायल र शहरी विकास तथा भवन निर्माण विभागको साझा तथा संयुक्त अवधारणाको लागि स्थानीय स्तरवाट पहल गर्ने ।

४. बहु-क्षेत्रगत लगानी कार्यक्रममा समावेस भए अनुरुप वार्षिक योजना तथा कार्यक्रम निम्न आधारमा तयार गर्ने ।

- सो कार्यक्रम तयार गर्दा आवधिक योजनाले लक्षित गरेका सूचकहरुको प्राप्तितर्फ विषेश ध्यान पु¥याउने ।
- आवधिक योजनाले अङ्गीकार गरेको अग्रणी क्षेत्रहरुको अनुसरण गर्ने ।
- नगरपालिकालाई प्राप्त हुन सक्ने विकास बजेटलाई आधार मान्ने ।

५. आयोजना/कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि खर्च हुने रकम र नगद प्रवाहबीच सन्तुलन कायम राख्ने ।

६. योजना संचालन तयार गर्दा उक्त योजना सम्पन्न भएपछि गरिने मर्मत संभारको कार्य योजना तयार गर्ने ।

७. कार्यान्वयन गर्दाका आयोजनाहरुको सुपरिवेक्षण, अनुगमन र मुल्यांकन समेत गर्ने प्रणालीको विकास गर्ने ।

## १०.२ अनुगमन तथा मूल्याङ्कन

कुनै पनि कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा मूल्यांकन नितान्त जरुरी विषय हो । यसका लागि स्थानीय स्वायत्त शासन ऐन तथा नगरपालिकाका निम्ति आवधिक योजना तर्जुमा निर्देशिका अगिंकार गरिनेछ । जस अनुसार अल्पकालीन योजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा आवश्यकता अनुसार फिल्डमा जाने लगायतका प्रकृयाहरू समेतको अवलम्बन गरिने छ । त्यस्तै संचालित आयोजनाहरूको विषयगत विवरण तथा प्रगति मूल्यांङ्कन प्रत्येक ६/६ महिनामा वा समितिले आवश्यक ठानेको जुनसुकै वखत गरिनेछ । त्यस्तै सम्पन्न योजनाहरूको मर्मत सम्भार सम्बन्धी व्यवस्थाको मूल्याङ्कन प्रत्येक वर्ष सम्पन्न ठूला योजनाहरूको प्रभाव मूल्यांङ्कन एक वर्षपछि गर्ने जसका लागि सामाजिक, आर्थिक, वातावरणीय तथा सेवा सुविधाहरूको प्रभाव मुल्यांङ्कन अध्ययन टोलीमा विषयगत समिति सदस्यका अलावा सम्पूर्ण आ-आफ्ना क्षेत्रका विज्ञ वा विशेषज्ञ, सेवा सुविधाग्राही वा सरोकारवालाहरू समेतको संलग्नता गराइनेछ ।

अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ । यसको मुख्य उद्देश्य चालु परियोजनाको प्रगति र ढिलासुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिंडाउनु हो । प्रदेश स्तरमा पनि अनुगमन प्रणालीको विकास गरी चालु परियोजनाहरूलाई सक्रिय र परिणाममुखी बनाउन

जरुरी छ । अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ । अनुगमन तथा मूल्याङ्कनले कार्यक्रम वा आयोजनाका सवल र दुर्वल पक्ष पत्ता लगाई दुर्बल पक्षलाई न्यूनीकरण गर्ने उपायको खोजी गर्नुका साथै समीक्षा गरी सूचना संकलन गरी प्रमाणमा आधारित सुधार तथा निर्णय गर्न सहयोग पुऱ्याउँछ । त्यसैले हरेक क्षेत्र (सार्वजनिक, निजी तथा गैर सरकारी) ले परियोजनाको कार्यान्वयन चरणमा अनुगमन र परियोजनाको मध्यम तथा अन्तिम चरणमा मूल्याङ्कन गर्न जरुरी हुन्छ । राम्रो योजनाले परिणाममा ध्यान केन्द्रित गर्न मद्दत गर्दछ, जबकि अनुगमन र मूल्याङ्कनले हामीलाई अघिल्लो सफलता र चुनौतीहरूबाट पाठ सिक्न मद्दत गर्दछ र निर्णय गर्नको लागि मद्दत पुऱ्याउँछ । जसले गर्दा वर्तमान र भविष्यका पहलहरू मानिसहरूको जीवन सुधार गर्न र आफ्नो छनौटहरू विस्तार गर्न सक्षम हुन्छन् ।

आवधिक विकास योजनाको अनुगमन गर्दा प्रभाव तहमा लक्ष एवम् विषयगत लक्षहरुको र नतिजा तहमा संचालित कार्यक्रमहरुको विभिन्न तहमा गरिने भएकोले ग्ल्याङ नगरपालिकाको अनुगमन प्रणाली आफ्नो संस्थागत क्षमता र आवश्यकताका आधारमा नतिजा तहमा गरिने छ । अनुगमन गर्नका लागि तयार गरिएको ढाँचा प्रचलित सोच तालिका ( log frame) लाई आधार मानी उपलब्ध हुनसक्ने तथ्याङ्कको परिमाणात्मक स्थितिका आधारमा तयार गरिएको हो । अनुगमनमा राष्ट्रिय सरोकारका विषय, मानव विकास सूचकाङ्क निर्दिष्ट लक्ष्य पूरा गर्ने दीगो विकास लक्ष्य सम्बन्धी नेपालले पूरा गर्ने लक्ष्य राखेका सूचकहरु समेतको अनुगमन व्यवस्थापन गरिएको छ ।

कार्यान्वयन गरिएका योजना, नीति, कार्यक्रम तथा आयोजनाहरू के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी भए तथा के कस्ता उपलव्धि एवम् प्रभावहरू हासिल भए भन्ने कुराको उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले आन्तरिक र बाह्य मूल्याङ्कनकर्ताबाट गराइनेछ । यस्तो मूल्याङ्कन मध्यावधि अवधि अर्थात १.५ वर्षमा गरिने छ र लगानी योजना अनुरुप वार्षिक लगानीहरु निर्देशित रहे नरहेको र उपलब्धीका लागि लक्ष्य लगायत कार्यक्रमहरुको परिमार्जन सम्बन्धी आवश्यकता रहे नरहेको आधारमा आगामी आवधिक योजना तर्जुका लागि उपयोग गरिनेछ ।

### १०.३ मध्यावधि मूल्याङ्कन

आवधिक योजना तर्जुमाको सिलसिलामा निर्धारण गरिएका सूचकहरूले निर्धारण गरेका उद्देश्य अनुरुपमा लक्ष्यहरू प्राप्त भए वा नभएकाबारे मध्यावधि मूल्यांङ्कन २०७९ सालमा गरिनेछ र सो अगावै सम्पन्न हुने योजनाहरूको मुल्याङ्कन योजना समाप्त भएपछि गरिनेछ । आवधिक योजनाको मध्यावधि मूल्याङ्कनका निमित्त स्थानीय विकास मन्त्रालय वा सहरी विकास तथा भवन निर्माण विभागका राजपत्रांकित द्वितीय तहको कर्मचारीको अध्यक्षतामा एक अनुगमन समन्वय समितिको सिफारिसमा गरिने छ । सो मध्यावधि मूल्याङ्कन समितिमा कम्तिमा एकजना प्राविधिक एवं योजनाविद् समावेश गराइनेछ । उक्त समितिले निम्न कुराहरूलाई ध्यान दिनुपर्ने छ :

- आवधिक योजनाले निर्धारण गरेको लक्ष्य तथा उद्देश्य कुन हदसम्म प्राप्त भयो र निर्धारित उद्देश्य पूर्ति हुने अवस्था देखिन्छ देखिदैन ?
- निर्धारण गरिएका संख्यात्मक एवं गुणात्मक सूचक उपयुक्त छन् छैनन् ?
- आवधिक योजना कार्यान्वयनमा जनचासो जनसहभागिता र साझेदारीको अवस्था के कस्तो छ ?
- आवधिक योजनाले तय गरेका मुख्य मुख्य क्षेत्रहरूको प्रगति अवस्था कस्तो छ ?
- सम्पन्न योजनाहरूको उपयोग र दीगोपना के कस्तो छ ?
- सम्पन्न योजनाहरूको मर्मत सम्भार अवस्था के कस्तो छ ? यी र यस्ता अन्य कुराहरूको मूल्याङ्कन एवं अध्ययन गरी बाँकी योजनाहरू र आगामी योजनाहरूमा समेत समय सापेक्ष गरिनुपर्ने सुधारहरूको लागि सिफारिस गर्नेछ ।

### १०.४ अनुगमन मुल्याङ्कन खाका

ऋावधिक विकास योजना को प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरिनेछ । आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहायअनुसार रहेका छन् :

- नगरकार्यपालिका तथा विषयगत समिति

- सुपरीवेक्षण तथा अनुगमन समिति
- जिल्ला समन्वय समिति
- विषयगत शाखा उपशाखा, परियोजना, संघ संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि देहायअनुसार रहनेछन् ।

- स्थलगत अनुगमन ।
- कार्ययोजना (लक्ष्य) र प्रगति वीच तुलना ।
- नागरिक अनुगमन ।
- सहभागितामूलक मध्यावधि समीक्षा ।
- सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन) ।

आवधिक विकास योजनाको अनुमान तथा मूल्याङ्कन प्रक्रिया देहाय वमोजिम हुनेछ :

**आवधिक विकास योजनाको अनुमगन तथा मूल्याङ्कन प्रक्रिया**

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने? |
|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र बार्षिक | स्थलगत अनुगमन गर्ने, चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने |
| प्रतिफल अनुगमन | नगरकार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, बार्षिक र मध्यावधि | स्थलगत अनुगमन गर्ने, बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने, नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने |
| असर तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | बार्षिक, मध्यावधि र अन्तिम बर्ष | सहभागितामूलक छलफल गर्ने, नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, नमूना सर्वेक्षण गर्ने |
| प्रभाव तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम बर्ष | नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, सहभागितामूलक छलफल गर्ने, अध्ययन तथा सर्वेक्षण गर्ने |

## १ : विविध


आज मिति २०७७ साल फागुन २१ गते का दिन गण्डकी प्रदेश, स्याङ्जा जिल्ला, गल्याङ न.पा. वडा नं. ७ को आवधिक योजना निर्माण कार्यक्रम यसै वडाका वडा अध्यक्ष श्री राम बहादुर गुरुङ को अध्यक्षतामा निम्न उपस्थितिमा बसी निम्न प्रस्तावहरु संबन्धमा छलफल चलाई निम्न निर्णयहरु पारित गरियो।

उपस्थिति

राम बहादुर गुरुङ वडा अध्यक्ष
धनमाया विश्वकर्मा वडा सदस्य
हेम कुमारी सिंजाली -"-
तोलाकान्त अधिकारी -"-
चोलाकान्त भण्डारी -"-
दान बहादुर थापा वडा सचिव
कविलाल पाण्डे प्र.अ. श्री राष्ट्रिय मा.वि.
ज्ञान प्रसाद अधिकारी -"- श्री कालिका आ.वि.
दल बहादुर राना -"- श्री सरस्वती आ.वि.
इन्द्र बहादुर थापा -"- श्री विरेन्द्र आदर्श आ.वि.
विरेन्द्र गहतराई अध्यक्ष टोल विकास समिति
हर्क बहादुर राना -"- -"-
शेर बहादुर थापा -"- -"-
मन बहादुर थापा-२ -"- -"-
प्रेम कुमार श्रेष्ठ -"- -"-
राम बहादुर गुरुङ -"- -"-
प्रेम बहादुर थापा -"- -"-
रेशम राना -"- -"-
राजु राना -"- -"-
मन बहादुर थापा-१ -"- -"-
टिकाराम भण्डारी -"- -"-
हेम प्रसाद अर्याल -"- -"-
एकनाथ सुवेदी -"- -"-
बल बहादुर सार्की वि.व्य.स. अध्यक्ष ज्योति आ.वि.
युवराज अर्याल -"- महाकाली आ.वि.
लाल कुमारी दुवे अध्यक्ष एकल महिला
मनु पाठक
कमला रेश्मी
प्रेम न्यौपाने


गोर बहादुर सिंजाली अ.हे.व.
याम बहादुर गुरुङ
ज्ञान प्रसाद दुवे
धनमाया राना
टेक बहादुर गाहा
दिपेन्द्र गहतराई
ऋषिराम गहतराई
टेक बहादुर गुरुङ
याम बहादुर रखाल
राम बहादुर गाहा
भगवती अर्याल भगवती अर्याल
नारायण अधिकारी
नारायण खाप काेटा (छविलाल)
रूपनारायण खाप काेटा
राहुल वज्राचार्य प्रशिक्षक (स्ट्रेन्ड इन्जिनियरिङ कम्पनि)
कृति थापा " "
दान बहादुर थापा प्र.अ. महेन्द्र आदर्श आ.वि.
मनमाया राना

विभिन्न चरणका बैठक भेला









विभिन्न चरणका बैठक भेलाका झलकहरु

## २ : स्थलगत फोटोहरु





विभिन्न चरणका भेलाका फोटोहरु










